# सामुदायिक विकास मञ्च नेपाल

## सफलताका २० वर्ष

(२०५१–२०७०)




प्रकाशक

CDF NEPAL
Community Development Forum Nepal

सामुदायिक बिकास मञ्च नेपाल
COMMUNITY DEVELOPMENT FORUM (CDF) NEPAL
डोटी

www.cdfnepal.org.np

# संस्थाले सम्पन्न गरेका गतिविधिहरूको एक झलक



ग्रामीण पहुँच कार्यक्रम अर्न्तगत डौड तोलेनी सडकखण्ड



विश्व क्षयरोग दिवस २०६९



साथ साथ परियोजना अर्न्तगत समुदायमा तथा घरदैलोमा आधारित हेरचाहकर्ता संक्रमणमा परेका व्यक्तिको स्वास्थ्य परिक्षण गर्दै



कामको खोजीमा भारत गएका कामदारका पत्निका सदस्यहरुलाई एच.आई.भी.को संक्रमण तथा जोखिमको जानकारी दिँदै



एच.आई.भी. एड्स कार्यक्रम अर्न्तगत जिल्ला अस्पताल डोटी एआरटी कमिटि संगको बैठकमा



समुदायमा तरकारी खेती



ग्रामीण उर्जा विकास कार्यक्रम अर्न्तगत जेनेरेटर ढुवानीका लागी सामुदायिक परिचालन



जनचेतनामुलक सडक नाटक

**सल्लाहकार मण्डल**
भक्त बहादुर सिंह
तेज बहादुर डुमरेल
पार्वती शर्मा

**सम्पादक मण्डल**
पुष्प राज जोशी
गणेश प्रशाद जोशी
डिल बहादुर सिंह
चन्द्रा बोहरा

**प्रकाशक**
**सामुदायिक बिकास मञ्च(CDF)नेपाल**
सम्पर्क ठेगाना :
दिपायल सिलगढी नगरपालीका-१,
मल्लो बजार, सिलगढी, डोटी
फोन: ९७७-९४-४२०३६३/४२०५८७
ईमेल:Info@cdfnepal.org.np
वेभसाईट:www.cdfnepal.org.np

**ले-आउट/कभर डिजाईन**
डिजाईन बैंक
बागबजार, काठमाडौं

**मुद्रण**
डिजाईन बैंक
बागबजार, काठमाडौं

विषयसूची पेज

अध्यक्षको मन्तव्य.................................................. क
From the Desk of Secretary.............................. ख
संस्थाको छोटो चिनारी............................................. ग
केन्द्रिय कार्यसमिति................................................ ङ
डोटी जिल्लामा एच. आई. भी. एड्स........................... १
कार्यक्रमको सान्दर्भिकता र प्रभावहरु
समुदाय तथा घरमा आधारित हेरचाह........................ ४
कार्यक्रमको प्रभावकारिता
सामाजिक तथा आर्थिक विकासमा ग्रामीण................ ६
पहुँच कार्यक्रम कार्यान्वयन : एक अनुभव
एच.आई.भी. रोकथाम तथा हेरचाह र सहयोग........... १२
कार्यक्रम संक्रमितहरुका लागि बरदान साबित
समाजशास्त्र र ज्योतिषशास्त्रको सम्बन्ध................. १४
My Few Words............................................ १६
संस्थाको ईतिहासमा घटेको एउटा............................ १७
दुखद घटना
सफलताको कथाहरु...........................................१९-३२
वार्षिक प्रगति प्रतिवेदन............................................ ३३
लेखा परिक्षण प्रतिवेदन............................................ ४७
CDF Nepal's Profile -2013.......................................... ४८
पत्रपत्रिकामा प्रकाशित समाचारहरु.......................... ६१
संस्था दर्ता प्रमाणपत्रहरु......................................... ६२

# अध्यक्षको मन्तब्य

डोटी जिल्लाको दुर्गम स्थान डौड गा.बि.स.मा आजभन्दा बिसवर्ष पहिले त्यस क्षेत्रमा परिवर्तनशिल उद्देश्य लिएका युवाहरूको पहलमा स्थापना भई नेपाल अधिराज्यका बिभिन्न क्षेत्रमा दर्जनौ परियोजना एवं अभियानहरू संचालन गरिरहेको यस सामुदायिक बिकास मञ्चको स्थापनाको बिसवर्ष पुराभएको शुभ अवसरमा यो पुस्तिका प्रकाशन गर्न पाउदा अत्यन्त हर्षित भएको छु।

यस संस्थाका संस्थापक सदस्यहरूको पहलमा यस संस्थाको स्थापनाका लागि प्रारम्भीक छलफल गरि स्थानिय डौड गा.बि.स.मा आम भेला गराई २०५१ भाद्र ५ गतेका दिन स्थापना भएको यो संस्थाले बिसवर्ष पारगरि सक्दा समेत हिजो अस्ति जस्तो लाग्छ, काममा सक्रियतापुर्वक अघी वढ्दै जादा समय गएको थाहै नहुदो रहेछ । यस संस्थाले बिस वर्षे कालखण्डमा असंख्य आरोह अवरोहहरू पार गरेका छन् ती सम्पुर्ण आरोह अवरोहको यस संस्थाको ईतिहासले उचीत मुल्याङ्कन गर्नेछ ।

निरन्तर रूपमा सक्रियतापुर्वक संस्था अघी बढ्नका लागि समुदायका सम्पुर्ण तह र तप्काको सहयोग बिना यो अवस्थामा पुग्न सम्भव थिएन तसर्थ यस संस्थाको स्थापना एवं हालसम्म प्रगतीपथमा अग्रसरताका लागि सहयोग गर्ने सम्पुर्ण संस्थापक सदस्यहरू, पदाधिकारीहरू, संस्थाका सदस्यहरू, कर्मचारी एवं स्वयंसेवकहरू, सरकारी एवं गैरसरकारी निकाय एवं संघसंस्थाहरू, स्वदेशी एवं बिदेशी संघ संस्था एवं ब्यक्तिहरू एवं आम जनसमुदायहरू प्रति कृतज्ञता ज्ञापन गर्न चहान्छु ।

सामुदायिक बिकास मञ्चले बिगत २० वर्षको अवधीमा नेपालको दुर्गम, पछाडी पारिएको समुदाय एवं द्धन्दग्रस्त परिवेशमा समेत कार्यगरेको अनुभव, प्राबिधीक क्षमता, एवम् सहकार्यमार्फत सकारात्मक सोच, योजना कार्यान्वयन एवम् उपलब्धीहरू नै नेपाली समुदायको सम्पत्तिका रूपमा रहेको छ । तसर्थ यस संस्थाको ब्यवसायिक क्षमतालाई अझै अभिबृद्धी गर्नुका साथै समिक्षा एवं बिश्लेषण कार्य, सहकर्मीहरू वाट पृष्ठपोषणका साथै विभिन्न साझेदार संस्थाहरूको मुल्यवान सुझावका आधारमा अगाडी बढ्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

संस्थाको यस बिस वर्षे अवधीमा म लगायत सम्पुर्ण सामुदायिक बिकास मञ्च परिवारलाई सदैव सल्लाह सुझाव एवं सहयोग गरि हौसला प्रदान गर्नुहुने नेपालको सामाजिक आन्दोलनको अग्रणी ब्यक्तित्व एवं टेवा र नागरिक आवाजको संस्थापिका रीता थापा, सेड्पा नेपालका पुर्व कन्ट्री डाईरेक्टर डा.छत्र अमात्य, ग्रामिण पहुँच कार्यक्रमका सामाजिक बिकास बिशेषज्ञ शंकर पोखरेल र सहायक कार्यक्रम ब्यवस्थापक अर्जुन पौडेल, सेभ द चिल्ड्रेन एकिकृत एच.आई.भी. एड्स (ग्लोवल फण्ड) चिप अफ पार्टी तारा क्षेत्री, एफ. एच. आई. का कन्ट्री डाईरेक्टर सतिशराज पाण्डे र पुर्व क्षेत्रीय संयोजक प्रकाश पाण्डे, पि.एस.आई. नेपालका नेपालगञ्ज सेक्टर म्यानेजर नवराज जोशी र कार्यक्रम अधिकृत सुजन सिंह, यु.एन.डि.पी. शान्ति र बिकास कार्यक्रमका पुर्व राष्ट्रिय कार्यक्रम ब्यवस्थापक ठाकुर ढकाल र सञ्चार अधिकृत प्रकाशमान श्रेष्ठ, सर्च फर कमन ग्राउण्डका निर्देशक राजेन्द्र मुल्मी, प्राक्टिकल एक्सनका कृषि, खाद्य सुरक्षा र बजार कार्यक्रमका प्रमुख सुजन पिया, युनिसेफका पोषण अधिकृत नविन पौडेल, ग्रामिण उर्जा बिकास कार्यक्रमका कार्यक्रम अधिकृत नरेन्द्र के.सी., एसियन पिस एकेडेमीका शरदचन्द्र न्यौपाने र नागरिक आवाजका अध्यक्ष शोभा बस्नेत एवं प्रमुख कार्यकारी अधिकृत सुशन रिसाल लगायतलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै हाल सम्म यस संस्थालाई सहयोग प्रदान गर्नुहुने सम्पुर्ण ब्यक्ति एवं संघ संस्थाहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

सामुदायिक बिकास मञ्च नेपालको संस्थागत क्षमता अभिबृद्धी एवं संस्थाको श्रोत साधन अभिबृद्धि गराई सामुदायिक बिकासका लागि हातेमालो गरिदिन हुन सम्पुर्ण सरकारी एवं गैर सरकारी निकायहरू, विभिन्न स्वदेशी एवं बिदेशी दातृ निकाय एवं ब्यक्तिहरू लगायत आम जनसमुदायमा हार्दिक अपिल गदर्छौं ।

**भक्त वहादुर सिंह, २०७०, कार्तिक**

# FROM THE DESK OF SECRETARY

It gives us immense pleasure to carry out this publication entitled **"Safalta Ka Bis Barsha"** having a purpose to make this publication an identity of the organization. This two-decade long establishment period of organization becomes profound identification itself. CDF- Nepal is not only known as a leading NGO in Doti district but also one renowned community based service provider organization in the country. All-round development of the country and its inhabitants could not be possible only from governmental agencies. Keeping this fact in the mind, non-governmental organizations are realized to develop promoting the quality of grass-root level population. Similarly, CDF-Nepal always tries to add one more brick in the development of the nation in terms of collaboration and agreement with different donor agencies as a complementary organization for the country.

CDF-Nepal is our both pride and glory in the sense that to be the member of this family CDF-Nepal and feel glory as the grass-root level population getting needed services and benefitted under the leadership of this organization respectively. The family of CDF-Nepal always indebts to them who founded/gave birth to this organization. We are also greatly thankful to the general and creative members of the organization who are contributing directly and indirectly to lead the organization ahead. There are no words to express our thankfulness to us by our generous contributors, donor agencies, well-wishers of different organizations as well as all CDF staff. Finally, our thanks also goes to design Bank, Kathmandu for press work and cover designing

Any comments and suggestions will be highly appreciated.

Thanking you all.

# संस्थाको छोटो चिनारी

यस संस्थाका संस्थापक अध्यक्ष भक्त वहादुर सिंहको बिशेष पहलमा सचिव यदुराज शर्मा,उपाध्यक्ष चेतराज उपाध्याय र सदस्य हेमराज शर्मा, रबिन्द्र प्रशाद जोशी लगायत १४ जना ब्यक्तिहरूको बिशेष सक्रियतामा यस संस्थाको स्थापना का लागि विभिन्न चरणमा छलफल गरि स्थानिय डौड गा.बि.स.मा आम भेला गराई २०५१ भाद्र ५ गतेका दिन स्थापना भएको हो ।

यो संस्था स्थापना हुदाका अवस्थामा स्थानिय समुदायलाई संस्था के हो किन स्थापना भयो र यस्ले के गर्दछ भन्ने खासै थाहा थिएन तैपनि तत्कालिन अवस्थामा समुदायमा ब्याप्त बिभिन्न बिकृतीहरू जस्तै जुवातास, मादक पदार्थको अनियन्त्रीत एवं खुलारूपमा सेवन ओसारपसार, जथाभावी फोहोर गर्ने, छोरीलाई बिध्यालय नपठाउने र दैबिप्रकोप आपतकालिन उद्धार को कुनै संयन्त्र नहुदा स्थानिय समुदायलाई नै यी सवालहरूमा सुसुचित गराई समुदाय परिचालको माध्यमवाट जनचेतना फैलाई समुदायलाई प्रगतीपथमा अग्रसर गराउनका लागि संगठीतरूपमा अधीवढ्नका लागि संस्थाको आवश्यकता महशुस गर्दा सहमती जनाई समय र परिवेश अनुरूप यस संस्थाको क्षमता, कार्यक्षेत्र बिस्तार गर्दै जाने लक्षका साथ स्थापना भएको हो ।

स्थापना गर्दाका वखत यस संस्थाका पदाधिकारी एवं शुभ चिन्तकहरूलाई कुनै पनि स्वदेशी वा बिदेशी सहयोगको अपेक्षा गरेको थिएन । संस्थाको लागि आवश्यक आर्थीक श्रोतका लागि केवल स्वयंसेवी अवधारणामा कार्यगर्ने र संस्थाले नै बिभिन्न सांस्कृतिक कार्यक्रमहरू संचालन एवं स्थानिय चाडपर्व देउसी भैलो जस्ता मेलाहरूमा बिभिन्न कार्यहरू गरि केही रकम संकलन गरि दलित एवं बिपन्न वर्गलाई छात्रबृती प्रदान एवं स्थानिय वाढी पिडितहरूलाई आर्थीक सहयोग एवं उद्धारमा सहयोग गरियो ।

स्थापना भएको वर्ष नै स्थानिय डौड गा.बि.स.का अध्यक्ष तेज वहादुर सिंहको बिशेष पहलमा डौड गा.बि.स.वाट यस संस्थालाई ब्यवस्थापन कार्य गर्नका लागि रू दश हजार दिने निर्णय गरियो र यसै रकम वाट कार्यसमिती पदाधिकारी एवं अन्य शुभ चिन्तकहरूले स्वयंसेवी रूपमा कार्यगरि डौड गा.बि.स.वडा नं ६ मा यस संस्थाका लागि प्रधान कार्यालय भवनको निर्माण गरियो । स्थापनाको एक वर्ष पछि अर्थात २०५२ सालमा यस संस्थाको प्याक्ट नेपाल नामक संस्थासंग अनौपचारीक शिक्षा अन्तर्गत तोलेनी गा.बि.स.मा चेलीवेटी कक्षा संचालन का लागि सम्झौता गरियो यो नै सामुदायिक बिकास मञ्चलाई प्राप्त पहिलो परियोजना हो । २०५५ सालमा लुथ्रन बिश्व फेडरेशनको सहयोगमा दलित एवं उपेक्षित महिलाहरूका लागि शसक्तिकरण परियोजना संचालन गरियो । ३ वर्ष सम्म संचालित यो परियाजनाले संस्थागत बिकासका साथै समुदायमा धेरै उपलब्धिहरू हासिल गर्न सफल भयो ।

देशमा संकटकालको सुरूवात संगै २०५८ सालदेखि तत्कालिन जि.टी.जेड.एकिकृत खाध्य सुरक्षा कार्यक्रम अन्तरगत डोटी जिल्लाको उत्तरी भेकका १० गा.वि.स र १ न.पा.मा सामाजिक परिचालनको कार्यमा संलग्न हुने अवसर पाईयो । यो परियोजनामा लगातार १३ वर्ष जि.टी. जेड र ग्रामिण पहुँच कार्यक्रमसंग सामाजिक परिचालनको कार्यमा संलग्न भई ६६कि.मि. सडक निर्माण,बचत तथा ऋण समुह गठन परिचालन र सहकारीमा आवद्ध, तरकारी खेती बाख्रापालन, महिला एवं वाल साक्षरता कक्षा संचालनका साथै बिभिन्न तालिमहरू समेत सञ्चालन गरिए । संस्थाको हाल सम्मको ईतिहासमा यो

अत्यन्त सफल एवं प्रभावकारी परियोजनाका रूपमा रहेको छ । यसरी सामाजिक परिचालनको लागि दक्ष संस्थाको रूपमा स्थापित हुन पुग्यो ।

यसै गरि तत्कालिन सेभ द चिल्ड्रेन यु.के.को साझेदारीमा स्वयं सेवकहरू परिचालनगरि एच. आई. भी. एड्स का क्षेत्रमा रोकथामका लागि जनचेतना फैलाउनका लागि सोभा कार्यक्रम संचालन गर्ने अवसर प्राप्त भयो जस्का कारण यो संस्थाले एच.आई.भी. एड्स का क्षेत्रमा कार्य गर्ने अनुभव प्राप्त गर्नुका साथै कुनै न कुनै रूपमा स्वयं सेवक भई कार्य गरेका ब्यक्तिहरू नै हाल डोटी जिल्लाको स्थानिय स्तरमा तयार भई परिचालन भईरहेका छन् । पछि गएर हामीले एफ.एच.आई. सेभ द चिल्ड्रेन र सडक बिभागसंग सहकार्य गरि हालसम्म मध्य र सुदूर पश्चिमका बिभिन्न जिल्लाहरूमा एच.आई.भी. एड्स रोकथाम, उपचार र सहयोगमा संलग्न भईरहेका छौं।

यसै गरी १० जुलाई २००४ देखि डिसेम्वर २०१२ सम्मका लागि यु.एन.डि.पी. ग्रामिण उर्जा बिकास कार्यक्रमको आर्थीक एवं प्राबिधिक सहयोग अन्तरगत जिल्ला बिकास समिती डोटीको सहयोगी संस्थाका रूपमा रही ग्रामिण उर्जा बिकास कार्यक्रम संचालन गरि डोटी जिल्लाका डौड, तोलेनी, गडसेरा, सातफरी, मान्नाकापडी, निरौली र धिर्कामाण्डौंमा २४९७ घरधुरीका लागि १९३ किलोवाट लघुजलबिधुत उत्पादन गरियो । यस परियोजना अन्तरगत समुदाय परिचालनको माध्यमद्धारा लघुजलबिधुतको उत्पादन का अलावा चर्पी निर्माण, सुधारीएको चुलो निर्माण, वचत समुहहरूको गठन गरि सहकारी संस्था गठन, वातावरणको संरक्षणका लागि बृक्षारोपण, बिभिन्न आयमुलक क्रियाकलापहरूमा समेत समुदायमा संचालन गरिए ।

देशमा बढ्दै गईरहेको सशस्त्र द्धन्दको कारण आम समुदायमा मानव अधिकारको प्रत्याभुती एवं शान्ति स्थापनाकालागि नागरीक समाजको तर्फवाट नै पहलगर्नका लागि नागरिक आवाज र यु.एन.डि.पी. शान्ति र बिकास कार्यक्रम अन्तर्गत कार्यको थालनी भयो । यस कार्यक्रम अन्तरगत समुदायमा शान्ति र बिकासका लागि नाटक प्रदर्शन, द्धन्द व्यवस्थापन तालिम, बिस्थापित युवा स्वयं सेवकहरूका लागि राहत एवं क्षमता अभिबृद्धी कार्यक्रम, लगायत देहका बिभिन्न क्षेत्रमा रहेका नागरिक समाजका संस्थाहरू बिच सहकार्य सञ्जालको बिस्तार गर्ने कार्य गरियो ।

यसका अतिरिक्त शिक्षा स्वास्थ्य र शुसासनका क्षेत्रमा समेत हामीले कार्यगरि समुदायमा थुप्रै उपलब्धीहरू हासिल गर्नुका साथै स्थानिय जनता जनार्दन उच्च मा.वि. लाई छात्रवास निर्माणका लागि रू. १ लाख समेत प्रदान गरियो ।

यसरी बिस वर्ष पहिले डोटी जिल्लाको दुर्गम स्थानमा स्थापना भएको यो संस्था हाल आएर नेपाल अधिराज्यका बिभिन्न जिल्लाहरू र केन्द्रिय स्तरका निती नियम निर्देशिका एवं योजना निर्माणमा सहयोगी हुनुका साथै बिभिन्न अध्ययन अनुसन्धानका कार्यहरू समेत गरि रहेको छ । हाल यस संस्थाको डोटी जिल्लाको डौड गा.वि.स.मा प्रधान कार्यालय, सिलगढी स्थित मुख्य परियोजना कार्यालय, विभिन्न जिल्ला स्थित परियोजना कार्यालयका अतिरिक्त काठमाण्डौंमा समेत सम्पर्क कार्यालय रहेको छ । संस्थामा पर्याप्त मात्रामा भौतिक सामाग्री हरूका साथै अनुभवी एवं दक्ष जनशक्तीहरू का कारण संस्था निरन्तर प्रगतीपथमा अग्रसर भईरहेको छ ।

यसका अतिरिक्त डोटी जिल्लाको सदरमुकाममा बिभिन्न कारणले पिडित एवं एच.आई.भी. संक्रमितहरू का लागि सामुदायिक स्याहार एवं आपतकालिन सहयोग परामर्श र हेरचार केन्द्र निर्माणका लागि जग्गा खरिदगरि भवन निर्माणको कार्य अघी वढाईएको छ ।

विभिन्न प्रकारका मानवअधिकार उल्लंघनका शिकार, एच.आई.भी. संक्रमित लगायत आर्थिक विपन्न व्यक्तिहरूलाई सेवा गर्ने उद्देश्यले स्थापित हुने यस सामुदायिक भवनका लागि भौतिक, आर्थिक सहयोग गरिदिनुहुनका अनुरोध गर्दछौं ।

# सामुदायिक विकास मञ्च नेपाल

## केन्द्रिय कार्यसमिति



**भक्त बहादुर सिंह**
अध्यक्ष



**तेज बहादुर डुम्रेल**
उपाध्यक्ष



**पुष्पराज जोशी**
सचिव



**पार्वती शर्मा**
कोषाध्यक्ष



**सिद्धराज जोशी**
सह-सचिव



**केशवराज उपाध्याय**
सदस्य



**सिता विक**
सदस्य



**चन्द्रा बोहरा**
सदस्य



**एलिशा बोहरा**
सदस्य



**चेतराज उपाध्याय**
सल्लाहकार
समिति संयोजक



**हर्कबहादुर सिंह**
भवन निर्माण
समिति संयोजक



**रविन्द्र प्रसाद जोशी**
पदपूर्ति
समिति संयोजक



**खगेन्द्र राज शर्मा**
लेखा व्यवस्थापन
समिति संयोजक

# डोटी जिल्लामा एच. आई. भी. एड्स कार्यक्रमको सान्दर्भिकता र प्रभावहरू



*गणेश प्रसाद जोशी*
*कार्यक्रम संयोजक*
*एच.आई.भी.एड्स (ग्लोबल फण्ड)*
*एस.एस.एफ.कार्यक्रम*

डोटी जिल्ला सुदुर पश्चिमको एक विकट पहाडी जिल्ला जहां अनेकौ समस्याहरू विद्यमान छन । यस जिल्लाको विकासको अबस्था बिश्लेषण गर्ने हो भने अनेकौ समस्याले जरा गाडेको छ । परम्परागत सोच र ब्यबहार तथा आबश्यक रोजगारीको अभावले यहांका युवाहरू कामको खोजीमा बाहिर जाने गरेका छन । उसो त कामको लागि भारतीय शहरका चिसा गल्लीहरूमा नारकीय जीवन ब्यतित गर्नु कुनै रहर होइन यो त केवल जवरजस्त बाध्यता मात्र हो । आफनो देशमा कामको अभाव र प्रबिधिहीन कृषि कार्यले यस क्षेत्रका स्थानीय बासिन्दाहरूलाई हातमुख जोर्न पनि धौ धौ परि रहेको छ । असाक्षर या साक्षर, युवा हुन या बृद्ध धेरै जसो ब्यक्तिहरूलाई जीवन सञ्चालनको लागि सजिलो माध्यम बनेको छ भारत ।

ऊर्जाशील युवाहरू पढाई अधुरो छोडेर कामको खोजीमा भारत गइरहेका छन । भारतका शहर पुगेका विबाहित तथा अबिबाहित युवाहरू विभिन्न जोखिमपुर्ण ब्यबहारमा फस्तै जान्छन र यस क्रममै उनिहरूको त्यहाको यौनकर्मीहरू संग सम्पर्क हुन पुग्दछ । यसरी हाम्रा दाजूभाई जान अन्जानमै असुरक्षित यौन ब्यबहारका कारण एच.आई.भीको संक्रमणमा पर्न थाल्दछन । यसरी यताबाट भारतमा काम गर्न गएका प्रवासी कामदारहरू एच.आई.भी को सन्दर्भमा अत्यन्त जोखिममा रहेका छन ।

प्रथमत : प्रवासीहरूमा एच.आई भी सम्बन्धी आबश्यक जानकारी को अभाव हो यद्यपी जानकारी भए पनि आफनो ब्याबहार परिवर्तन गर्न नसक्नु अर्को समस्या हो । खास गरि मादक पदार्थ सेवन गरि यौन ब्यबसायीहरू संग यौन सम्बन्ध असुरक्षित तरिकाले राख्नु र एच.आई.भी. को संक्रमण पछि घर फर्केर आफनो यौन साथीलाइ एच.आई.भी सारी रहेका छन कैयौ प्रवासी कामदारहरू । यो संख्या ठुलौ नै छ ।

एच.आई .भी संक्रमण भइ सके पछि संक्रमीतहरूले नया खालको जीवनको शुरूवात गर्नु परि रहेको छ । एच.आई.भी को अवस्थालाई सहजै स्वीकार गर्नलाई ठुलो साहस एवं जीवन प्रति सकारात्मक सोच हुन जरूरी छ । यसरी युवा युवतीहरूले एच.आइ.भी को अवस्था स्वीकार गरेर एउटा साहषिक र चुनौतिपुर्ण जीवनको यात्रा थाली रहेका छन । यस साहषिक वाटोमा यात्रा गर्न भने जस्तो सजिलो भने किमार्थ छैन ।

डोटी जिल्लामा देखिएको यस प्रकारको अवस्थालाई सम्बोधन गर्न सामुदायिक विकास मञ्च नेपाल डोटीले सेभ द चिल्ड्रेनको सहयोगमा एच.आई.भी र एडस कार्यक्रमलाई विस्तृत रूपमा सञ्चालन गरिरहेको छ । एच.आई.भी/एडस ग्लोवल फण्ड कार्यक्रम डोटी जिल्लाका विभिन्न ४३ गाविस तथा १ नगरपालिकामा सञ्चालन भइरहेको छ ।

यस कार्यक्रमको सञ्चालन फेब्रुअरी १, २००९ देखि भएको हो । यस कार्यक्रमको मुल उदेश्य निम्न वमोजिम रहेका छन ।

- अति जोखिममा रहेका समूदायलाई सुरक्षित ब्यवहार अपनाउन प्रोत्साहित गर्ने ।
- गुणस्तरिय HIV जाँच, परामर्श तथा यौनरोगको उपचारको लागि लक्षित समुदायको पहुच पुर्‍याउन सेवाको विस्तार गर्ने ।
- संक्रमितहरूका लागि गुणस्तरिय हेरचाह र सहयोग तथा उपचार सेवा प्रदान गर्नका लागि स्वास्थ्य सेवाको क्षमता अभिबृद्धि गर्दै लैजाने
- HIV र एड्स संक्रमितहरूको गुणस्तरिय हेरचाह र सहयोगमा पहुच बृद्धि गर्ने ।

उपरोक्त उदेश्यहरू प्राप्तीका लागि सामुदायिक विकास मञ्च नेपाल डोटीले डोटी जिल्लाका विभिन्न ४३ गाविस तथा एक नगरपालिकामा कार्यक्रम

अन्तरगतका विविध क्रियाकलाप सञ्चालन गरि रहेको छ । मुख्य गरि तपसील वमोजिमको क्रियाकलापहरू यस कार्यालय बाट सञ्चालित छन ।

- ब्यवहार परिवर्तनसंग सम्बन्धित कार्यक्रम
- स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार
- एच.आई.भी संक्रमीतहरूको उपचार, हेरचाह र सहयोग कार्यक्रम ।

**ब्यबहार परिवर्तन संग सम्बन्धित कार्यक्रम** : यस क्रियाकलाप अन्तरगत प्रवासी कामदारहरूको ब्यबहार परिवर्तन संग सम्बन्धित कार्यक्रमहरू सञ्चालन भइरहेका छन । खास गरि कामको खोजीमा भारतमा काम गर्ने प्रवासी कामदारहरू तथा उनीहरूका परिवारहरू संग उनिहरूको घरदैलोमा भेट गरि एच.आई.भी, एडस, स्वेच्छिक रक्त परिक्षण, यौनरोग, कण्डम आदीबारे शिक्षा प्रदान गर्नु का साथै एच.आई.भी संग सम्बन्धित जोखिमपुर्ण ब्यबहार कसरी परिवर्तन गर्ने भन्नेबारे छलफल गर्ने गरिन्छ । सो कार्यका लागि यस संस्थाले ९३ जना साथी शिक्षक र ८ जना आउटरिच एजुकेटर परिचालन गरिरहृको छ । तालिम प्राप्त साथी शिक्षकहरू तथा आउटरिच एजुकेटर प्रवासी कामदार तथा उनिहरूका परिवारलाई भेटन परिचालित छन । हाल सम्म यस प्रकारले विगत ५ वर्ष देखि भ्रण्डै २५ हजार भन्दा बढी प्रवासी तथा उनीहरूका परिवार ले एच.आई.भी बारे शिक्षा प्राप्त गरी सकेका छन ।

यसै गरि यस कार्यमा सहयोग पुरयाउनका लागि स्थानीय सरोकारवाला निकायहरू, स्थानीय उपभोक्ताहरू, शिक्षक, प्रवासी तथा उनिहरूका परिवारहरूलाई समुदाय स्तरमै आउटरिच एजुकेटर मार्फत अभिमुखिकरण कार्यक्रमहरू तथा तालिम सञ्चालन भइरहेका छन ।

यसै गरि प्रवासी कामदारहरू भारत जानु पुर्व र जादा खेरी ट्रान्जीट प्वाइन्टहरूमा उनीहरूलाई अभिमुखीकरण गराई प्रवासीहरूलाई सेफ ट्राभल किट (सुरक्षित यात्रा सामग्री) वितरण गरिन्छ । यसै गरि प्रवासी कामदारहरूको ट्रान्जीट प्वाइन्टमा एकीकृत स्वास्थ्य केन्द्र सञ्चलन भइरहेको छ । उक्त केन्द्रले एच.आई.भी र एडस संग सम्बन्धित जानकारी एवं शिक्षा प्रदान गर्ने, एच.आई.भी र एडस संग सम्बन्धित भिडियोहरू प्रदर्शन गर्ने तथा सामान्य प्राथमिक उपचार एवं एच.आई.भी. संग सम्बन्धित सूचना सामग्रीहरू वितरण गरिन्छ ।

उक्त प्रकारको क्रियालापबाट कार्यक्रमले लक्षित गरेको प्रवासी तथा उनिहरूको परिवारमा एच.आई.भी र एडस र सो संग सम्बन्धित सुरक्षित ब्यबहार अपनाउनका लागि ज्ञानको अभिबद्धि तथा धारणामा परिवर्तन गर्न मद्धत पुगेको छ । यस प्रकारको क्रियाकलापबाट नया संक्रमणमा कमी ल्याएको छ ।

**स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार :** यस संस्थाले यौनरोगको निशुल्क उपचार तथा स्वेच्छिक रक्त परिक्षणका लागि डोटी जिल्लाको तपसील स्थानहरूमा कार्यालय सञ्चालन गरिरहेको छ ।

क) स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार केन्द्र दिपायल डोटी

ख) स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार केन्द्र, बुडर, छतिवन डोटी

यस संस्थाले दुइवटै केन्द्रबाट स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार सेवा प्रदान गरि रहेको छ । नेपाल सरकार **राष्ट्रिय एडस तथा यौनरोग नियन्त्रण केन्द्रबाट जारी भएको** स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार सम्बन्धि निर्देशिकाको अधिनमा रही संस्थाले क्रियापलाप सञ्चालन गरिरहेको छ । यस प्रकारको सेवा संस्थाले कार्यालयबाट र आबश्यकता अनुसार समुदायमै गएर मोबाइल क्याम्प सञ्चालन गरी आफनो सेवा प्रदान गर्दै आइरहेको छ। यस संस्थाबाट हाल सम्म भ्रण्डै ४० हजार ले एच.आई .भी परिक्षण गराई सकेका छन्।

**एच.आई.भी संक्रमीतहरूको उपचार, हेरचाह र सहयोग कार्यक्रम:** यसै गरी एच.आई.भी संक्रमीत को उपचार, स्याहार तथा सहयोगका लागि पनि यस कार्यक्रमले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ । एच.आई.भी संक्रमीत हरू उपचारको सिलसिलामा तथा ए.आर भी औषधी को शूरूमा सेवन गर्दा खेरि संस्थाले सञ्चालन गरेको सामुदायिक उपचार, हेरचाह तथा स्याहार केन्द्रले आवास तथा खाना र आबश्यक हेरचाह, सामान्य परामर्शको सेवा प्रदान गर्दै आइरहेको छ ।

यस केन्दका कर्मचारीहरूले संक्रमीतहरूलाई नियमीत ए.आर.भी तथा अन्य आबश्यक औषधीको सेवन र पोषण युक्त खानेकुरा लगायतकाका विषयमा त्यता बसुञ्जेल परामर्श र सल्लाह प्रदान गरिरहेका

हुन्छन । यो कार्यालय डोटी जिल्ला अस्पताल नजिकै रहेको छ ।

यसै गरि एच.आई.भी संक्रमीतहरूको लागि घर तथा समुदायमा आधारित हेरचाह कार्यक्रम पनि सञ्चालन गरि रहेको छ । यस कार्यक्रमले संक्रमीतलाई मनो सामाजिक परामर्श प्रदान गर्नुका साथै अन्य उपचार संग सम्बन्धित सेवा हरू सञ्चालन गरि रहेको छ । यसकार्य लागि यस संस्थाले डोटी र डडेल्धुरा जिल्लामा चार वटा टिम परिचालन गरेको छ । सो टिममा एक जना मनो परामर्शदाता, एक जना स्वास्थ्य स्याहार कर्ता र एक जना संक्रमीत रहेका हुन्छन । हाल सम्म यस कार्यक्रमले ३८० जना संक्रमीतको घरमै गएर यस्तो सेवा प्रबाह गरि रहेका छन । र यसै गरि ३० जना एच.आई.भी संक्रमीतहरू डडेल्धुरा जिल्लाबाट यो सेवा लिई रहेका छन ।

यस किसिमको क्रियाकलापबाट डोटी जिल्लामा एच.आई.भी संक्रमणमा परि जीवन ब्यतित गरि रहेका धेरै जनालाई सहज तथा सम्मानित जीवन यापनका लागि उनीहरूले गरिरहेको चुनौती पुर्ण संघर्षमा केही राहत मिलेको छ । समुदाय तथा परिवारबाट हुने विभिन्न लाञ्छाना तथा भेदभावहरू कमी भएको छ भने सामाजिक रूपमा उनिहरूको पुस्थापना भएको छ। यद्यपी उनिहरूले भोग्नु गरेका केही आर्थिक समस्या अझै जिवित छन ।

यस कार्यक्रमलाई संस्थाको परियोजना कार्यालयबाट सञ्चालन तथा अनुगमन भइरहेको छ भने तपसील बमोजिमका सेवा केन्द्रहरू निम्न स्थानहरूमा सञ्चालित छन ।

१)सामुदायिक हेरचाह तथा उपचार केन्द्र , सिलगढी डोटी

२) एकिकृत स्वास्थ्य केन्द्र, दिपायल वसपार्क डोटी

३) स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार केन्द्र दिपायल डोटी

४) स्वेच्छिक रक्त परिक्षण तथा यौन रोगको उपचार केन्द्र, बुडर, छतिवन डोटी

**<u>समग्रमा यस कार्यक्रमले पारेका गुणात्मक प्रभावहरू :</u>**

- ✓जिल्लाका ग्रामीण भेकबाट पनि मानिसहरू रगत जाच तथा यौनरोगको उपचारका लागि आउने गरेका छन जसले रक्त परिक्षण मार्फत आफनो अवस्था थाहा पाउने र एच.आई.भी तथा अन्य यौन संक्रमण देखा परेमा उपचारका लागि स्वास्थ्य संस्थामा समयमै पुगेर औषधीहरूको प्रयोग गर्नु ।
- ✓ एच.आई.भी. परिक्षण तथा यौनरोगको उपचारका लागि पुरूषहरूको संख्यामा बृद्धि हुनु जसले गर्दा महिला र पुरुष लगभग बराबरको अवस्थामा संक्रमित देखिनु । शुरू शरूमा पुरूषहरूले एच.आई.भी परिक्षण गर्न नमान्ने तथा आफुलाई एच.आई.भी भइसकेको भए पनि लुकाउने गरेको र हाल आएर यस किसिमको प्रवृत्तिमा कमी भइ महिला तथा पुरूष सवै एच.आई.भी परिक्षणमा आउने गरेका छन ।
- ✓ समुदायस्तरका आमा समूह, उपभोक्ता समिति तथा अन्य समूदायका अगुवाहरूको सहयोगमा बृद्धि भएको जसले गर्दा घुम्ती शिविर संचालन गर्दा अधिकांश मानिसहरू एच.आई.भी जाँच तथा यौनरोगको उपचार गर्न आउने गरेका छन ।
- ✓ संक्रमित हरूको स्वास्थ्यमा सुधारका आउनुका साथै ART मा निरन्तरता । सामुदायिक हेरचाह तथा स्याहार केन्द्र र सि.एच.वि.सि टिमको निरन्तर फलोअपको परिणाम स्वरूप एच.आई.भी संक्रमीतहरूको स्वास्थ्य अवस्थामा सुचार भएको। उनिहरूको सिडिफोर बढिरहेको छ ।
- ✓ प्रवासी कामदार तथा उनिहरूका परिवारहरूले साथी शिक्षकहरूबाट एच.आई.भी र एडस सम्बन्धी जानकारी प्राप्त गरि आफनो ब्यबहारलाई जोखिममुक्त अथवा सुरक्षित ब्यबहारको लागि सतर्कता अपनाउन थालेका छन ।
- ✓ प्रवासी कामदारका परिवारहरूले प्रवासीहरूलाई भारतमा पत्राचार तथा फोन सम्पर्क मार्फत पनि समय समयमा सुरक्षित ब्यबहार अपनाउन तथा जोखिम पुर्ण ब्यबहार प्रति सचेत गराउने गरेका छन ।
- ✓ भारतबाट घर फर्कदा खेरी प्रवासी कामदारहरू ले एच.आई.भी परिक्षण गराएर घर फर्कने क्रम बढेको छ । उनिहरू स्वत स्फुर्त रूपमा भिसिति केन्द्रमा गई रक्त परिक्षण गराउने गरेका छन ।
- ✓ भारतमा काम गर्ने प्रवासी कामदारहरूले यस संस्थाबाट प्रदान गरिने आइसी सामग्री तथा अन्य अभिमुखिकरणबाट एच.आई.भी सम्बन्धी जानकारी हासिल गरि आफनो ब्यबहार पविर्तन गरिरहेका छन ।

# समुदाय तथा घरमा आधारित हेरचाह कार्यक्रमको प्रभावकारिता



डिलबहादुर सिंह
परियोजना संयोजक
बिस्तारित समुदाय तथा
घरदैलोमा आधारित हेरचाह कार्यक्रम

रोजगारीका लागी भारतका बिभिन्न शहरहरूमा जानु पर्ने सुदुरपश्चिमका पहाडी जिल्लाका युवाहरू को बाध्यता पनि  हो । घर परिवारवाट लामो समय सम्म घरबाट बाहिर बस्नुपर्ने कारणबाट युवा उमेर मनोरन्जका नाममा गरिने असुरक्षित यौन सम्पर्क नै एचआईभी संक्रमणको मुख्य कारण रहेको यस क्षेत्रमा बिभिन्न सरकारी तथा गैरसरकारी निकायबाट गरिएको अध्यायन अनुसन्धान तथा सर्बेक्षणहरूले देखाएको छ । एचआईभीको संक्रमण बारेको जानकारीको अभावमा अन्तिम अवस्थामा रगत परिक्षण गर्न आउने तथा आफुलाई संक्रमण बारेको थाहा भए पनि सामाजिक रूपमा बहिस्कार हुने तथा हेलाको पात्रहुने जस्ता कारणबाट एच.आई.भी. कै कारण मृत्युको मुखमा पुग्ने अवस्था आउछ ।

एचआइभीको संक्रमण पश्चात गरिने उपचारका क्रममा पनि बिभिन्न स्वास्थ्य सम्बन्धि समस्याहरू देखा पर्ने गर्दछन् । बिशेष गरी एआरभी लिईरहेका हरूलाई अवसरवादी संक्रमणको खतरा हुने । कहिलेकाहि एआरभी औषधी लिई रहेकाहरूमा औषधीकै कारण स्वास्थ्यमा प्रतिकुल असर पर्ने जस्ता कारणले स्वास्थ्य संस्था सम्म पुग्ने सहज वातावरण नहुदा स-साना स्वास्थ्य समस्याहरूले जटिल रूप लिई एच.आई.भी.को संक्रमणमा परेको ब्यक्तिको मृत्यु समेत हुन सक्ने हुन्छ ।

माथी उल्लेखित समस्याहरूको न्युनिकरणका लागी समुदाय तथा घर दैलोमा आधारित हेरचाह कार्यक्रम संचालित छ । यो कार्यक्रम बिशेष गरि एचआईभि संक्रमित र उनिहरूका परिवार प्रति लक्षीत कार्यक्रम हो । फेमिलि हेल्थ ईन्टरनेसनल संगको सहकार्यमा सामुदायिक बिकास मञ्च डोटीले सन् २००६ देखि डोटी जिल्लाका ३३ वटा गाउ बिकास समिती र दिपायल सिलगढी नगरपालीकामा प्रत्यक्ष रूपमा संचालित छ ।

यो कार्यक्रम संचालनको लागी राष्ट्रिय एचआईभि तथा यौन रोग नियन्त्रण केन्द्रले निर्देशिका तयार पारि दिएको छ सोही निर्देशिकालाई आधार मानि कार्यक्रम संचालित छ । बिस्तारित समुदाय तथा घरमा आधारित हेरचाह कार्यक्रमले एचआईभीको संक्रमणमा परेका ब्यक्तिहरूको घर तथा समुदायमै गएर उपचार, मनोबिमर्श सेवा तथा जटिल खालको स्वास्थ्य समस्या देखापरेको ब्यक्तिहरूलाई सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने, समुदायमा एचआईभीको संक्रमणमा परका ब्यक्ति प्रति हुने हेय तथा भेदभाव न्युनिकरण गर्ने समुदाय स्तरमा नै बहस संचालन गर्ने जनचेतना जगाउने तथा उपचार पहुच बृद्धि गर्ने कार्य गर्दै आईरहेको छ।

बिगतमा समुदायमा तथा घरमा आधारित हेरचाहमा मनोबिमर्श सेवा तथा एचआईभीको संक्रमणमा परेका व्यक्तिहरूको स्वास्थ्य उपचार गर्दै आएकोमा हाल आएर उनिहरूको परिवार नियोजन सेवामा पहुच बृद्धि तथा पोजेटिभ प्रिभेन्सनका क्रियाकलापलाई जोडिएको छ ।

हाल आएर समुदाय तथा घरमा आधारित कार्यक्रमबाट ५ सय १३जना संक्रमणमा परेका ब्यक्ति हरूले प्रत्यक्ष रूपमा सेवा लिईरहेका छन् । स्वास्थ्यकर्मी (अनमी, अहेव) ४ जना र ४ जना स्वयं संक्रमितहरूको टिम रहेको छ । उक्त टिमले समुदायमा गएर एचआईभीको संक्रमणमा परेका ब्यक्तिहरूको स्वास्थ्य उपचार तथा परामर्श सेवा, परिवार नियोजका लागी प्रेषण, हेय तथा लाल्छना भेदभाव कम गर्ने अभियानहरू संचालन गर्ने, संक्रमित ब्यक्तिका आफन्तहरूलाई स्वऐच्छिक रक्त परिक्षणकेन्द्रमा प्रेषण, यौन रोगको उपचारका लागी प्रेषण गर्ने, पौष्टिक खाना बारे परामर्श तथा जानकारी, हेरचाहकर्तालाई एचआईभी संक्रमणबाट बच्ने तथा संक्रमति ब्यक्तिको हेरचाहको बारेमा तालीम प्रदान गर्ने लगायतका क्रियाकलापहरू संचालन गर्दै आएका छन् ।

साथै सरकारी संस्थामा जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला एड्स समन्वय समिति तथा जिल्ला अस्पताल एआटि टिम संग मासिक रूपमा बैठक बसि प्रत्यक्ष सम्पर्क समन्व तथा सल्लाहमा कार्यक्रम संचालन हुदै आएको छ । यस कार्यक्रम मार्फत एआरटी लिईरहेका तर कामको शिलशिलामा जिल्ला बाहिर तथा भारतका बिभिन्न शहर गएका ब्यक्तिहरूलाई उनिहरू बस्ने क्षेत्र नजिकको स्वास्थ्य संस्थासम्म सम्पर्क समन्वय गरि उपचारमा सहजता ल्याउन सहयोग गरिएको छ। बिभिन्न समयमा आयोजना गरिएका जिल्ला स्थित समन्वय बैठकबाट न्युन आय भएका एचआईभी संक्रमितहरूलाई आय मुलक क्रियाकलाप संचालन गर्ने तथा आर्थिक सहयोग प्रदान गर्ने सरकारी गैरसरकारी निकायसंग समन्वय गरीएको छ।

समुदाय स्तरमा रहेका एचआईभीको संक्रमणमा परेका तर स्वास्थ्य संस्था संग सहज रूपमा पहुचको बारेमा जानकारी पाउन नसक्ने ब्यक्तिहरूलाई प्रत्यक्ष सेवा दिने हुदा यो कार्यक्रम प्रभावकारी रहेको छ ।

आफैमा यस कार्यक्रमले सम्पुर्ण हो भन्ने होईन तर संक्रमणमा परेका ब्यक्तिहरूको हेरचाह तथा उपचारको क्षेत्रमा महत्वपुर्ण योगदान दिदै आएको छ। सुदुरपश्चिम आफैमा आर्थिक रूपमा सम्पन्न हुन सकेको छैन त्यसमा पनि संक्रमणमा परेका ब्यक्तिहरूलाई शारिरिक रूपमा कष्ठ पुर्ण काम गर्न गाह्रो हुन्छ तसर्थ उनिहरूलाई सहज रूपमा जिवन यापन गर्नका लागी आयमुलक क्रियाकलापमा सहभागी गराउनु पर्ने देखिन्छ ।

यस कार्यक्रममा प्रबिधिक सहयोग फेमिलि हेल्थ ईन्टरन्यासनल (FHI360) ले प्राबिधिक सहयोग गर्दै आएको छ भने आर्थिक सहयोग अमेरिकी सहयोग नियोग (USAID)ले गर्दै आईरहेको छ ।


# हार्दिक अनुरोध

बिगत २० वर्षदेखि नेपाल अधिराज्यको मध्य तथा सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रमा सामुदायिक बिकासका क्रियाकलापहरूमा संलग्न यस सामुदायिक बिकास मञ्च नेपालले डोटी जिल्लाको सदरमुकाम सिलगढी बजारमा **सामुदायिक भवन** को लागि जग्गा खरीदगरि भवन निर्माणको कार्य अघी बढाई रहेकोले सम्पुर्ण दिदीबहिनी दाजुभाईहरूमा आर्थीक एवं भौतिक सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं ।

सामुदायिक भवन निर्माणमा सहयोग गर्ने सरकारी निकाय, अन्तराष्ट्रिय/राष्ट्रिय/स्थानिय गैर सरकारी संघ संस्था एवं ब्यक्तिहरूको नाम र रकम उक्त भवनको शिलालेखमा अंकित गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

**सामुदायिक बिकास मञ्च (CDF) नेपाल**
**भवन निर्माण समिती**

# सामाजिक तथा आर्थिक विकासमा ग्रामीण पहुँच कार्यक्रम कार्यान्वयन : एक अनुभव



तिर्थराज भट्ट
कार्यक्रम संयोजक

**पृष्ठभूमि**

सामुदायिक विकास मञ्च नेपाल डोटीले सामुदायिक विकासको क्षेत्रमा विगत दुइ दशक देखि डोटी जिल्लाका दुर दराजका गाविसहरूमा काम गर्दै आइ रहेको छ । आफनो शुरूवात २०५१ साल देखि यस संस्थाले ग्रामीण विकासका हरेक क्षेत्रमा समुदाय परिचालनको काम गर्दै आईरहेको छ । यस संस्थाका हरेक परियोजनाको मुल्यांकन तथा अनुगमन र सफल कार्यान्वयनका लागि यसको एउटा संयन्त्र नै विकास गरिएको छ ।

**<u>ग्रा.प. का. पहिलो चरण :</u>**

डोटी जिल्लाको उत्तरी क्षेत्र दिपायल देखि पातीहाल्ने सम्मको सडक विस्तारको क्रममा यस सामुदायिक विकास मञ्च नेपाल डोटीले GTZ/RPN र RAP/WSP संग गरी भण्डै एक दशक यस क्षेत्रमा सामाजिक परिचालनको क्षेत्रमा काम गर्दै आएको हो । सामाजिक, आर्थिक तथा भौगोलिक रूपमा जिल्लाकै दुर्गम एवं विपन्न मानिने यस क्षेत्रका जनताको स्तर उन्नतीका लागि यस कार्यक्रम ले अहम भुमीका खेलेको छ ।

**कार्यक्रमको नाम** : RAP/RCIW कार्यक्रम डोटी

**कार्यक्रम संचालन अबधि** : सन २००० देखि २००७

**कार्यक्रमको कार्यक्षेत्र :**

| प्रत्यक्ष लाभान्वित न.पा./गा.वि.स. | अप्रत्यक्ष लाभान्वित न.पा./गा.वि.स. |
|---|---|
| दिपायल सिलगढी नगरपालिका, कालिकास्थान गाबिस, बाभ्फककानी गाबिस दहकालिकास्थान गाबिस, खातिवाडा गाबिस डौड गाबिस, तोलेनी गाबिस । | महादेवस्थान गाविस, वगलेग गाविस, गिरिचौका गाविस, छपाली गाविस |

**कार्यक्रमको उद्देश्य :**

क) अल्पकालिन खाद्य सुरक्षा
ख) दिर्घकालिन खाद्य सुरक्षा




अ) कार्यक्रममा संलग्न लक्षित बर्ग तथा समुहहरू
- क) ग्रामिण हरियालि सडक कामदार
- ख) PLA (Participatory Learning and Action ) (सहभागितामुलक सिकाई र गराई)
- ग) वचत तथा ऋण समुहहरू
- घ) लघुयोजना उपभोक्ताहरू
- ङ) आय आर्जन समुहहरू
- च) वचत तथा ऋण सहकारि संस्थाहरू र स्वरोजगार समुहहरू

आ) कार्यक्रममा संलग्न हुने व्यक्तिहरू
- क) आर्थीक रूपले बिपन्न ग्रामीण व्यक्ति
- ख) महिला
- ग) दलित

घ) निरक्षर
ङ) सडकको कामदार

यस कार्यक्रम मा भएको बिस्तृत बिबरण तथा उपलब्धि तालिका मा उल्लेख गरेबमोजिम रह्यो :

✓सामाजिक तथा आर्थिक क्रियाकलाप संचालन
✓४४ कि.मी ग्रामिण सडक निर्माण सम्पन्न ।

| विवरण | उपलब्धि | कैफियत |
|---|---|---|
| सडक निर्माण समुह | १३९ | ३२९८ जना परीचालन |
| बचत समुह | ५९ | ११८० जना सहभागी रू १७८२३२५ बचत |
| फलफुल खेती | ५०६९ बोट | |
| चामल बितरण | ४३५.४ मे.टन | |
| ज्याला बितरण | रू ८४७१०५९.४७ | |
| सहकारी स्थापना | २ | १ तीखा,१ बाझ |
| लघु योजना | ३७ स्थान | |
| फलफुल खेती | १२ स्थान | ३ बर्षे फलफुल खेती, |
| बायोइन्जिनियरीङ | २५,९१५ | सडक क्षेत्रमा |
| बृक्षारोपण | ४.४ हेक्टर | |
| थोपा सिचाइ | २ स्थान | |
| पानी संकलनघ्याम्पो | ४४ स्थान | |
| पि.एल.ए क्लास | ५४ स्थान | १३५९ जना |
| बाखा बितरण | १४० घरधुरी | |
| बिभिन्न आयआर्जन तालीम, सार्वजनिक लेखापरीक्षण, सडक नाटक, बिभिन्न क्षेत्रको अबलोकन भ्रमण आदि नियमित क्रियाकलाप अर्न्तगत गरिएका थिए । | | |

**उपलब्धि :**

**सामाजिक परिवर्तन:** छोरा छोरी विद्यालय पठाउने, रक्सी बन्द, आलु खेति , पशु छाडा गर्ने जस्ता क्रियाकलाप बन्द।

**आर्थिक परिवर्तन:** साहुको ऋणबाट मुक्त, बाखा पालन, तरकारी खेती, फलफुल खेती आदीबाट आम्दानी मा बृद्धि ।

राजनैतिक परिवर्तन ग्रामीण क्षेत्रमा बिकास निर्माण को लागी कुनै राजनीतिक भावना भन्दा माथि उठि सामुहिक भाबनामा काम गर्ने ।

**ग्रा. प. का. दोश्रो चरण:**

ग्रामीण पहुंच कार्यक्रम पहिलो चरणको सफल कार्यान्वयन पछि नेपाल सरकार र संयुक्त अधिराज्य सरकारको अन्तराष्ट्रिय विकास विभागको सहमति तथा साझेदारीमा ग्रामीण पहुच कार्यक्रम दोस्रो चरणको कार्यान्वयन भएको हो।

डोटी जिल्लाको दिपायल देखि पातीहाल्ने सम्मको सडक खण्ड अन्तरगत डौड पातीहल्ने सडक निर्माणमा सामाजिक तथा आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्नको लागि सामुदायिक विकास मञ्च नेपाल डोटी तथा ग्रामीण पहुँच कार्यक्रम दोस्रो चरण वीच सम्झौता भई कार्यक्रम अन्तरगतका क्रियाकलापहरू सञ्चालन भएको थियो। डौड (पातिहाल्ने सडक खण्डको लम्बाई लगभग २२.११० कि.मी रहेको छ जसमा डौड खण्डमा लगभग ५ किलो मिटर तथा तोलनीमा लगभग १७ कि.मी रहेको छ ।

स्थानिय सहभागीतालाइ प्राथमिकता दिदै यस खण्डका दुई गाविसहरूमा २ वटा स्थानीय सडक समन्वय समिति तथा ३वटा स्थानीय सडक उपभोक्ता समिति गठन गरीएको थियो । डौड गाविसमा स्थानीय सडक उपभोक्ता समिति, तथा तोलेनी गाविस अन्तरगत स्थानीय सडक उपभोक्ता समिति प्रथम खण्ड र स्थानीय सडक उपभोक्ता समिति दोस्रो खण्ड गरि ३ वटा उपभोक्ता समितिहरू क्रियाशील गराइएको थियो ।

ग्रा.प.का.को लक्ष्य कार्यक्रम लागु भएका पहाडी जिल्लाहरूका गरिव तथा विपन्न जनताहरूलाई सडक निर्माणका साथै सामाजिक तथा आर्थिक विकासका गतिबिधीहरूबाट उनीहरूको जीवनयापन लाई वढी सुरक्षित र दीगो वनाई जीविकोपार्जन सुधार मा योगदान गर्नु हो । ग्रा.प.का.को उदेश्य गरिव तथा विपन्न जनताहरूलाई आबश्यक पर्ने वस्तु तथा सेवा हरूको पहुँचमा दीगो ग्रामीण यातायातको पूर्वाधारको माध्यमबाट अभिबृद्धि गर्ने तथा त्यस्ता पहुँचमा अवरोध गर्ने गैर भौतिक बाधा अडचन हरूलाई सामाजिक तथा आर्थिक विकासको कार्यक्रमको सहयोगले कम गर्ने हो।

ग्रा.प.का.को उदेश्य गरिव तथा विपन्न जनताहरूलाई आबश्यक पर्ने वस्तु तथा सेवाहरूको पहुँचमा दीगो ग्रामीण यातायातको पूर्वाधारको माध्यमबाट अभिबृद्धि गर्ने तथा त्यस्ता पहुँचमा अवरोध गर्ने गैर भौतिक

बाधा अडचनहरूलाई सामाजिक तथा आर्थिक विकासको कार्यक्रमको सहयोगले कम गर्ने रहेको छ। सोहि उद्देश्यलाइ पुर्ती गर्नको लागी पहाडी जिल्लाहरूका गरिव तथा विपन्न जनताहरूलाई सडक निर्माणका साथै सामाजिक तथा आर्थिक विकासका गतिबिधी हरूबाट उनीहरूको जीवन यापनलाई वढी सुरक्षित र दीगो वनाई जीविकोपार्जन सुधारमा योगदान गरीरहेको छ जुन उद्धेश्य लाई पुर्ति गर्नको लागी यस संस्था को अहम भुमिका रह्यो। डोटि जिल्लाहरूका गरिव तथा विपन्न जनताहरूलाई सडक निर्माणका साथै सामाजिक तथा आर्थिक विकासका गतिबिधीहरूबाट उनीहरूको जीवनयापन लाई वढी सुरक्षित र दीगो वनाई जीविकोपार्जन सुधारमा योगदान गर्ने उद्धेश्यले डौड पातीहाल्ने सडक अर्न्तगत जम्मा २२ कि.मी सडक निर्माण गर्ने काम भएको छ जसमा सडक निर्माण मार्फत १०८० सनिस (सडक निर्माण समुह) सदस्य तथा ९६ जना बिनिस (बिशेष निर्माण समुह) सदस्यहरूले सडक निर्माण मार्फत ४९१,००१ दिन रोजगार सिर्जना गरी सनिस तथा बिनिसहरूले कुल रकम रू १११,०९५, ५०३ ज्याला स्वरूप प्राप्त गरेका छन । त्यसका अलाबा आय आर्जन क्रियाकलाप अर्न्तगत तरकारी खेती बाट ५७२१,७०० प्राप्त गरेका छन ।

सडक निर्माण गर्नको लागी त्यस क्षेत्रमा ५४ वटा समुहहरू गठन गरिएको छ जसको उद्धेश्य समुहरूले सडक निर्माण गरेबापत गरेको आम्दनीको केहि अंश ९१० (२०५० श्रमबचत तथा नियमित बचत गराइ आइपर्ने आर्थिक समस्यालाई दिगो रूपमा समाधान गर्नको लागी बचत तथा लगानीको अबधारणा समेत कार्यान्वयन गरिएको छ भने बर्तमान बचत तथा लगानीको सहजतालाइ निरन्तरता दिनको लागी डौड तथा तोलेनीमा ३ वटा सहकारीहरूको स्थापना गरी कार्यान्वयन गरिएको छ । जसको उद्देश्य त्यस क्षेत्रमा आर्थिक समस्यालाई टार्नु रहेको छ भने अर्को तर्फ ३ वटा तरकारी संकलन केन्दको स्थापना मार्फत तरकारी खेती उत्पादनमा बृद्दि गराइ उत्पादकले उत्पादन गरेको बस्तुलाई क्रेता समक्ष सहज तरीकाले पुगाउनुका साथै उत्पादन गर्ने सनिस किसानको समयको बचत तथा उचित मुल्य प्राप्तीमा सहज भएको छ ।

ग्रामिण गरीबि न्युनिकरणका अलाबा सामाजिक सचेतना अभिबृद्धि गराउने काम मा समेत सहयोग पुगाएको छ जस्तै महिला हिंसा बिरूद्ध सचेतना, स्वास्थ्य चौकि वा उपलब्ध हुने निशुल्क सेवा लगायतका बिषयहरूमा सचेतना जगाउने काम पनी त्यस क्षेत्रमा संचालन गरीएको थियो जसको परीणाम हाल स्वस्थ्य चौकि बाट निशुल्क उपलब्ध हुने सेवा लिने सेवाग्राहिलाइ सहज किसिमको बाताबरण बनेको छ ।
यस कार्यक्रम मार्फत समुदाय बिकासमा तल उल्लेख गरे बमोजिमका क्रियाकलापमा यस संस्थाको महत्वपुर्ण भुमिका रह्यो ।

**१. समुह बचत तथा लगानीको अबस्था**

मार्च २००९ बाट सनिसहरूले काम गर्न शुरू गरेबाट समुहहरूमा बचत तथा लगानी कोषको समेत ब्यबस्था गरिएको थियो । जसमा सनिस सदस्यहरूले नियमित बचत तथा श्रम बचत गरी दुइ किसिमका बचत गर्ने ब्यबस्था गरिएको थियो भने लगानी गर्दा उत्पादक तथा अन उत्पादक क्षेत्र गरी २ भागमा बिभाजन गरीएको थियो । कार्यक्रमको अन्तसम्ममा जम्मा समुह बचत रू १५३,०६७,७९५ रहेको छ भने लगानीमा रू ११,१४७,८४८ रहेको छ । अहिले सम्म सनिस बचत कोषबाट जम्मा १,८६१ जना सनिस सदस्यले ऋण सुबिधा लिएका छन ।

**२. स्थानिय श्रोत ब्यक्ति बिकास तथा परिचालन**

सडक निर्माणका साथसाथै सनिस सदस्यहरू किसानहरूको आय आर्जनमा बृद्धि गर्नको लागी तरकारी खेती तथा पशुपालन ब्यबसायलाई सडक निर्माण पछिको अर्को प्राथमिकतामा राखिएको थियो । जसका लागी त्यस क्षेत्रमा ४० जना अगुवा किसानहरू निर्धारण गरीएको थियो । तीनै ४० जना मध्यबाट ८ जना कृषि क्षेत्र तथा २ जना ग्रा.प.स्वा. कार्यकर्ता नियुक्त गरीएको थियो । उनिहरूको सिपलाई थप राम्रो बनाउनको लागी तरकारी तथा फलफुलका किसानहरूलाइ २ पटक सम्म स्थानिय श्रोत ब्यक्ति बिकास तालीम को ब्यबस्था समेत गरीइएको थियो ।

| बस्तु | श्रोत व्यक्ति संख्या | सेवा प्रदान दिन | कैफियत |
|---|---|---|---|
| तरकारी | ८ | ५४० | |
| पशुपालन | २ | २८० | |
| जम्मा | १० | ८२० | |

स्थानिय श्रोत ब्यक्ति परीचालनको अवस्थालाई तलको तालीकामा देखाइएको छ ।

**३ यस कार्यक्रम अबधिमा आयआर्जन गतीबिधिमा संलग्न**

ग्रा.प.का. ले कार्यक्रम अबधि भर सनिस सदस्यहरूको आयआर्जन क्रियाकलापमा बृद्दि गर्नको लागी सडक निर्माण बाहेक तरकारी तथा पशुपालन ब्यबसाय गर्ने किसानका लागी प्रोत्साहन गर्नको लागी सहयोग गरेको थियो जसबाट सनिस किसानहरूको आम्दानीमा समेत बृद्धि भएको छ ।

सनिस सदस्यहरूको आयआर्जन क्रियाकलापमा सहभागी सनिस किसानहरूको बिबरण तलको तालीकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | प्रदर्शनी विवरण | संलग्न किसान | कैफियत |
|---|---|---|---|
| १ | तरकारी खेती | २७५ | |
| २ | बोकामा जुका नियन्त्रण | ५६५ | |
| ३ | प्लास्टिक घर | ८ | डौड २, तोलेनी ६ |
| ४ | सानो स्तरको सिंचाइ | १३ | |
| ५ | भर्मिकम्पोस्ट निर्माण | ११४ | |

## ४. सनिस लाइ सेवा प्रदायक संग सम्बन्ध बिस्तार

यस क्षेत्रमा २०० जना सनिस सदस्यहरू ३ वटा सहकारीमा आबद्ध गराइएको छ भने ८० जना लाई बाख्रापालन समुहमा आबद्ध गराइएको छ । ३ वटा सहकारी डिभिजन सहकारीमा दर्ता भइसकेका छन भने ३ वटा बाख्रापालन समुहहरू जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएको छ ।

## ५. सार्बजनिक लेखा परीक्षण

जुनसुकै पनि कार्यक्रमको अत्यन्त सुन्दर पक्ष भनेको नै त्यसको पारदर्शिता संग जोडिएको हुन्छ । लेखा परीक्षण २ स्तरमा गरीन्छ जुन तल उल्लेख गरीइएको थियो :

**क) सनिस स्तरीय लेखा परीक्षण** :

यो हरेक बिलको भुक्तानी पश्चात गैसस तथा प्राबिधिकको उपस्थितीमा सनिसका सदस्यहरूका माझमा सहजकर्ताले गर्ने गरीन्छ ।

**ख) उपभोक्ता समिति स्तरीय लेखा परीक्षण :**

यस कार्यक्रम अन्तरगत पनि सडक निर्माण समुहहरूले वीलको भुक्तानी भइसके पछि बर्षमा २ पटक स्थानीय उपभोक्ता स्तरमा सार्वजनिक लेखा परिक्षण सम्पन्न गरिएको हुन्छ । यस कार्यक्रमको आयोजना स्थानीय उपभोक्ता समितिको अगुवाइ तथा नेतृत्वमा हुन्छ । कार्यक्रम ग्रा.प.का.का कर्मचारी, गैसस का कर्मचारी, सडक निर्माण समुहका सदस्यहरू, स्थानीय उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरू, स्थानीय नागरीक समाजका प्रतिनिधि एवं बुद्धिजिवी हरू, शिक्षक, तथा स्थानीय राजनीतिक कार्यकर्ता हरूको सहभागिता रहेको हुन्छ। सार्वजनिक लेखा परिक्षण कार्यक्रममा स्थानीय उपभोक्ता समिति अन्तरगतमा हुने खर्च, औजारहरूको अवस्था, सनिसहरूले प्राप्त गरेको ज्याला दुरूस्त भुक्तानी भए नभएको र कामको दौरानमा उत्पन्न समस्या तथा समाधानका उपायहरू को बारेमा छलफल तथा सुनुवाई भएको हुन्छ भने सामाजिक तथा आर्थिक गतिबिधि द्वारा संचालन गरिएको कृयाकलाप हरूको बारेमा पनि जानकारि गराईएको हुन्छ यो कार्यक्रम बर्षमा १ पटक गर्ने गरीन्छ ।

## ६. सनिसहरूको सम्पर्क तथा सम्बन्ध बिस्तार

सनिस हरूको सम्पर्क तथा सम्बन्ध बिस्तारका लागि बिषेश गरी जिबिस संग समन्वय गर्ने काम भएको त्यस सहकारी दर्ता प्रक्रियाका लागी डिभिजन सहकारी कार्यालय, बाख्रापालन समुह दर्ताको लागी जिल्ला पशु सेवा कार्यालयमा दर्ता गर्नको लागी तथा त्यस क्षेत्रमा रहेका स्थानिय श्रोत ब्यक्ति तथा अगुवा किसानहरूलाइ जिल्ला कृषि कार्यालयमा सम्पर्क गराउने काम भइरहेको छ । त्यस बाहेक स्थानिय स्तरमा काम गरीरहेका बिभिन्न गैससहरू जस्तै मर्सिकोर, युएमएन, ग्लोबलफण्ड, सेभ द चिल्ड्रेन, नेप्सकोन जस्ता गैसस हरूसंगकोसम्बन्ध बिस्तार गर्ने काम समेत गराइएको थियो ।

## ७. यस कार्यक्रम द्धारा समाज तथा सनिस सदस्यहरूमा परेको प्रभाव

**७.१. प्राथमिक प्रभाव**

✓ सनिस तथा बिनिस गरी करीब ११७६ जनालाई कार्यक्रम अबधिभरमा ४९१,००१ दिन रोजगारी

पाए
- ✓ उक्त रोजगार दिन बाट सनिस तथा बिनिस सदस्यहरूले कुल रू १११,०९५,५०३ आम्दानी गर्न सफल भएका छन ।
- ✓ बिभिन्न आयमुलक क्रियाकलाप तालीममा जम्मा ३३०६ जनाको सहभागीता भएका जसमा १७२६ पुरूष तथा १५८० महिलाहरूको सहभागीता रहेको थियो जसबाट त्यस क्षेत्रका लक्षित समुदायहरू बिभिन्न आयमुलक क्रियाकलापमा सक्रियताका साथ गरीरहेका छन ।
- ✓ यस समयमा जम्मा १०२४ जनाले तरकारी मौसमि तथा बेमौसमि तरकारी खेती सुरूवात गरेका छन।
- ✓ मौसमि तथा बेमौसमी तरकारी खेतीबाट आफुले उपभोग गरेको बाहेक रू ५७२१,७०० आम्दानी गर्न सफल हुनु ।

**७.२. दितीय प्रभाव**
- ✓ हरेक समुहमा क्षमता बिकासको तालीम पश्चात समुहहरू चलाउन सक्ने क्षेमताको बिकास भएको छ।
- ✓ महिला हिंसा तथा बाल अधिकारका बारेमा सचेतना जागृत भएको छ ।

***८. यस परियोजनाद्वारा प्राप्त सिकाइहरु***
- ✓ स्थानीय समुदायको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्दा वढी प्रभावकारी एवं भरपर्दो हुदो रहेछ ।
- ✓ महिला तथा पुरूषको वरावर सहभागीताले गर्दा समुदायमा सम विकासको भावना जागृत गराएको छ।
- ✓ समान कामको समान ज्याला वितरणबाट समुदायमा परम्परा देखि महिलालाइ कम ज्याला दिने चलन अन्त हुदैछ । यसका लागि महिलाहरू सचेत भएका छन । डौड तथा तोलेनी क्षेत्रमा विगतमा भन्दा महिलामा सामाजिक विकास क्षेत्रमा विकासमा सहभागीता क्रियाशिलता बढेको थियो।
- ✓ सम्पन्नता स्तरीकरणका आधारमा समुह गठन गर्दा समुदायको पछाडी पारिएको वर्गहरू, महिला, दलित र विपन्नहरूको कार्यक्रम प्रति सकारात्मक धारणा र स्रोतको बांडफांडका कारण सामाजिक न्यायमा बढोत्तरी हुनुको साथै आर्थिक अवस्थामा विस्तारै सकारात्मक असर पर्न थालेको थियो ।
- ✓ अनिवार्य श्रम वचतले नियमीत वचत गर्न सजिलो भएको छ । समुदायमा बचत गर्ने बानीको विकास भएको छ ।
- ✓ काम गरे वापत पैसा पाउने भएकाले सामाजिक परिचालन गर्न सजिलो र कार्यक्रम प्रति सहजता एवं अपनत्वमा बृद्धि भएको थियो ।
- ✓ स्थानिय स्तरमा नै रोजगारी पाएकोले मानिसहरू मा बसाई सर्ने तथा रोजगारीकालागि भारत तथा अन्य मुलुकमा रोजगारीमा जाने क्रममा न्यूनता आएको थियो ।
- ✓ गैह्र काष्ठ सीप मूलक तालिमबाट सनिसका विपन्न सदस्यहरूले तथा सीपमा अभिबृद्धि गरी स्थानिय स्तरमा नै सडक कार्यबाहेक रोजगारीको सृजना गरेका छन् ।

## हार्दिक समवेदना

जन्म
वि.सं. २०३३



स्वर्गारोहण
वि.सं. २०५८

**स्व. रघुनाथ जोशी**

यस संस्थाका तत्कालिन कार्यक्रम संयोजक **रघुनाथ जोशी**को मिति २०५८।५।२६ गतेका दिन सेतीनदिले बगाउँदा असामयिक निधन भएकोले उहाँको आत्माको चिर शान्तिको कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## ग्रामिण पहुँच कार्यक्रम सँग सम्बन्धित केही फोटोहरू



Participants of Goat farming trainning at Daud




Office of the Goleshwori cooperative at Daud



Participants during exposure Visit at Dadeldhura



Participants during cooperative management training at Silgadi



Participants of enterprenureship development training at Silgadi



Participants of child care center at Daud



Tomato production inside plastic house together with micro-irrigation



Participants of LRP development training at Silgadi

# एच.आई.भी. रोकथाम तथा हेरचाह र सहयोग कार्यक्रम संक्रमितहरूका लागि बरदान साबित



कालीदाश जोशी
कार्यक्रम संयोजक

सामुदायिक बिकास मञ्च (CDF) नेपालको स्थापना २०५१ साल भाद्र ५ गते डोटी जिल्लाको डौड गा.बि.स. मा एउटा सामाजिक संस्थाका रूपमा भयो । यस संस्थाले आफ्ना शरूवाती दिनमा गाउँमा सरसफाई, मदिरा, जुवा तास नियन्त्रणको अभियान शुरू गरी गाउँलाई स्वच्छ सफा र मदिरा निषेधित क्षेत्र बनाउने प्रयास गऱ्यो । संस्थाको बिस्तारै बिकासका क्रममा यसले गाउँ-गाउँमा एच.आई.भी. रोकथाम सम्वन्धी बिभिन्न तालिमहरू सञ्चालन गर्ने क्रम शुरू गऱ्यो । यसै शिलशिलामा सन् २००६ अगष्टमा यस सामुदायिक बिकास मञ्च (CDF) नेपालले एफ.एच.आई.को प्रबिधिक तथा DFID को आर्थिक सहयोगमा कामका लागि भारत जाने ब्यक्तिहरू र तिनका परिवारका लागि Reaching Across the Border Project (RAB) परियोजना अन्तर्गत डोटी जिल्लाका ३२ गा.बि.स. र एउटा नगरपालिकामा एच.आई.भी. रोकथाम तथा हेरचाह र सहयोग कार्यक्रम संचालन गरियो ।

एफ.एच.आई. को प्रबिधिक तथा DFID को आर्थिक सहयोगमा संचालित यस परियोजनाले डोटी जिल्लामा नया कार्यक्रको शुरूवात गऱ्यो । डोटी जिल्लामा यस भन्दा अगाडीका जति पनि परियोजनाहरू संचालित थिए ती खाली एच.आई.भी. रोकथाममा मात्रै सिमित थिए । यसै परियोजनाका माध्यमबाट एच.आई.भी. संक्रमितहरूका लागि हेरचाह र सहयोग सम्वन्धी क्रियाकलापहरूको शुरूवात भयो। वास्तवमा यो परियोजना डोटीका एच.आई.भी. संक्रमितहरूका लागि बरदान साबित भयो । यस परियोजनाले डोटी जिल्ला अस्पतालमा जिल्लाका बिभिन्न दुर्गम गाउँहरूबाट ७० जना एच.आई.भी. संक्रमितहरूलाई जम्मागरी वहाँहरूको रगत संकलन गरेर रगत धनगढी स्थित सेती अञ्चल अस्पताल लगेर CD4 Count गरियो । यो HIVका क्षेत्रमा एउटा नयाँ आयाम थियो । यसभन्दा अगाडी CD4 Count गर्नका लागि एच.आई.भी. संक्रमितहरूले आफै धनगढी जानु पर्ने बाध्यता थियो त्यो बाध्यता यस किसिमको CD4 Count शीबिर बाट अन्त भयो । डोटीका CD4 Count गर्ने बिभिन संक्रमितहरू मध्य पोखरी गा.बि.स.की ५५ वर्षिय सुन्तली खड्काको CD4 जम्मा ८ मात्रै थियो । उनी CD4 गर्न आउदा मलाई मार्नका लागि तिमीहरूले गाउबाट याहाँ ल्यायौ भनेर हामीलाई गाली गरी राखेकी थिईन । पछी ती CD4 गरेका मध्येबाट २०० भन्दा कम CD4 हनेलाई डोटी जिल्ला अस्पतालबाट नै ART खुवाउन शुरू गरियो जसमा तिनै दिदी सुन्तली खडका पनि सामेल भईन र उनको स्वस्थ्य स्थिति विस्तारै सुधार हुदै गयो र पछि निकै स्वस्थ भई समुदायमा समेत जनचेतना जगाउने कार्यमा सक्रिय रूपमा लागिन र अन्य संक्रमितलाई बचाउने काम गरिन ।

यो एउटा उदारण मात्रै हो । यो परियोजना शुरू भए पछि डोटी जिल्लामा सुन्तली खडका जस्ता दर्जनौ एच.आई. भि. संक्रमितले राहतको सास फेर्न पाए । अथवा अफनै जिल्लामा उपचार गर्न पाए । यसै परियोजनाले डोटी जिल्लामा सन २००८ मा प्रथम पटक एच.आई.भि. संक्रमितहरूको जिल्ला सम्मेलन गर्न सफल भयो । यो सम्मेलन डोटी जिल्लाको जि.वि.स.मा सम्पन्न भएको थियो । त्यसमा विभिन्न राजनितिक दलहरूको संलग्नता भयो र राजनैतिक रूपवाटै सवैवाट एच.आई.भि. संक्रमितहरूलाई आफुहरूले सहयोग गर्ने प्रतिबद्वता व्यक्त गरे । यसै गरि यो परियोजनाले जसको सवाल उसको नेतृत्वको अभियानको शुरूवात पनि डोटी जिल्लामा गऱ्यो । डोटी जिल्लामा एच.आई.भि. संक्रमितहरूको जिल्ला सञ्जाल लालिगुरास एकता समाजको गठन गरी त्यस संस्थाको कार्यालय संचालनका लागि सहयोग पुऱ्यायो । यस लालिगुरास एकता समाजको प्रमुख उद्देश्य भनेको एच.आई.भि. संक्रमितहरूलाई एकजुट गराई आफना मागहरू सरकार वा अन्य निकाय

समक्ष राख्नु थियो । जस्मा संस्था सफल भयो। अहिले पनि यो संस्थाले सेभ द चिल्ड्रेनको प्रविधिक तथा Global fundको सहयोगमा Care and support कार्यक्रम संचालन गरिएको छ । यो परियोजनाको यो एउटा प्रमुख उपलब्धि हो ।

त्यसैगरी यस परियोजनाले एच.आई.भि.संक्रमितहरू लाई CD4 count , Medical Treatment का लागि डोटी जिल्ला तथा अन्य जिल्लामा पठाउदा गाडीभाडा तथा खानाको सहयोग गरी संक्रमितहरू लाई उपचारमा सहयोग पुऱ्यायो । यस परियोजना वाट अर्को उल्लेख्य कार्य भनेको डोटी जिल्लामा रहेको ART center मा एक जनाको कर्मचारी व्यवस्था गरी ART लाई सुचारू गराउनु रहेको थियो। र यो कार्य सफल पनि भयो । साथै यसै परियाजनावाट डोटी तथा कैलालीमा रहेको नवकिरण प्लसलाई पनि Care home चलाउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्यायो ।

यस परियोजना वाट संचालित क्रियाकलापहरूले पारेका सकारात्मक प्रभावहरू निम्न प्रकार रहेका छन ।

- ✓ जिल्लामा एच.आई.भि. संक्रमितहरूको जिल्ला संजालको गठन तथा त्यसलाई क्रियाशिल वनाउनु ।
- ✓ एच.आई.भी.संक्रमितहरू लाई नै समुदाय तथा भरदैलो भेटघाट एवं हेरचाहकर्ता पदमा नियुक्त गरि कर्मचारीका रूपमा परिचालन गरियो यस अघी यसरी कर्मचारी वनाउने प्रचलन थिएन ।
- ✓ एच.आई.भि.संक्रमितहरूलाई विभिन्न जिल्लामा अवसरवादी संक्रमण (Opportunistic Infection) ब्यवस्थापनका लागि प्रेषण गर्नु ।
- ✓ अवसरवादी संक्रमण व्यवस्थापनमा सहयोग ।
- ✓ जिल्लामा संचालित यौन रोग तथा रगत परिक्षण केन्द्र (VCT & STI ) केन्द्रहरू संग समन्वय तथा सहकार्य ।
- ✓ एच.आई.भि. संक्रमितलाई विभिन्न बिभिन्न क्षमता अभिबृद्धी सम्वन्धी तालिमहरू प्रदान ।
- ✓ डोटी जिल्लामा रहेको जिल्ला अस्पताल ART committee को गठन र त्यसलाई सहयोग ।
- ✓ प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा परियोजना सल्लाहकार समितिको गठन र उक्त समितिवाट परियोजनाको अनुगमन तथा निरिक्षण।
- ✓ समुदायमा सडक नाटक, घरदैलो भेटघाट तथा सूचना र संचार केन्द्र मार्फत एच.आई.भि. सम्वन्धि जनचेतना जगाउनु ।

यसरी यो परियोजना डोटी जिल्लामा विभिन्न सह्रानीय काम गर्न सफल भयो र यसपछि बिभिन्न दातृ निकायले पनि यसै परियोजनावाटको सिकाई वाट अन्य परियोजनाहरूको प्रस्ताव तयार गरी संचालनमा ल्याए र त्यसैले यो परियोजना एच.आई. भि. संक्रमितहरूका लागि हेरचाह र सहयोग का क्षेत्रमा वरदान सावित भयो ।

अन्तमा यो परियोजना सञ्चालन गर्ने आर्थिक सहयोग गर्ने, डि.एफ.आई.डी., प्राबिधिक सहयोग गर्ने एफ.एच. आई. नेपालको साझेदार संस्था सामुदायिक बिकास मञ्च नेपालको तत्कालिन यस परियोजनाको कार्यक्रम संयोजकका हैसियतले आभार ब्यक्त गर्दछु साथै मलाई यस्तो मानबीयताले भरिपूर्ण कार्यक्रममा कार्यक्रम संयोजकका रूपमा कार्य गर्ने जिम्मेवारी प्रदान गर्नु भएकोमा सामुदायिक बिकास मञ्च नेपालका अध्यक्ष भक्त बहादुर सिंह ज्यू लगायत सम्पूर्ण सामुदायिक बिकास मञ्च नेपाल परिवार प्रति आभार ब्यक्त गर्दछु ।

**एच.आई.भी. संक्रमित ब्यक्तिहरूलाई लाञ्छना र भेदभाव नगरौं ।**
**उनीहरूलाई दयाको हैन अवसरको खाँचो छ ।।**
**तसर्थ एच.आई.भी. संक्रमितहरूलाई सीप र रोजगारी प्रदान गरी जिविकोपार्जनमा मद्दत गरौं ।**

# समाजशास्त्र र ज्योतिषशास्त्रको सम्बन्ध

मुक्तिनाथ जोशी
सू.प. ज्योतिष महासंघ
सदस्य

आकासमा भएका सम्पूर्ण सूर्य,चन्द्र संग संगै देखिने ज्योतिमार्ग को कारण ज्योतिष लाई लिएको छ । शास्त्र र परम्पराका आधारमा निर्णय लिई धर्म लाई मार्ग निर्देशन गर्दछ । धर्मले समाजलाई सदाचारतर्फ उन्मुख गराउछ । सदाचारवाट हामीलाई शान्ति मिल्दछ । शान्तिले सुख प्राप्त हुन्छ । तसर्थ हामीले धर्मलाई विधिपुर्वक धार्मिक कृत्य सम्पन्न गर्न फलदायक सिद्ध हुन्छ । यसका निमित्त ज्योतिषको आवश्यकता नै पर्दछ । शास्त्र अनुरूप दिन प्रतिदिन भिन्न भिन्नै गतिशिलता अनुसार बार, मास, यन, ऋतु, तिथि, नक्षत्र, करण, योग, ग्रह जस्ता कुराहरूलाई अनुरूप वनाएर एक मात्रै आधार नै ज्योतिष हो । ज्योतिषले भुत, भविष्य र वर्तमान समयको सपलाई वताउछ ।

वास्तवमा हिन्दुधर्म अनुसार सोह्रवटा संस्कार हाम्रो एक परम्परागत प्रमुख आधारहिल तत्व हो । त्यसैलाई मध्यनजर गरि ज्योतिषलाई एक महाविज्ञानको रूपमा यसलाई लिएको छ । यसको सम्वन्ध यो सृष्टिमा रहेका अस्तित्व ग्रहण गरेका हरेक जिवजगत वन वनस्पति, पातपतिङ्गर, तत्व, पदार्थ आदी सवै संग अटुट सम्वन्ध रहेको छ । ज्योतिष सृष्टिसञ्चालन गर्ने एक सम्विधान (कानून) जस्तै एक दस्तावेज हो र यसलाई पनि खण्डिकरण गरेर अलगअलग बिषयवस्तुमा राखेर हेर्दा ज्योतिष र स्वास्थ्यको सम्वन्ध ज्योतिष र योग, ज्योतिष र तन्त्र, ज्योतिष र वास्तु आदी जस्ताको वारेमा हदैसम्मको अनुसन्धान यहावाट भएको छ । त्यसको लागि कुनैपनि तवरवाट यो भूमिका एकदमै नितान्त अनुकुल पनि छ ।

सृष्टिलाई नितान्त वनाउने माया, प्रेम,करूणा, दया, क्षमा, सुःखदुःख बनाउने एक शास्त्र यसैलाई लिईएको पाईन्छ । भनिन्छ ।। एक सारा सृष्टि समाल्न भूमितलमा राखिदिए प्रेमले थामिन्छिन यिनै सुजनका सत्कर्म सतधर्मले ।। वास्तवमा भन्ने हो भने किर्ति एक हिरामोती (गहना) जस्तै धनको रूपमा ज्योतिष शास्त्रलाई पनि लिएको छ । ऐश्वर्यको मूल पूरूशार्थ जस्तै शास्त्रको मूल ज्योतिशास्त्र यसलाई भनिएको छ । कर्म संगसंगै फललाई भोग्दा भोग्दै जादा मानवलाई गतिला, चलाख, रसिला, योगिसिद्ध सिपालु, शूरविर नामी, जस्तै वनाउने एक आधारशिल तत्वको रूपमा पनि चिनिएको देखिन्छ । यो शास्त्र एक ठूलो शास्त्र हो । हाम्रा पूर्खौ पूर्खा हरूमा यसको भावना नितान्त आवश्यक नै छ । समय समय नै संग वलवान भएर ज्योतिष शास्त्र अनुरूप गणितज्ञ गरेर सूर्य ग्रहण चन्द्रग्रहण विवाह, व्रतवन्ध र ग्रहगतिको फल एकदमै यसले स्पष्ट पारेको छ । महिनाका प्रत्येक दिन, वार, नक्षत्र, योग,करण, योगा, महिनाका दिन देखि लिएर मानिस प्रत्येक व्यक्तिको दैनिक जिवनमा भईरहेका क्रियाकलापहरूलाई स्पष्ट फल नै यसले निर्धारण गरेको पाईन्छ । मानिसले आफुले यसको फल भोग्नुनै पर्दछ । यस ज्योतिषशास्त्रलाई ग्रहगति अनुसार तन, मनलाई शान्ति गराउने आधारशील तत्वपनि हामीले यसलाई मान्नुनै आवश्यक छ । यो शास्त्रले हाम्रा राशी भाव ग्रहदशा, होराचक्र, नवांशक चक्र, अष्टोत्तरी दशा, विंशोत्तरी दशा, योगीनीदशा, आआफ्नै जन्म पर्यान्त आफुमा आआफ्ना दशाको फल मृत्यु सम्म एकदमै ठिक गणित गरेर यसको फल एकदमै मिलेको र मनलाई शान्ति राख्ने हदसम्म यस शास्त्रले गरेको पाईन्छ । आआफ्नो धर्म, संस्कृति,  चालचलन, चाडपर्व प्रत्येक वर्षमा यसले निर्धारण गरेको हुन्छ । आफ्नो परम्परा अनुसार आफ्नो संसकृति झल्काउनको लागि स्वविवेकमा निर्भर हुनेछ । यो शास्त्रलाई अगाडि वढाउनको लागि हाम्रा भावी पुर्खा सन्तानहरूले पनि सृजना गर्नु पनि त्यत्तिकै नितान्त रहेको छ । ।।जो जन्म लिन्छ त्यो अवश्य नै मर्छ । यसै भनाईलाई स्पष्ट पार्दै यो ज्योतिषशास्त्रको एक भनाई पनि रहेको छ । मानिसका असफलताहरूलाई सफलताको विन्दु मानेर माहान विचारका साथ महान कार्य गऱ्यो भने हामी माहान वन्नेछौ । मन एक अलौकिक तत्व हो । यसलाई जति शुद्ध राखिन्छ त्यति मानव स्वच्छ र निर्मल हुन्छ । समाजमा भष्ट्राचार, अत्याचार, धुर्त्याई,

चोरी डकैती, हत्या हिंसा, विश्वासघात जस्ता अनैतिक कार्यहरू दशाको प्रभाववाट नै हुन जान्छन् । यि सम्पूर्ण कुराहरूलाई शान्त राख्नको लागि हामीले ज्योतिषशास्त्र अनुसार यज्ञ कर्म गरे मात्र हाम्रो मनलाई शान्तिका का साथै धर्मको परिपालना, मानव कर्तव्यको वोधको कार्यदिशामा अभिप्रेरित गराउन सक्छौ ।

यसकारण मानव नैतिकवान हुन, राष्ट्रको उत्थानका लागि सदमार्ग एवं सु:ख सम्वृद्धि को लागि ज्योतिषशास्त्रले उल्लेख गरे अनुसार हामीले अनुसरण गर्दै गयौ भने हामी सफलताको विन्दुमा पुग्न सक्षम हुन्छौ ।

**अन्तमा,**

**बल विद्या धन कर्म आयु सवयी लेखिन्छ गर्भै माहा।**
**तुष्णा बृहत राख्नु व्यर्थ राख्नु किनहो आएर अहिले याहां॥**
**लेख्छन् प्रभुपनि ललाट विचमा जस्तै प्रकारले गरि।**
**सबले् लाग्नुपर्छ शुभ कृर्तिकर्म गर्न मनुष्य जिवनभरि॥**

## सामुदायिक भवनका उद्देश्यहरू

- ✓ संस्थालाई दीगो, आत्मनिर्भर वनाईं सेवामुलक ब्यवसायिकतालाई निरन्तरता दिने ।
- ✓ समुदायमा संचालन गरिने परियोजनाहरू लाई निरनतरता दिई दीगो रूपमा अघी बढाउने ।
- ✓ सबै प्रकारका द्धन्द प्रभाबित, आर्थीक रूपले पछाडी पारिएका, मानव अधिकार उल्लङ्घनका शिकार भएका ब्यक्तिहरू लाई आपतकालिन सहयोग स्वरूप निशुल्क रूपमा गाँस वासको ब्यवस्था गरि मनोपरामर्स सेवा लगायत आवश्यक कानूनी उपचार प्रदानमा सहयोग गर्ने ।
- ✓ एच.आई .भी. संक्रमित एवं प्रभावितहरू लाई निशुल्क रूपमा मनोपरामर्स सेवा एवं औषधोपचारका लागि आवश्यक पहल गर्न ।
- ✓ बिभिन्न तालिम गोष्ठि,सेमिनारको आयोजनाका लागि तालिम हलको ब्यवस्था गर्ने ।
- ✓ संस्थालाई श्रोत संस्थाका रूपमा बिकास गरि स्थानिय संघ संस्थाहरूको क्षमता अभिबृद्धीका लागि सहयोग गर्ने ।
- ✓ दैवी प्रकोप लागायतका आपतकालिन सहयोगका लागि स्वयं सेवी अवधारणा अपनाई समुदायमा सक्दो सहयोग गर्ने।

**आम जनसमुदायको साझा सम्पतीका रूपमा स्थापना गरिने उक्त सामुदायिक भवन निर्माणमा आर्थीक एवं भौतिक सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**सामुदायिक बिकास मञ्च (CDF) नेपाल**
**भवन निर्माण समिती**

# My Few Words

**Philip Selim**



Two years ago while traveling in Nepal; I met Mr. Bhakta Bahadur Singh, President of CDF Nepal. Mr. Singh was then making one of his frequent bus trips between CDF Kathmandu office and its district operational office in Silgadhi, Doti. He invited me to visit the various social and community Development activities of CDF around Doti district in far-west Nepal.

This year, accompanied by Mr. Singh, I had the chance to visit Silgadhi's office where I met with its inspired and qualified young projects' coordinating staff who introduced me to the numerous programs CDF has been active in over the past 20 years.

Silgadhi, situated at 1360 m. above sea level, enjoys a moderate climate (H/L 24/14 degrees), is Doti district headquarter of about 20,000 inhabitants. With its spectacular 360 panoramic view and sloping narrow bazaar lane and widening roads, it was worth the tiring long 24-hour bus journey from Kathmandu. I have to confess that I fell in love with this place with its clean streets and its soft spoken inhabitants.

And it was definitely worth it learning first hand of CDF's many community supported programs in these remote parts of far-west Nepal. From road construction, drinking water and sanitary issues to HIV/AIDS testing, family planning, sustainable living training, saving credit groups and human rights awareness, CDF has been busily active in addressing these among other urgent social needs faced in these hardship hilly areas.

I whole heartily applaud the efforts of CDF's staff under the leadership of Mr. Singh and can't help but want to share their vision and concern in such momentous task of improving and saving the lives of their fellow citizens. It is my desire to join their wide scope efforts in whatever capacity to help bringing further progress and strengthening so many socio-economic aspects of the vulnerable rural community of Doti.

Thanks

e-mail: mps6482@gmail.com

## WEL-COME

We would like to wel-come Mr. Philip Selim in Our Organization as a volunteer/Development Consultant.

**Bhakta Bahadur Singh**

President &

CDF Nepal Family

# संस्थाको ईतिहासमा घटेको एउटा दुखद घटना

भक्त बहादुर सिंह
अध्यक्ष

यो संस्था स्थापना गर्दा हाल संचालनमा रहेका परियोजनाहरू संचालन गर्ने सपना नभएता पनि लुथ्रन बिश्व फेडरेशनको साझेदारीमा विगत ५ वर्षदेखि डोटी जिल्लामा महिला शसक्तिकरण कार्यक्रम संचालन भई रहेका वेला २०५८ सालमा डोटी जिल्लाका १० गा.बि.स. र १ न.पा.मा लागु हुनेगरि जि.टी. जेड एकिकृत खाद्य सुरक्षा कार्यक्रममा सामाजिक परिचालनका लागि कार्य गर्ने अवसर पाईयो । यस परियोजना अन्तर्गत समुदायमा रहेका बिपन्न वर्गहरू लाई स्थानिय ग्रामिण सडक निर्माणमा सहभागी गराउनुका साथै वचत तथा ऋण,साक्षरता कक्षा,तरकारी खेती एवं आय आर्जनका लागि उत्प्रेरित गर्नु रहेको थियो ।

यस परियोजनामा हामीले लगातार १३ वर्ष सम्म सफलता पुर्वक कार्य गऱ्यौ यद्यपी हाम्रालागि नयाँ अनुभव थियो । हुनत यो परियोजना संचालन गर्दा धेरै वाधा अवरोध नआएका होईनन् । यो परियोजना सुरूभएको केहि दिनमा नै अर्थात २०५८ भाद्र २६ गते यस परियोजनाका कार्यक्रम संयोजक रघुनाथ जोशीको कार्यक्षेत्र मध्यका १ जना लक्षीत वर्गाको मलामी जादा चिप्लेर सेती नदीमा वगेर मृत्यु भयो भर्खर कार्यक्रम सुरू भएको र त्यस माथी कार्यक्रम संयोजकको मृत्युले संस्थालाई स्तब्ध वनायो ।

कार्यक्रम संयोजकको अकल्पनिय एवं असामयिक निधनले संस्थालाई केहि मात्रामा निराशा एवं हतोत्साही वनाएतापनि संस्था स्थापना देखिनै अनेक चुनौतीका सामाना गरि अघि बढेको संस्थाको लामो अनुभवका कारण परियोजनालाई सहज किसिमले अगाडी बढाउन सफल भयौं ।

यसै समयमा देशमा माओवादी शसस्त्र द्धन्द दिनानुदिन चर्कदै गयो । हामीले कार्यगर्ने कतिपय कार्यक्षेत्रहरू अति प्रभावित हुन पुगे । यसै सन्दर्भमा संस्थामा ब्यक्तिगत स्वार्थ नपाएका कारण रूष्ट कतिपय खराव आचरण भएका बिकास बिरोधी ब्यक्तिहरूले यस संस्थाका सम्पुर्ण कार्यक्रम वन्द गराईदिन बिभिन्न स्थानमा पटक पटक तत्कालिन माओवादी बिद्रोहीका नेताहरू लाई भेटेर निवेदन गरे र केहि समय काममा समेत बाधा ब्यवधानहरू आए । तर हामीले संचालन गरेका समुदायिक बिकासका कार्यहरू,निश्पक्षता तठस्थता र पारदर्शिता अपनाई संचालन गरिएको हाम्रो संस्थाका सकरात्मक कार्यहरूले गर्दा जतिसुकै झुठा आरोपहरू लगाएतापनि हामीले सफलतापूर्वक कार्य गर्नका लागि कहिल्यै पछि हटेनौ ।

यसरी यो परियोजना वन्द गराउन वा अर्को संस्थासंग सहकार्य गराउनका लागि यस संस्थासंग आवद्ध केहि ब्यक्तिहरू र दातृ संस्थाका केहि ब्यक्तिहरूले असहयोग समेत गरेका थिए, तर हामीले लगनशिल भई ईमान्दारीपुर्वक समुदायमा गरेको सेवाप्रति समुदायनै सकरात्मक भएका कारण आफ्नो स्वार्थ सिद्ध गर्न सकेका थिएनन् ।

यस परियोजनाले समुदायमा धेरै राम्रा क्रियाकलापहरू गरेका साथै संस्थाको स्थापना भएको ठाउँ र मेरो र संस्थापकहरूको समेत जन्म स्थान समेत भएकोले अत्यन्त खुसीका साथ कार्यहरू भई समुदायका ब्यक्तिहरू परिचालनगरि सडक निर्माण कार्य लगायतका अन्य आय आर्जनका कार्यहरूमासमेत संलग्न भईरहेका वेला ग्रामिण पहुँच कार्यक्रम दोश्रो चरण अन्तरगत डौड गा.बि.स.वडा नं. १ स्थित भिरमा सडक कामदार समुहहरू सडक निर्माणकार्यमा संलगन भएकै अवस्थामा २०६८ फाल्गुण २० गते दिउसो करीव १२ वजेको समयमा माथीवाट माटोको ठुलो ढिस्कोले पुरिएर भागा देवी सिंह,कल्पना सिंह र कलसा सिंह लगायत ३ जना महिला कामदारहरूको मृत्यु भयो भने १२ जना महिलाहरू गम्भिर घाईते भए ।

यसरी सडकामा कार्य गर्दाका अवस्थामा कामदार समुह सदस्यको मृत्यु एवं घाईते भए पश्चात समुदायमा उपचार एवं क्षतिपुर्तीका लागि आक्रोश आउनु स्वभाबिकै थियो । यो घटना पश्चात मृतकका परिवारलाई क्षतिपुर्ती, घाईतेहरूको उचित उपचार लगायतका मागहरू राखी सम्पुर्ण सडक खण्डको निर्माणकार्य वन्द गरियो । एकै पटक ३ जनाको मृत्यु र एक दर्जन घाईते भएको यस घटनाले हामी सवैलाई अत्यन्त चिन्तीत वनायो किनकी केवल एक लाख छपन्न हजार बिमा रकम वाहेक समुदायले माग

गरे अनुसार रकम क्षर्तीपुर्ती वाफत दिने प्रावधान कार्यक्रममा थिएन । यस घटनाले एकातिर मेरै गाउले एवं नातेदारहरूको मृत्यु एवं घाईतेका कारण पिडा त थियोनै अझै कार्यक्रम समेत वन्दहुने अवस्था आउदा कैयौ दिन एवं म लगायत सिंगो संस्थाको टोली तनावमा रह्यो ।

यस घटनाको लगत्तै सहयोगी संस्था ग्रामिण पहुँच कार्यक्रम, जिल्ला विकास समिती एवं अन्य सरोकारवालहरू निकाय समक्ष जानकारी गराउनुका साथै बिभिन्न चरणमा छलफलहरू भए ।

यसै सन्दर्भमा ग्रामिण पहुँच कार्यक्रमका सहायक कार्यक्रम ब्यवस्थापक अर्जुन पौडेल र सामाजिक बिकास बिशेषज्ञ शंकर पोखरेलले मलाई आवश्यक सरसल्लाहका लागि काठमाण्डौ वोलाउनु भयो र कैयौं चरणमा निकासका लागि हाम्रा बिचमा छलफलहरू भए किनकी म केवल साझेदार संस्थाको प्रतिनिधीका रूपमा मात्र उपस्थित भएको थिएन म त्यहाँको स्थानिय ब्यक्ति एवं मृतक र घाईतेहरूको आफन्त समेत थिए जस्ले गर्दा मलाई समन्वयकारी भुमिका निर्वाहगर्दा अत्यन्त होसियारहुनु जरूरी थियो र अन्त्यमा लामो छलफल पश्चात मृतकका परिवारहरूलाई रोजगारी र मृतकहरूको स्मृती स्वरूप स्थानिय स्तरमा समुदायले छनौट गरे अनुसारको कुनै योजना निर्माणका लागि आर्थीक सहयोग गर्ने र सम्पर्ण घाईतेहरूलाई उपचार गर्ने ग्रामिण पहूँच कार्यक्रमसंग सहमती भई भई जानकारी एवं आवश्यक सरसल्लाहका लागि काठमाण्डौवाट फर्किएर घटना स्थलमा गई पिडित लगायत समुदायका अगुवाहरू संग भेटघाट गरि मिति २०६८ चैत्र ३ गतेका दिन स्थानिय डौड गा.बि.स.मा आमभेला गरि ग्रामिण पहूँच कार्यक्रमका कार्यक्रम ब्यवस्थापक भरत पटेल, सहायक कार्यक्रम ब्यवस्थापक अर्जुन पौडेल लगायतको टोलीले मृतकका परिवारहरू लाई बिमा वापतको रकम जनही १५६,००० र स्थानिय सडक खण्डमा परियोजना रहुनजेल सम्मका लागि रोजगारी दिने र मृतकहरूको स्मृती स्वरूप समुदायले आग्रह गरे अनुसार स्थानिय जनता जनार्दन उच्च मा.बि.मा बिस लाखको लागतमा भवन निर्माणका लागि आर्थीक सहयोग गर्ने र सम्पर्ण घाईतेहरू लाई उपचार गर्ने सहमती भई सडक निर्माणकार्य सुचारू भयो । यसरी हाल दिपायल पातीहाल्ने सडक खण्ड अन्तर्गतको डौड तोलेनी सडक खण्डमा समेत निर्माण कार्य संचालन भई वझाङको सिमाना पातिहाल्ने सम्म ६६ कि.मि. सडक निर्माण कार्य सफलतापुर्वक सम्पन्न भई ग्रामिण पहुँच कार्यक्रम दोश्रो चरण सफलतापुर्वक सम्पन्न भयो ।

यस्तो दुखद घटनाले सृजना गरेको जटिलता लाई सहजीकरण गर्न आवश्यक सर-सल्लाह एवं सहयोगका लागि विशेष पहल गर्नुहुने ग्रामिण पहुँच कार्यक्रमका कार्यक्रम ब्यवस्थापक भरत पटेल, सहायक कार्यक्रम ब्यवस्थापक अर्जुन पौडेल र सामाजिक बिकास बिशेषज्ञ शंकर पोखरेल, जिल्ला टीम लिडर श्याम गुरूङ र तत्कालिन ईन्जिनियर पदमा कार्यरथ शंकर पोखेल बिशेष धन्यवादका पात्र हुनुहुन्छ ।



सडक कामदारहरूको मृत्यु र घाईते भएको स्थान



पिडित र समुदायका व्यत्तिहरूसँग छलफलमा संलग्न RAP केन्द्रिय टोली

# सफलताको कथा
# पदमा र कमला नेपालीको जीवन कथा

भुपेन्द्रबहादुर शाह

मेरो नाम पदमा नेपाली हो । म खिरसैन गाविस वडा नं. ४ मा बस्छु । मेरो श्रीमानको नाम तारा नेपाली हो। मेरो बिवाह १४ वर्षको उमेरमा भयो, त्यस पछि मेरो २ वटा छोराको जन्म भयो । मेरो पारिवारिक अवस्था कमजोर भएको कारणले गर्दा ४ जनाको परिवारको बोज धान्न नसकि मेरो श्रीमान म लगायत २ जना छोरालाई छोडेर गरिबिको कारणले गर्दा घर छोडि काम खोज्न भारत तर्फ लाग्नु भयो । ४ वर्ष भारत बसेर घर फर्कनु भयो, श्रीमान आउनुभएको खुसीमा हामी रमाएर सुख दु.खका कुराहरू गरेर रमाउदै बसियो र यसरीनै सात/आठ महिना बित्दै गए र एक दिन उहाले उक्कासि साँझपख फेरि भारत जाने कुरा गर्नु भयो मैले भने दुःख सुख जे भए पनि घरमै बस्नुहोस, यि साना बालबच्चालाई छोडेर भारत नजानुहोस । उहाले भन्नु भयो यहाँ बसेर के गर्ने छोरा छोरीलाई पढाउनु पर्‍यो अब भाबि आउन लागेको सन्तानको बारेमा पनि सोच्न पर्‍यो भन्ने जस्ता कुराहरू गरेर त्यो रात बितेको थाहै भएन । दोस्रो दिन बिहानै उहाँ बस चढेर भारत तर्फ लाग्नुभयो र हामि उहाको यादमा उहालाई कुरेर बसिरहेका थियै र केहि मैना पछि एक्कासि मैले उहाँ विरामि भएको खबर सुने र आफुले नदेखेको नचिनेको ठाउ कता जाने के गर्ने भनेर मलाई चिन्ता पर्‍यो र मैले फेरि आफ्नो गाउको मान्छे संग खबर गरेर उहालाई जसरी भएपनि घर पठाईदिनुहोला भनेर खबर पठाए र उहाँ एक मैना पछि बिरामि भएर सिधा उभिनपनि नसक्ने अवस्थामा घर फर्किनु भयो र घर फर्केको भोलिपल्ट देखि म घरायसी उपचार (धामि झाक्रि) तिर लागे र घरयसि उपचारमा एक महिना बितेको पत्तैभएन र उहालाई निकोहुनुको सट्टा झन बढि हुदैगयो र एकदिन एक्कासि खैकताबाट आउनुभएकोहो सामुदायिक विकास मञ्च (CDF) का CHBC कार्यकर्ता भुपेन्द्र शाह र कटे नेपाली आईपुग्नुभयो र उहाले म र मेरो श्रीमानलाई HIV/AIDS को बारेमा बताउनुभयो र हामिलाई HIV test गर्न डोटि जिल्ला अस्पताल जान आग्रह गर्नुभयो र हामिलाई HIV जाँच गर्न लैजानुभयो र म, मरो श्रीमान र मेरो कान्छो छोराले HIV जाँच गरे र हामि तिनैजनालाई HIV देखियो । म एकचोटि त अचम्म मानेर बेहोस जस्तै भए र फेरि मलाई उनै कटे नेपालीले सम्झाउनुभयो र मेरो श्रीमानलाई अस्पताल भर्ना गरेर पछि उहालाई सन्चो भयो र मैले HIV पत्तालागेको एक मैनामै CD4 गरे र मेरो औषधि (ART) खाने समय भैसकेकोले मलाई ART सुरूगरे र ऐलेम बिगत ६ महिना देखि ART खाईरहेकिछु र मेरो श्रीमान पनि ART खानुहुन्छ र उहाँ ऐले ART लिएर India गएर पैसा कमाउदै हुनुन्छ । ऐले हामी स्वस्थ छौ र मेरो परिवारलाई यहाँ सम्म सहयोग पुरयाउने सामुदायिक विकास मञ्च (CDF), डोटी अगाडि बढ्दै जाओस, धन्यवाद दिन चाहन्छु ।

**कमला नेपालीको जीवन कथा**

मेरो नाम कमला नेपाली हो । म दि.सि.न.पां. वडा नं.५ धामी गाउँमा बस्छु। मेरो पारिवारिक अवस्था कमजोर भयकोले र नेपालमा काम नपायर मेरो श्रीमान नेपाल छोडेर काम गर्ने शिलशिलामा भारतको मुम्वै सहर मा जानु भयो । काम गर्ने र कमाउने शिलशिलामा तिन वर्ष विदेस बसेर उहा विदेश बाट फर्कीनु भयो तर बिरामि अवस्थमा अशिक्षा गरिबिको कारणले गर्दा उँहालाई घरयासी उपचार धामी झाक्री गर्दा गर्दा उहाँ ले कमायर ल्यानु भयको पैशा सवै सिदीयो र खुसार्नी समेत पनि सकिनेर खाने पैसा रहेन र अन्त्येमा कसैको केहि नचलेर मेरो श्रीमान यो संसार वाट विदा हुनु भयो र सम्पतिको नाम मा सात वटा छोरा छोरी र म दुःखि मर्न नसकेकी कमला देवि नेपालि मात्र रहे र विस्तारै मेरो पनि शारिक तथा मानसीक अवस्था कमजोर हुदै आयो अचानक सामुदायिक विकास मञ्च (CDF) सिलगढि, डोटि का CHBC कार्यकता श्री कटे नेपालि र भुपेन्द्र शाह संग भेट भयो र मलाई आप्नो जिवनको वारेमा समग्र रूपमा बताउनु भयो र मलाई पनि सम्झउनुभयो र उहाले मलाई HIV को बारेमा बताउनुभयो र म HIV

test गर्न डोटी जिल्ला अस्पताल जान आग्रह गर्नुभयो र मलाई HIV जाँच गर्न लैजानुभयो र मलाई HIV जाँच गरेर मलाई HIV देखियो । म एकचोटि त अचम्म मानेर बेहोसिए जस्तै भए र फेरि मलाई परामर्शकर्ताले सम्झाउनुभयो HIV पत्ता लागेको एक महिनामै CD4 गरे र मेरो औषधि (ART) खाने समय भैसकेकोले मलाई ART सुरूगरे ऐले म बिगत ६ महिना देखि ART खाईरहेकिछु । अहिले म स्वस्थ्य छु र मेरो परिवारलाई यहाँ सम्म पुऱ्याउने सामुदायिक विकास मञ्च (CDF) र त्यहाका CHBC कार्यकतालाई धन्यवाद दिन चाहन्छु । साथै आफू जस्तै अन्य संक्रमितहरूलाई पनि आत्मबल बढाउनका लागि सक्दो पहल गर्नेछु ।

## एच.आई.भी. सर्ने र नसर्ने तरिका

**सर्ने तरिकाहरू :**

- ✓ असुरक्षित यौन सम्पर्क गर्दा
- ✓ परीक्षण नगरिएको रगत तथा रगतजन्य पदार्थ लिदा वा दिदा
- ✓ संक्रमित व्यक्तिहरूले प्रयोग गरेको सुई तथा अन्य छाला छेड्ने वा काट्ने औजारहरूको प्रयोग गर्दा
- ✓ संक्रमित आमाले बच्चा जन्माउँदा स्तनपान गराउँदा

**नसर्ने तरिकाहरू :**

- ✓ सुरक्षित यौन सम्पर्क (विश्वासिलो एउटा मात्र यौन साथी वा कण्डमलाई सहि प्रयोग) गर्दा
- ✓ लामखुट्टे वा अन्य किराहरूको टोकाईबाट
- ✓ सँगै वस्दा, जुठो खाँदा, अँगालो मार्दा, हात मिलाउँदा
- ✓ बिरामीको हेरचाह गर्दा वा एउटै शौचालयको प्रयोग गर्दा
- ✓ सँगै पौडी खेल्दा, एउटै थालमा खाना खाँदा
- ✓ संक्रमितले प्रयोग गरेको कपडा प्रयोग गर्दा

## सफलताको कथा

# मैले पुर्नजन्म पाएको छु

नरबहादुर सिंह
मनोपरामर्शदाता

मेरो नाम डम्वरा देवि सिंह हो मेरो घर तोलेनी गा.वि.स वाड नं. ६ मा पर्छ । मेरा १ छोरा र दुई छोरी छन । गरीविको समस्या ले गर्दा खान लगाउन नपुग्ने भएपछी मेरो श्रीमान कामको खोजीमा भारत जानुभयो र भारत वाट फर्के पछि उहा विरामी हुनुहुन्थो त्यसैले हाम्रो गाउको मान्छे कसैले वोक्सी लाग्यो देवता लाग्यो भनेर भन्न थाले त्यसैले धामी झार्की गरे उनी लाई ठीक नहुने भो दिनका दिन कमजोर हुदै केही कामपनी नगर्न सक्ने भए र मेडिकल मा उपचार गरे केहिपनि ठिक भएन यसो विचार गर्दा मेरो श्रीमान लाई एच. आई. भी लागेको रहेछ र एक वर्ष पछी मेरो श्रीमान को मृत्यू भयो र मलाई पनी एच. आई. भी भएको रहेछ मलाई समाजमा सवैले भेदभाव गर्ने थाले र मसंग कोही पनी नवोल्ने भए र नाना थरीका कुरा सुनाउन थाले अब त यसको उपचार छैन त मर्छस भन्न थाले त्यसैले गर्दा म समाज वाट अपहेलीत भएको हुदा मलाई कुनै वाच्ने रहर लागेन र कसरी मर्ने छोरा छोरी को वारेमा सोच्न थाले यदि छोरा छोरी नभएको भए म मर्ने तयार थिए ।

एक दिनको कुरा हो CDF डोटी वाट एच. आई. भी सम्वन्धी काम गर्ने सरहरू आईपुग्नु भयो र मलाई धेरै कुराहरू सम्झाउनु भयो उहाको कुरा सुन्दा मलाई पनी सांचै हो जस्तो लाग्यो र उहाले मलाई CD 4 गर्ने सल्लाहदिनुभयो र त्यस पछी म सिलगढी गए र CD4 गरे CD4 गर्दा खेरी मेरो औषधी खाने अवस्था भैसकेको रहेछ । त्यसपछी मैले औषधी सुरू गरे औषधी खाई सके पछि म अहिले स्वस्थ छु । काम गर्न सक्छु अहिले औषधीले गर्दा धेरै काम गरेको छु नत्रभने म मरी सक्थे र मेरा छोरा छोरी टुहुरा हुन वाट वाचे अव मकेहीन केहि व्यवसाय गरेर म अव आफ्नो जिवन विताउन सक्छु भन्ने मलाई लागीराखेको छ । पहिला हाम्रो गाउ घरमा एच. आई. भी को वारेमा थाहाथीएन । अहिले चाहि सवैले एच. आई. भी को वारेमा वुझी सके अहिले मेरो छोरा छोरी पनी विद्यालयमा पढछन र मेरो CD4 पनि छ सय जति वढेको छ ।

अन्तमा मलाई सहयोग गर्ने CDF /CHBC कार्यकर्ता लाई धन्यवाद दिन चाहान्छु । उहाहरूको सहयोगले गर्दा म लगायत म जस्ता धेरै संक्रमितहरूको नयाँ जीवन परिवर्तन आएको छ । मैले हाल पुनर्जीवन पाएको छु ।

मेरो नाम भागा देवी भूल हो मेरो घर डोटी जिल्ला तिजालि गा.वि.स वाड नं. ९ मा हो अहिले म एकल संक्रमित महिला जिवन विताइ रहेकी छु । किनकि आजभन्दा ७, ८ वर्ष अगाडि मेरा श्रीमान कामको खोजिमा भारतको हिमाञ्चल प्रदेशको लुधियाना भन्ने ठाउमा काम गर्ने सिलसिलामा एच. आई. भी संक्रमित भएर त्यस ठाउवाट कामगर्न नसक्ने अवस्थामा घर फर्केर आउनु भयो आज भन्दा दूई वर्ष अगाडि हाम्रो गाउमा समुदायिक विकास मञ्च नेपालले निशूल्क यौन रोग रगत परिक्षण घुम्ती सिवीर राखेको थियो त्यस सिवीरमा गाउँका सम्पूण छिमेकीहरूले रक्त परिक्षण गराए र मैले पनि रक्त परिक्षण गरे र मलाई एच. आई. भी पोजेटीभ भएको रिपोट आयो म पनि संक्रमित भएकीरहेछु भन्ने कुरा थाहा पाए र म आकास वाट खसे भै भए श्रीमान त संक्रमित थिए अव म पनि संक्रमित भए अव के गर्ने? मेरो लाउलाउ र खाउखाउ भन्ने उमेरमा मेरा सबै सपना चकनाचुर भए दिन हरू वित्दै गए मेरा श्रीमानलाइ सन्चो भएन उपचार गराउन जिल्ला अस्पताल ल्याए त्याहा ठिक भएन जिल्ला अस्पतालले सेति अञ्चल अस्पतालमा रेफर गरीदीयो त्यहा पनि ठिक भएन र उहाको उपचारकै क्रममा धनगढी मै मृत्यू भयो । अब मेरा लागी सुखका दिन नभई दुखका दिन सुरू भए किनकी मेरो साहारा श्रीमान त थिए अव उनिपनि रहेनन घरमा सानि एउटा मात्र छोरी थिई उ पनि टुहुरी अव मेरो र छोरीको भविष्य के होला? चिन्ता मै दिनहरू वितिरहेका थिए । त्यसै समयमा समुदायिक विकास मञ्च नेपालमा समुदायमा

आधारीत घरदैलो तथा सहयोग कार्यक्रमका सरहरू मेरो घरमा आउनु भयो। पहिले त मलाई साहै अप्ठयारो महशुस भयो किनको सरहरू अरू ठाउमा भनिदिनु हुन्छकी त्यसपछी मेरो वदनाम हुन्छ भनेर मैले केहि भन्न चाहेन उहाहरूले मेरो नजिकै आउनु भयो र आफ्नै घरपरिवार आफ्नै दिदिको ब्यहारले गर्दा मैले मेरो मनका सम्पूण कथा र ब्यथाहरू प्रस्तुत गरे त्यस पछि उहाहरूले पनि मलाई त्यसै संस्थाको समुदायिक हेरचाह केन्द्रमा औषधी खानको लागि पठाउनु भयो त्यहा म १४ दिन वसे औषधी नियमित खाए र अहिलेपनि ART नियमित खाइरहेकी छु । समुदायिक विकास मञ्च नेपालले सचिकै मेरो जिवनमा सकारात्मक परिवर्तन ल्याई दिएको छ । अहिले पनि उहाहरू मेरो मानिसिक शारिरिक जाच गरि रहनु हुन्छ । यसमा मलाई त्यसै संस्थाका मनोपरामर्शदाता सरले दिनु भएको सुझाव र सल्लाहले अहिले मेरो पनि हौसल्ला वढी रहेको छ । अहिले पनि त्यस संस्थावाट औषधी ल्याउन जादा गाडी भाडा न्यूट्रेसन सहयोग गरीरहनु हुन्छ । त्यसैले मेरो पुनह जन्मको सम्पूर्ण अबिभारा त्यस संस्था र त्यसमा कामगर्ने हुने सरहरूलाई दिनचाहन्छु । किनकी मेरा लागी यी सम्पूर्ण कुराहरू नगरीदिएको भए मपनि एस संसारमा रहने थिएन अहिले म अरू जस्ती सक्षम भएर जिवन विताई रहेकिछु ।

अन्तमा त्यस संस्था बाट आगामि दिन हरूमा हामि संक्रमित हरूका लागि एस्ता कार्यक्रमहरू चलिरहेमा हाम्रो पनि जिबनमा परिबर्तन आउन सक्छ भन्दै संस्था र सरहरूको प्रगतिको कामना गर्दछु ।



युनेस्को नेपालका शिक्षा व्यवस्थापक तपराज पन्त साक्षरता कक्षाका सहजकर्ताहरूसँग छलफलगर्दै




दिपायल स्थित स्वेच्छिक परामर्श तथा रगत परिक्षण केन्द्र

## सफलताको कथा

# शोभा भएर के गरे त

सिद्धराज जोशी

सन २००२ देखी सन्चालन भएको सेभ द चिल्ड्रेन यु के को प्राबधिक सहयोग तथा सामुदायीक बिकास मञ्च नेपालको संयुक्त साझेदारीमा सञ्चालन भएको सोभा (Social Volunteer Against AIDS-SOVAA) अभियान प्रबर्द्धन परियोजना अन्तरगत म CDF नेपालबाट सञ्चालन गरिएको HIV/AIDS सम्बन्धि तालिम बाट प्रभाबित भई समुदायममा सोभा भएर काम गर्ने मौका पाएको छु । यस तालिमबाट मैले सामाजिक क्षेत्रमा रहेर काम गर्ने मन लाग्यो मलाई एच आई भि एक ब्यक्तिको समस्या हो भन्ने लागेको थियो तर यो एक सामाजिक समस्याको रूपमा रहेको छ । यसरी यस तालिम बाट धेरै जना ब्यक्ति HIV/AIDS को बारेमा जानकारी पाई फाईदा भएको छ । म दुई जना को बिचमा रहेर पनि बोल्न नसक्ने थिए भने यस संस्थाबाट धेरै थरिका तालिम पाई सकेपछि मेरो ब्यक्तिगत जीवनमा एक किसिमको नयाँ जीवन आएको छ । सोभा भई सकेपछी मैले समुदायमा HIV/AIDS बारेमा जानकारी गर्ने, सोभा समुहमा छलफल गर्ने जस्ता कामगर्ने गरेको थिए । CDF नेपाल त्यो तालिमबाट मेरो जीवनमा सकारात्मक परिबर्तन आएको छ । म समुह मा अध्यक्ष र संजालमा अध्यक्ष समेत भई काम गरेको थिए । हाल आएर म जिल्ला सोभा संजाल डोटीमा कार्यक्रम संयोजक तथा CDF नेपालको सह-सचिव पदमा समेत कार्यरत छु । यसरी यदि मैले यस संस्थाबाट तालिम नपाएको भए बिभिन्न खालका अन्तरक्रिया र नेतृत्व बिकास सम्बन्धि तालिममा सहभागी नभएको भए म आज यो अबस्था समेतमा पुग्न सकिने थिएन । कुरा त सानो छ तर यसको प्रभाब निकै महत्वपुर्ण रहेको छ । मलाई त्यति बेला एच.आई.भी. को बारेमा ज्ञान थिएन यस प्रति मेरो बुझाइ नकारात्मक थियो । यसलाई कुनै एक जना ब्यक्तिको समस्याको रूपमा नलिईकन यो सामाजिक समस्याको रूपमा भएका कारण यस बिरूद्ध लाग्न म सबै साथीहरू लाई आग्रह गर्दछु ।

## सामुदायिक विकास मञ्च नेपाल

### संस्थापक सदस्यहरू

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १. | भक्त वहादुर सिंह | ८. | जगत वहादुर सिंह |
| २. | यदु राज शर्मा | ९. | हेम राज शर्मा |
| ३. | चेत राज उपाध्याय | १०. | देवीलाल शर्मा |
| ४. | रविन्द्र प्रशाद जोशी | ११. | राम वहादुर वोगटी |
| ५. | टीका दत्त जोशी | १२. | मान वहादुर वोगटी |
| ६. | लाल वहादुर वोगटी | १३. | स्व. राम वहादुर सिंह |
| ७. | खगेन्द्र राज शर्मा | १४. | स्व. भक्त वहादुर साउद |

संस्थापकज्यूहरूको महान परिकल्पनाका साथ स्थापना गरिएको यो पवित्र संस्थालाई सदासर्वदा समुदायको सेवामा क्रियाशिल एवं समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछौं । साथै यहाँहरूको सदैव सल्लाह, सुझाव एवं सहयोगको अपेक्षा राख्दछौं ।

**सामुदायिक विकास मञ्च (CDF) नेपाल**

## सफलताको कथा

# कटे नेपालीको नयाँ जीन्दगी

गणेशप्रसाद जोशी
डोटी

"जीवन एक रहस्यमय चक्र रहेछ, कहिले उकाली त कहिले ओराली" । मानिस अमर त कोही छैन एक दिन सवैले मर्नु पर्ने नै हुन्छ, सवै विरामी हुन सक्छन तर एच.आई.भी संक्रमणका कारण आवश्यक पर्ने सामान्य उपचार नपाउदाको पीडा वेग्लै अनुभुति हुदो रहेछ । यो भनाई एक संघर्षशील जीवनको शुरूवात गरेका ब्यक्ति कटे नेपालीको हो । आफु विरामी परेर थला परेको अवस्थामा डोकोमा बोकेर उनको घर डौड गाविसबाट सिलगढी पुऱ्याउदाको अवस्था सम्झदा उनी अत्यन्त भावुक बन्दछन । रक्त परिक्षण पुर्व उनलाई एच.आई.भी हो भन्ने थाहा थिएन । उनले गाउघरको धामी झाक्री लगायत सवै कार्य गरे तर उनलाई विसेक भएन। विराम झन झन बढन थाल्यो।

कटेलाई जीवन प्रतिको आशा मरीसकेको थियो तथापी शाश छउञ्जेल सम्मको आश भने झै उनी उनको ब्यथा निको वनाइदिने देवताको खोजी गरिरहेका थिए । उनको वेहाल अवस्था भईरहेका वेला उनि सामुदायिक विकास मञ्चको सम्पर्कमा आउन पुग्छन । तत्पश्चात उनलाई डोकोमा हालेर डौड गाविसवाट सिलगढी पुरयाइन्छ । उनको घर सदरमुकाम सिलगढीबाट १४ कोष टाढा दुर्गम डौड गाविस वडा नं १ मा पर्दछ । २०६१ सालमा सिलगढी आएर रक्त परिक्षण गर्दा उनी एच.आई.भी संक्रमीत थिए । शुरूमा उनलाई अत्यन्त ब्यग्र एवं तीतो अनुभुति भयो तर विस्तारै उनलाई आफनो अवस्था सामान्य लाग्न थाल्यो । त्यो दिन देखि उनले औषधी उपचार गरी अलिकति सामान्य अवस्थामा फर्के र साहषिक जीवनको शुरूवात गरे । एच.आई.भी भएर वाचीरहेकाहरूलाई कटे नेपालीले संघर्षपुर्ण तथा साहषिक जीवनको शुरूवात मान्दछन ।

कटेले आफनो श्रीमति दुर्गालाई पनि रक्त परिक्षण गर्न लगाए, दुर्गा पनि संक्रमीत भएकी रहिछिन । यस भन्दा अगाडी उनको एक छोरीको मृत्यु भइसकेको थियो । उनिहरू दुवैले मनमा साहष पैदा गरे । कटेलाई वाचुला जस्तो लागेको थिएन । उनको सिडिफोर १९ मात्र थियो उसो त उनकी श्रीमति दुर्गाको सिडिफोर पनि ९१ मात्र थियो । रक्त परीक्षण पश्चात उनको छोराको मृत्यु भयो । आफनो जीन्दगीका नाटकीय घटना सम्झदा कटेलाई अनौठो अनुभव लाग्छ । उनको विचारमा जीवन तीता मिठा अनुभवहरूको संग्रह हो । संयोगले कटेका आफन्त नातेदारहरू पनि संक्रमीत भेटीए । दुर्गाकी दिदी पनि संक्रमीत छन भने भिनाजुको मृत्यु भइसकेको थियो । कटेलाई यो अवस्थामा चुप चाप वस्ने मनै लागेन । उनी भित्र नया विचार पैदा भयो एच.आई.भी र एडस विरूद्ध जीवन पर्यन्त लडने । उनमा एक्कासी साहष पलायो र उनले समाजमा एच.आई.भी भएर वाचीरहेका हरूको घाउमा मलम लगाउने अठोट गरे।

आजकल कटे एक संघर्षशील समाजसेवीका रूपमा चिनिन्छन । उनले आफु वाचुञ्चेल आफनो जस्तो अवस्था अरूको नहोस भनेर सवैलाई सम्झाउने गरेका छन । अहिले उनको सिडिफोर ८४२ रहेको छ भने दुर्गाको ५७९ रहेको छ । कटे नेपाली हेर्दा हस्टपुस्ट र फुर्तिला देखिन्छन । हाल उनि सामुदायिक विकास मञ्च (सि.डि.एफ) मा घरदैलो हेरचाहकर्ताको रूपमा काम गर्दैछन । उनि विगत ५ वर्ष देखि तथा पुर्नताजगी तालिम समेत प्राप्त गरेका छन। सि.एच.वि.सि सम्बन्धी आधारभुत उनको काम संक्रमीतहरूलाई हेरचाह तथा आबश्यक परामर्श दिनु हो । एउटा गैर सरसरकारी संस्थाको कर्मचारी भएर संक्रमीतको सेवा गर्न पाएकोमा उनि गर्व महसुस गर्दछन । सि.डि.एफका कर्मचारीहरू उनलाई कटेदाई भनेर सम्बोधन गर्दछन। कटेलाई एच.आई.भी र एडस सम्बन्धी प्रशस्त मात्रामा जानकारी छ । कटेले पिएमटीसिटी गराएर छोरी जन्माएका छन । यी दम्पति अहिले खुसी छन ।

जीवनमा कामको ब्यस्तता भयो भने थकानको महसुस नै हुदैन भन्छन उनी । आज कल कटे विगत

भन्दा गम्भीर, जिम्मेवार एवं आद्यात्मिक वनेका छन । उनी भगवानमा विश्वास गर्छन र आँखा चिम्लेर दैवी शक्तिको चिन्तन गरेर आनन्द प्राप्त गर्दछन । मानिसको जीवन वाच्ने आफनै तरीका हुन्छ । आफुलाई जसरी आनन्द प्राप्त हुन्छ त्यसरी नै अभ्यस्त राख्नु पर्ने वताउछन उनले ।

उनलाई नजिकैबाट चिन्नेहरू पनि विगत र अहिलेको कटे नेपालीमा आकास पातालको भिन्नता देख्दछन । अहिले उनी संक्रमीतहरूको नेतृत्व गर्न सक्ने हैषियत राख्दछन । मञ्चमा निर्भीक भएर कुरा राख्न सक्ने क्षमताको विकास भएको छ उनमा ।

जीन्दगीको गोरेटोमा जति एउटा स्वस्थ ब्यक्तिले समाजसेवा गर्छन कटे नेपालीले त्यो भन्दा कम गरेका छैनन। डोटीका संक्रमीतहरू उनलाई संक्रमीतका नेताका रूपमा स्वीकार गर्दछन । उनको साहस, दृढता, परिपक्वता र प्रतिवद्धताको सवैले कदर गर्न सके एच.आई.भी संक्रमीतलाई सम्मानीत जीवन बाच्न सहयोग पुग्नेछ ।

## जीवनचक्रका केही झलकहरू




उपचार गर्न आउँदाको अवस्था



कर्मचारीका रूपमा तालिममा संलग्न



समुदायमा गई घरदैलो भेटघाट गरीरहेको



PMTCT प्रबिधिबाट संक्रमित नभएकी छोरीका साथमा

सफलताको कथा

# महिला स्वास्थ्य कार्यक्रममा मेरो अनुभूति

चन्द्रा बोहरा
सामाजिक परिचालक,
महिला स्वास्थ्य कार्यक्रम

स्कुल पढ्दा देखिनै सामाजिक संस्थाहरूमा संलग्न भएर सामाजिक कार्यहरूमा सक्रिय हुने मेरो चाहना थियो । बिद्यालय स्तरमा हुने सरसफाइ कार्यक्रम बिभिन्न दिवसहरूमा पनि आफुलाई सरिक गराउदै आए । एसएलसि स्तरको पढाई पुरा गरे पछि बिभिन्न सामाजिक संस्थासंग नजिक रहे पनि सक्रिय रूपमा समुदाय स्तरमा गएर सक्रिय रूपमा काम गर्ने अवसर भने प्राप्त गर्न सेककी थिईन ।

यसै सन्दर्भमा म सामुदायिक बिकास मंच नेपाल डोटीको सम्पर्कमा आए । सामुदायिक बिकास मंच नेपाल डोटीले पपुलेसन सर्बिसेज ईन्टरनेशनल नेपाल संग मिलेर डोटी जिल्लामा महिला स्वास्थ्य कार्यक्रमको शुरूवात गरिरहेको थियो यस्तै जनवरी २०१२ तिरको कुरो हो । यस कार्यक्रममा बिशेष गरी परिवार नियोजनको लामो अवधीको साधन आईयुसिडीको सामाजिक बजारिकरण गरिरहेको थियो ।

यसै कार्यक्रममा मैले पनि समुदाय स्तरमा गएर सामाजिक परिचालक जसलाई 'दिदि' भन्ने नाम दिईएको थियो यसै जिम्मेवारी अन्तरगत मैले मेरो सामाजिक सेवाको करियरको सुरूवात गरे ।

सुदुरपश्चिमको पहाडी जिल्लाहरूमा थुप्रै प्रकार कु संस्कारले जरा गाडेको छ त्यहि पनि परिवार नियोजनका साधन प्रतिको नकारात्मका धारणाले गर्दा महिलाहरूले नचाहादा नचाहादै पनि गर्वधारण गर्नु पर्ने कैयौ पटक अकालमा ज्यान गुमाउनु पर्ने अवस्थाको समेत सृजना हुन्थ्यो । तै पनि परिवार नियोजनका साधानको प्रयोगमा कमि नै थियो ।

आईयुसिडी महिलाहरूको पाठेघरमा राख्ने परिवार नियोजनको अस्थायी साधान महिलाहरूमा ब्याप्त नकारात्मक भ्रमका कारण सहि सुचना दिदा पनि जागीर खानकै लागी हाम्रो शरिर दाउमा राख्ने भन्ने मलाई दोष लाग्थ्यो । कति पटक त अव काम नगरौ जस्तो पनि लागेको थियो सामान्य तथा अरू कारणले केहि शरिरमा गडबढी भएपनि मलाई नै गाली गर्न आउने, मलाई त्यती खेर शाहस बढेर आयो जती बेला मेरै काम गर्न थालेको ७ महिना जती पुगी सकेको हुदो हे मेरै दिदि र भाउजु आफै अग्रसर भएर आईयुसिडी लगाउनु भयो ।

दिदि र भाउजुले आईयुसिडी प्रयोग गरि सकेपछि उहाले टोल/छिमेक तथा चिनेजानेका मान्छेलाई समेत यस बारेमा भन्न थाल्नु भयो जसको कारण नौ महिनामानै प्रयोग गर्ने महिलाहरूको संख्या ६५पुग्यो ।

हाल आएर आईयुसिडी प्रयोग गर्ने महिलाहरूको संख्या मासिक रूपमा २० देखि २५ सम्म हुन्छ । एक पटक लगाए पछि १२ बर्ष सम्म काम गर्ने हुदा यसबाट महिलालले नचाहादा नचाहादै बर्षै बर्ष बच्चा जन्माउनु पर्ने बाध्यता त टरेको छ नै महिलाहरूको स्वास्थ्यमा पनि सुधार हुदै गईरहेको छ ।

सामुदायिक बिकास मंच नेपाल डोटीले बिभिन्न राष्ट्रिय तथा अन्तराष्टिय संघ संस्था तथा सरकारी निकाय संगको सहकार्य र स्वयं आफ्नो पहलमा पनि बिभिन्न सामाजिक कार्यहरू गर्दै आईरहेको छ । जस्तै एचआईभी संक्रमितहरूको लागी घरदैलोमा आधारित हेरचाह तथा सहयोग, केयर होम संचालन, भिसिटी सेवा बिभिन्न निर्माण कार्यमा सामाजिक परिचालन लगायतका कार्यहरू गर्दै आईरहेको छ । हाल आएर म पनि महिला स्वास्थ्य कार्यक्रमका अलावा संस्थाले संचालन गर्ने अन्य सामाजिक कार्यमा समेत सक्रिय रूपमा सहभागी हुदै आएकी छु। यसमा मलाई संस्थाका अध्यक्ष भक्तबहादुर सिंह लगायत संस्था सदस्य र कर्मचारीहरूले सहयोग गर्दै आईरहेका छन।

**परिचय**

मलाइ सानै देखि नै समाजसेवी बनेर समाजमा महिला प्रति भइरहेका दुरव्यबहार को अन्त्य गर्ने इच्छा हुन्थ्यो र महिलाले पाउनु पर्ने सुविधा नपाइकोमा धेरै दुखि पनि हुन्थे । मलाइ सानो उमेरमा

के लाग्थ्यो भने हामि महिला दिदिबहिनिहरू धेरै पछि परेका छौ र हाम्रो समाजले हामिलाइ निकै पछाडी पारेको जस्तो लाग्दथ्यो । साच्चै भन्नु पर्दा हामि नेपालि नारीहरू ऋरू देशको तुलनामा निकै पछी परेका देखिन्छौ । मलाइ समाज सेवा गर्ने मन भए पनि कताबाट सुरू गरौ भनेर पहिले म आफै अलमलमा थिए र यसैको खोजिमा लागि रहेर म कक्षा ११ मा पढ्दै थिए मलाइ के जानकारी भयो भने डोटी जिल्लाको नगरपालिका वडा नं. १ सिलगढीमा एक यस्तो संस्था छ जो महिलाको हरेक समस्या र एच.आइ.भि. एड्स सम्बन्धि काम गर्ने नाम चलेको संस्था सामुदायिक विकास मञ्चमा गएर महिला स्वास्थ्यका क्षेत्रमा काम गर्ने अवसर प्रदान गर्न अनुरोध गर्दा उक्त संस्थाद्वारा संञ्चालन भैरहेको महिला स्वास्थ्य कार्यक्रममा दिदि पदमा नियुक्त गरी मलाइ काम गर्ने अवसर प्रदान गर्नु भयो । उक्त कार्यक्रम पनि महिला सम्बन्धि नै सम्बन्धित भएकाले मलाइ ढुङ्गो खोज्दा देउता मिले झै भयो र मैले एकदमै मनै देखि खुशि भइ भने हुन्छ सर मैले खोजेको पनि यस्तै हो । हाम्रो यो महिला स्वास्थ्य कार्यक्रम पि एस आइ नेपाल र सि डि एफ नेपालको संयुक्त साझेदारिमा संञ्चालित भैरहेको छ । यो महिलाले प्रयोग गर्ने परिवार नियोजनको अस्थाई साधन आइ.यु.सि.डि वा कपर्टि सम्बन्धि काम गर्ने र्काक्रम हो । हाम्रो देश नेपालमा जनसंख्या बृद्धिले गर्दा नै गरिबि र अशिक्षाको दलदलमा फसेको कुरा सबैलाइ अबगत नै छ । यसको बारेमा काम गर्न पाउनु भनेको मेरो लागी सौभाग्यको कुरा हो अनि मैले त्यसको भोलि पल्ट देखिनै काम गर्न सुरू गरे । पि एस आइ को नियम अनुसार टोल छिमेकमा घरदैलो गर्दै दिदी बहिनीहरूसँग भेटघाट गर्दै कपरटीको बारेमा जनचेतना फैलाउदै अगाडी बढे । कपर्टि अस्थायी र स्थायी दुबैमा फाइदा लिन महिलाको पाठेघरमा राखिन्छ । भन्नासाथ नबुझेका दिदिबहिनिहरू लाजले भुतुक्कै भएर टाउको निहुराएर बोल्दै नबोलि बस्नु हुन्थ्यो भने अलि पढेलेखेका रबुझेका दिदिबहिनिहरू डर मानेर यो यस्तो खतरनाक चिज कसरि प्रयोग गर्ने यो प्रयोग गरेपछि हाम्रो पाठेघरमा असर पार्लानि यस्तो अप्ठेरो अस्थाइ साधन कसरी प्रयोग गर्न सक्छौ भन्नु हुन्थ्यो झन अरूलाइ पनि डराइ दिनु हुन्थ्यो यदि गर्दा पनि म चुप लागेर बसेन यसैलाइ निरन्तरता दिइ रहे, यसैको प्रचार प्रसार गर्दै हिडे । काम गर्न थालेको ७ महिना पछि १ जना मेरो भाउजु र दिदिबाट सुरूवात गरे र उहाले आफुले कपर्टि प्रयोग गरेको आफ्नो टोल छिमेकमा अरू दिदि बहिनिहरूलाइ कपर्टिको बारेमा भन्न थाल्नु भयो र मलाइ काम गर्न केहिमात्रामा काम गर्न सजिलो भयो र मेरो काम गर्ने आत्माबल बढ्यो र बिस्तारै बिस्तारै ९ महिना पछि आएर कपर्टि लगाउने महिलाको संख्या ६५ पुग्यो । अहिले यसको प्रयोग गर्ने धेरै महिला दिदिबहिनिहरू म कहा सल्लाह लिन आफै आउछन । नलजाइ स्वास्थ्य संस्थामा गइ कपर्टि स्वास्थ्य कर्मिबाट प्रयोग गरी माग्छन । अहिले मलाइ यस क्षेत्रमा काम गर्न धेरै सजिलो भैरहेको छ । अहिले आएर १ बर्ष पछि कपर्टि प्रयोग गर्ने महिलाहरूको संख्या प्रत्येक महिनामा २० देखि २५ जनाको हाराहारीमा आउने गर्दछन । जनसंख्या बृद्धि, बाल मृत्यूदर कम हुनुका साथै महिलाको स्वास्थ्यमा पनि सुधार आएको देखिन्छ ।

यसरी परिवार नियोजनका बारेमा समुदायमा जानकारी दिई महिलाको स्वास्थ्य अवस्था सुधार गर्ने र सुखी र खुसी परिवार निर्माणका लागि कार्य गर्ने यो अभियानमा निरन्तर रूपमा संलग्न हुने प्रतिबद्धता व्यक्त गर्दै यस परियोजनाका लागि सहयोगी संस्था PSI र सामुदायिक विकास मञ्च नेपाल लाई धन्यवाद दिन चाहन्छु ।

**सवै प्रकारका बिभेदहरूको अन्त गरौं ।**
**मानव अधिकारको पूर्णपालना गरौं ॥**

## सफलताको कथा

# धामी झाँक्रीको उपचारले समस्या

*लक्ष्मी कुमारी ओझा*
*सिएचविसी टिम लिडर*
*सामुदायिक विकास मञ्च नेपाल डोटी*

११ वर्षको कलिलो उमेरमा कामका लागि भारत गएका दिपायल सिलगढी नगरपालिका वडा नं १४ पाँकरीका दली नेपालीलाई त्यत्तीबेला अहिले जस्तै एचआईभी/एड्सका बारे जानकारी दिने संघ संस्था भईदिएको भए एचआईभी हुने थिएन । घरको आर्थिक अवस्था कमजोर भएका कारण उनले मजदुरीका लागि भारत पस्नु परेको हो । लामो समय भारतमा काम गरेका दलीलाई २०६२ सालतिर एक्कासी ज्वरो आउने, खान मन नलाग्ने र कमजोरी अनुभव हुने जस्तो हुन थाल्यो ।

सुदूरपश्चिमको समाज, विरामी परेपछि पहिला औषधि भन्दा पनि धामी झाँक्रीकहाँ जाने प्रचलन छ । त्यही प्रचलन अनुसार दली पनि धामीझाँक्री कहाँ गए तर निको भएन । उनी झनझन कमजोर हुदै गए। 'म धामीझाँक्री कहाँ धेरै पटक गए तर निको भएन' उनले भने । उनको भारत आउने जाने क्रम भई रहन्थ्यो । 'विरामी भईरहेपनि भारतमै गएर औषधि गरूँला भन्दै म फेरी भारततिर नै लागे । त्यहाँ पनि औषधि मूलोमा धेरै रकम खर्च तरे तर निको भएन' उनले भने । भारतमा पनि उपचार गराउदा निको नभएपछि उनले आफु २०६३ सालमा पुनः घर फर्केको बताए । 'काम गर्न नसक्ने भईसकेको थिए । मजदुरीको काम गर्नै नसक्ने भएपछि किन साहुले तलब दिन्थ्यो, म घर फर्के' अतित सुनाउदै उनले भने। घर आएपछि पनि उनले आफ्नै हिसावले औषधि गर्दै गए । 'त्यसपछि पनि धामी झाँक्री र अस्पतालमा गरी ५०/६० हजार खर्च गरे तर निको भएन' उनले भने ।

'एकजना समाजेवीले मलाई डोटी जिल्ला अस्पतालमा रगत जाँच गराउन सल्लाह दिए । म अस्पताल गए र रगत जाँच गराए । मलाई एच.आई.भी.को संक्रमण देखियो । म एकदमै दुखी भए । त्यो रातभर निन्द्रा लागेन । भारतमा साथीहरूको लहैलहैमा लागेर कोठीहरूमा गएको कुराहरू झल्झल्ती सम्झिए । यो कुरा पहिला नै थाहा पाएको भए कोठीहरूमा जाने नै थिएन, गएपनि सुरक्षित यौन सम्पर्क गर्थे भन्ने लाग्यो तर ती भावनाहरू मात्रै थिए म सँग । किनकी मलाई जे हुनु थियो त्यो भईसकेको थियो' आफ्ना मनका भावना सम्झिदै दलीले भने । उनले डाक्टरको सल्लाहका आधारमा श्रीमती र दुई छोराहरूको पनि रगत परिक्षण गरेको बताए । दलीको श्रीमती र दुबै छोरा पनि एचआईभी पोजेटीव देखिए । 'त्यो क्षण मेरा लागि सबैभन्दा दुखी थियो । आफुले गरेको गल्तीको सजाय श्रीमती र दुई नावालक छोराहरूले पनि भोग्नुपर्‍यो भन्ने लाग्यो' उनले भने ।

श्रीमान श्रीमती दुबैलाई एचआईभी संक्रमण देखिएपछि अब उपचारमा जानुको विकल्प थिएन । एफएचआईको आर्थिक तथा प्राविधिक सहयोगमा समाज विकास केन्द्र (सिडिएफ) ले कामका लागि भारत जानेहरूका लागि सञ्चालन गरेको एचआईभी रोकथाम, उपचार तथा हेरचाह कार्यक्रमको सम्पर्कमा आए । (पहिला कसको सम्पर्कमा कसरी आए ? सिडिएफका कस्ले, कसरी, कस्तो सल्लाह दिए) हामी श्रीमान श्रीमती दुबैजना सिडिफोर काउन्टका लागि धनगढीको सेती अञ्चल असपताल गयौं । हाम्रो आउने जाने खर्च पनि एफएचआईको सहयोगमा सिडिएफले सञ्चालन गरेको कामका लागि भारत जानेहरूका लागि एचआईभी रोकथाम, उपचार र हेरचाह कार्यक्रमले दियो । दुबै जना (कहिले) धनगढी पुग्यौं । त्यहाँ सिडिफोर काउन्ट गरियो । (कस्को कति कति सिडिफोर देखियो) । सिडिफोरका आधारमा कसैलाई पनि एआरभी सुरू गर्ने अवस्था पुगेको थिएन।

धनगढीबाट फर्केपछि श्रीमतीको मृत्यु भयो । आफै विरामी त्यसमा पनि श्रीमतीको मृत्युले झन दुखित बनायो । दुईजना संक्रमित छोराको लालन पालनको चिन्ताले मलाई झन कमजोर बनायो । श्रीमतीको मृत्युपछि दुबै संक्रमित छोराहरूको लालनपालनको जिम्मा पनि मेरै काँधमा आएको छ । आफु त जेनतेन गुजारा गर्थे तर संक्रमित छोराहरूको कसरी पालन पोषण गरू भन्ने लागको छ । त्यसपछि म विभिन्न संस्थाको तालिममा सहभागि भए । ती तालिमहरूले पनि बाँच्ने हौसला दियो । अहिले मलाई सिडिएफको सिएचविसी टीमले सेवा दिईरहेको छ । दुई छोरा र म कोट्रिम खाईरहेका छौं। सिडिएफले प्रदान गरेको तालिमका कारण अहिले म पनि संक्रमितहरूलाई सल्लाह दिने गर्छु ।

## सफलताको कथा
# डोटीको बि.पी.नगरमा डिलर स्थापना

राम चन्द्र जोशी
कार्यक्रम संयोजक

UNICEF नेपालको आर्थिक सहयोगमा सामुदायिक विकास मञ्च (CDF) नेपालद्वारा संचालित आयोडिन युक्त नूनको सामाजिक बजारीकरण अभियान कार्यक्रम सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत डोटी र अछाम जिल्लामा लागु भएको कुरा सर्व बिदितै छ यही अनुरूप यस डोटी जिल्लाको ५० वटै गा वि स, १ नगरपालिकामा हाम्रो यो कार्यक्रम लागु भए देखि हाल सम्म यस जिल्लाको विभिन्न भागमा आयोडिन नून खाने परिवारको संख्या उल्लेख्य मात्रामा बृद्धि भएको छ । विश्वमा अन्य विकास उन्मुख देशहरूमा जस्तै अत्यन्तै गम्भिर समस्याको रूपमा देखिएको गलगाँड, लुलोलंगडो, शारीरिक र मानसिक विकासमा अपूरणीय क्षति तथा गडबडी ल्याउने समस्या आयोडिनको कमी भएमा हुने गरेको छ ।

यही कार्यक्रमको निरन्तरता स्वरूप यस जिल्लामा यो कार्यक्रम लागु भए पश्चात समुदायमा भएका अन्तरक्रिया,सडक नाटकको माध्यमवाट आयोडिनको महत्वका वारेमा थाहा पाएर डोटी जिल्लाको दक्षिणी भेगको दुर्गम क्षेत्रमा पर्ने १२ वटा गा.बि.स.को केन्द्रमा रहेको बर्छेन गा.वि.स. वडा नं ९ स्थित बि.पि. नगर भन्ने स्थानिय वजारमा चक्र बहादुर देउवाज्युले कालिका जनरल स्टोर नामक डिलर स्थापित हुन पुगेको छ ।

डोटी जिल्लाको दुर्गम स्थानमा अवस्थित बि.पि. नगर भन्ने ठाउमा स्थापित उक्त डिलरले त्यो क्षेत्रका बर्छेन, निरोली, मान्नाकापडी, गडसेरा, केदार आखडा गरी ५ गा.वि.स. का बासिन्दाहरूलाई प्रत्यक्ष र अन्य ७ वटा गा.बि.स.का वासिन्दाहरूलाई अप्रत्यक्ष रूपमा फाईदा हुने कुरालाई मध्यनजर गरी बासिन्दाहरूलाई आयोडिनयुक्त नून खान अभिप्रेरित गरेको छ ।

यो डिलर स्थापना हुनु भन्दा पहिला ढिके नूनको मात्र प्रयोग गरिन्थ्यो भने हाल आएर त्यस क्षेत्रका भण्डै ३०४१ घरपरिवारका १९,२७८जना प्रत्यक्षरूपमा पूर्णरूपमा लाभान्वित छन् । भारतबाट खुला चोरी पैठारीको समस्याले कम गुणस्तरको नून यहाँका जनताहरूले उपभोग गरिरहेको र अशिक्षा, गरिवी, अन्धविश्वास, रूढीवादी परम्परा र चेतनाको कमी आदी कारणबाट बालबालिकालाई उचित स्याहर सुसार गर्न नसक्दा बर्षेनि शारीरिक मानसिक रूपमा अपाङ्ग भएर बाँच्नु परेको अवस्था विद्यमान छ।

यसरी ढिके नूनको बिस्थापन गरि त्यस क्षेत्रमा आयोडिनयुक्त नूनको प्रयोगका लागि डिलर स्थापना गर्ने भनि स्थानिय वजार समितीसँग सामुदायिक बिकास मञ्चले पटक-पटक छलफल गरि डिलर स्थापनाका लागि सम्पर्क समन्वय लगायताका कार्यहरूमा संलग्न भई यो डिलर स्थापना गर्न लगाएको थियो ।

### दुई बालबालिकाको चिन्ह भएको आयोडीनयुक्त प्याकेट नूनको महत्व

१) गर्भअवस्था देखिनै आयोडीनको कमी भएर जन्मेका बालबालिकामा लाठो लठेब्रोपन र सुस्तमनस्थिति जस्ता समस्या देखा पर्दछ जसको उपचार पछि सम्भव छैन।

२) आयोडीनयुक्त नून बाहेक अन्यबाट आयोडीन पाउन सकिदैन।

३) ढिके तथा खुल्ला नूनबाट सही मात्रामा आयोडीन पाउन नसकिने भएकोले यस्ता नून प्रयोग गर्न हुदैन।

४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सही मात्रामा आयोडीन भएको नूनलाई दिने प्रमाणिकरण चिन्ह दुई बालबालिकाको लोगो हो। यस्तो नूनबाट मात्र सही मात्रामा आयोडीन पाइने ग्यारेण्टी भएकोले सधैं यो चिन्ह भए/नभएको हेरेर मात्र किन्नु पर्छ।

५) आयोडीनयुक्त नूनमा भएको आयोडीन उडन नदिन सधै बिर्को बन्द बट्टामा राख्नुपर्छ।

सफलताको कथा

# नवराज ओझाले सुरू गरे प्याकेटको नून बिक्री गर्न

तेज बहादुर सिंह
सामाजिक परिचालक

डोटी जिल्लाको उत्तरी भेकको कालिकास्थानमा त्यस क्षेत्रका ११ वटा गा.बि.स.को स्थानिय वजार हो त्यस कारण त्यसक्षेत्रका वासिन्दाहरू दैनिक उपभोग्यका सामानहरूका लागि त्यस कालिकास्थान को मौवा भन्ने ठाउमा जाने गर्दछन् । त्यस स्थानिय वजारमा लगभग ८ वटा जती थोक बिक्रीका पसल हरूछन् ।

UNICEF नेपालको आर्थिक सहयोगमा सामुदायिक बिकास मञ्च नेपालद्वारा संचालित आयोडिनयुक्त नूनको सामाजिक बजारीकरण अभियान कार्यक्रम सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत डोटी र अछाम जिल्लामा लागु हुनु भन्दा अगाडी त्यस पसल लगायत वजाररमा प्याकेटको नून पाईदैन थियो । ढुवानी गर्न सजिलो र नाफा पनि बढी आउने र समुदायमा मागपनि बढी हुने भएकोले ढिके नूनमात्र बिक्री गर्ने गर्दथे ।

यसै सन्दर्भमा सामुदायिक बिकास मञ्च CDF Nepal द्वारा संचालित आयोडिनयुक्त नूनको सामाजिक बजारीकरण अभियान कार्यक्रम यस कालिका स्थान गा.वि.स.मा सुरूभए देखि त्यस क्षेत्रमा ब्यापारीहरूसंग दुई बालबालिका चिन्ह भएको प्याकेटको नून बिक्री गर्नका लागि परिचयात्मक कार्यक्रम, सडक नाटकप्रदर्शन र कोर समिती गठन गर्दा समेत छलफल गर्दा स्थानिय व्यापारी नवराज ओझाले दुई वालवालिका चिन्ह भएको प्याकेटको नून बिक्री गर्नका लागि  मञ्जुर भए र २०१२ सेप्टेम्वरको पहिलो हप्तादेखिनै बिक्रीगर्न सुरू गरि सकेका छन् । हाल आएर ११ वटा गा.बि.स.का मानिसहरूले औसत दैनिक रूपमा ५० पोका नूनको बिक्रि भईरहेको छ । साथै निजले ढिके नूनको बिक्रिबितरण नगर्ने प्रतिबद्धता समेत ब्यक्त गरेका छन् ।

सुरूमा यो नून बिक्री गर्दा सोचे अनुरूप फाईदा हुदैन की भन्ने डर लागेको थियो तर अहिले ११ वटै गा.बि.स.वाट माग हुने गरेको र मैले समेत आयोडिनको महत्व राम्रोसंग बुझेकोले नाफा र सेवा समेत गर्न पाएकोले आत्म सन्तुष्टि समेत वढेको कुरा निज ब्यापारी नवराज ओझा वताउनुहुन्छ ।





## सफलताको कथा

# थोरै जमिनको सही सुदपयोग

राम प्रसाद दाहाल
सामाजिक परिचालक

जुले भूल बर्ष ५५, वार्ड नं १, डौड भूलवडा बस्ने एक उन्नतीशिल तरकारी उत्पादन गर्ने किसान हुन् । उनी दलित परिवारमा जन्मिएका कर्मठ मेहनती व्यक्ति हुन् । शिक्षामा निरक्षर भएतापनि निरन्तर तरकारी खेतीमा लागि परिरहेका छन् । उनको घर करेसाबारे केवल मात्र १ रोपनी जग्गामा छ र उनले त्यस जमिनमा सानो पानीको पनि सदुपयोग गरेका छन् । उनकी श्रीमति ग्रामिण पहुंच कार्यक्रम दोस्रो चरण लागू भएको डौड पात्ती हाल्ने सडक खण्डका सडक निर्माण समूह ३, देवी सडक निर्माण समूहकी सदस्य हुन् । ग्रामिण पहुंच कार्यक्रम डोटीमा २०६५ चैत्र २४ बाट लागू भएपछि उनको र उनको नौ जना परिवारको आर्थिक जीवन स्तर र जीविकोपार्जनमा निक्कै सुधार तथा आर्थिक विकास भएको छ ।

ग्रामिण पहुंच कार्यक्रम लागू हुनु पूर्व भूलवडाका दलित समूदाायका युवा तथा अधबैशेहरू कामको खोजीमा र कामकालागि भारतका विभिन्न प्रान्तहरूमा जाने गर्दथे । अवको अवस्था भने यस क्षेत्रमा त्यस्तो छैन् ग्रामिण पहुंच कार्यक्रम लागू भए पछि गाउंमै गाउंलेहरूले स्वरोजगारी पाएका छन् । विहान बेलुकी आफ्नो घर तथा परिवारमै सुख पूर्वक बांची जीवन निर्वाह गरेका छन् भने दिउसोको समयमा भूलवाडा बासीहरू सडक निर्माणकालाागि ग्रामिण पहुंच कार्यक्रमको कार्यमा व्यस्त छन् र सडक निर्माणबाट पाएको श्रमको रूपैयालाई श्रम बचत तथा नियमित बचत तथा समूहमा श्रृण लगानी व्यवसायिक तरकारी खेती तथा व्यापार व्यवसायिक सीपहरूमा अग्रसर भई स्वावलम्बी बन्न लागि परिरहेकाछन् ।

हाल जुले भूलले आफ्नो जीवनमा सकारात्मक परिवर्तन गरि मौसमी तथा बेमौसमी तरकारी खेती गरि उक्त उत्पादिन तरकारी स्थानिय स्तरमा विक्री वितरण एवं खपत गर्दै आएका छन् । उनले आफ्नो करेसा बारीमा, काक्रा, काउली, बन्दा, मूला, आलु, खुर्सानी, अदुवा, लसून, प्याज जातका मौसमी तथा बेमौसमी तरकारी खेती गरेर स्थानिय बजार, डौड, मेल्लेक, मौवा, रौवा आफ्नो उत्पादनलाई बिक्री गर्दै आएका छन् ।

जुले भूल घरबाट बाहिर निष्कदा कुनै कुनै आफूले उत्पादन गरेको बस्तुहरू तथा सामाग्रीहरू झोलामा हालेर नै बाहिरिन्छन् । गाउंमा बजार विस्तार तथा उत्पादित सामान विक्री वितरण गर्ने उनमा यो एक कलाको नै विकास भएको छ । जहां जांदा पनि झोला हातमै र विक्री गर्ने सामान साथैमा उनको हुने गरेको छ । भूल गाउंलेले मानी आएका धामी हुन् । हाम्रो जस्तो परम्परागत रूढीबादी समाजमा धामीहरूले काम गर्न हुन्न भन्ने मान्यता यद्यपी विद्यमान नै छ तर पनि उनले आफू धामी भएरपनि मेहनत र पसिनाले काम गरि आफ्नो कमाई खाने बानीको विकास बसाल्नु पर्दछ भन्ने सन्देश श्री भूल आफै स्वयंम् भूलबाडा डौड गाउंमा उदाहरण बनी प्रस्तुत भएका छन् हाल उनको सिङ्गो जीवन नै समाजमा प्रशंसनीय बन्दै गएको छ ।

यस कार्यक्रमको अबधिमा उनले आफ्नो जग्गाको आधा रोपनी जमिनमा नामधारी जातको खुर्सानी रोपेर, महिनौ अधिक वर्षाको बेलामापनि करीब ५०० के.जी खुर्सानी फलाउन उनी सफल रहे । स्थानिय बजारमा नामधारी खुर्सानीको मूल्य रू.२०० प्रति केजी पर्दछ भने उनले प्रति क्वीन्टल (१०० के.जी) को रू.२०००० का दरले पनि पांच क्वीटल को कुल जम्मा रू १००,०००। बराबरको आम्दानी खुर्सानी खेतीबाट मात्र कमाउन सफल रहे । त्यसका अलाबा मौसमी तथा बेमौसमि तरकारीबाट यो कार्यक्रम अबधि भरमा करीब रू १८०००० कमाएका छन जसबाट नौ जना परीवार पाल्नुको साथै २ ठाउमा धान तथा गहु उत्पादन गर्ने खेत समेत किनेका छन जसको फलस्वरूप अहिले उनको परीवार खाद्यान्नको समस्याबाट पार लागेका छन ।

ग्रामिण पहुंच कार्यक्रम दोस्रो चरण र सामुदायिक विकास मंच डोटीको संयुक्त आयोजना र सहयोगमा डौड खण्डमा ५४ वटा सडक निर्माण समूहहरू परिचालित छन् । मिति २०६५ चैत्र २४ बाट ग्रामिण पहुंच कार्यक्रम (र्‍याप) दोस्रो चरणमा सामाजिक तथा आर्थिक विकास कार्यक्रम लागू भएको छ । यस कार्यक्रमको मूख्य उद्धेश्य भन्नु नै सडक ग्रामिण क्षेत्रहरूमा सडक निर्माण गरि गाउंको गरिवी निवारण तथा न्यूनिकरणका साथै ग्रामिण क्षेत्रको जनताहरूको बस्तु तथा सेवामा सडकद्धारा पहुंच पुर्‍याउनु नै हो । यस कार्यक्रम लागू भएका डौड तथा तोलेनी गा.वि.स.मा हाल आएर विदेशमा काम गर्न जाने कामदारहरूमा ज्यादै कमी आई रहेकोछ । आफ्नै गाउं ठाउंमा गाउंकै सडक निर्माण विकासको काम पाई स्वरोजगारी मिलेपछि यस डौड तोलेनीका जनतामा उत्साह पैदा भएको छ भने परिवारसंग बसी गाउं घरको अन्य कामकाज गरि सडक खन्न पाएपछि यस भेगका जनताहरू कामको खोजीमा भारत जानु पर्ने पीडाबाट उन्मूक्ति पाई हिजो आज दंगदास छन् । यसै गरि डौड खण्डमा कार्यक्रम हेर्ने सामाजिक परिचालन राम दाहालले आफ्नो सामाजिक क्षेत्रमा डौडमा काम गर्दाको अनुभवमा जुले भूल यस डौड समाजका एक उदाहरणीय व्यक्तित्व भएको कुरा स्वीकार्नु हुन्छ । जुले भूलकै सकारात्मक विकासको नक्कल गर्ने जमात भूलवाडामा आज भोलि देखिन लागेको छ । हिजो सम्म केवल आफूलाई तरकारी खानकालागि मात्र तरकारी खेती भूलवाडाका भूलहरू हिजो आज गरे हुदो रहेछ भन्ने जुले भूलबाटको परिश्रमबाट थाहा पाएपछि हिजो आज व्यवसायिक तरकारी खेती तथा पशुपालन तर्फ उद्यत भएको पाईन्छ ।

जुले भूलले आफूसंग भएको थोरै जमिनबाट पनि अत्याधिक तरकारी खेती उत्पादन गरि आर्थिक विकास र जीविको पार्जनमा पुर्‍याएको योगदानको सराहना गर्दै उनले जस्तै मितव्ययी जीवन उपयोग गरि जमिनको अत्याधिक उपयोगीता हासिल गर्न अन्य यस ग्रामिण क्षेत्रमा काम गर्ने सडक निर्माण समूह सदस्यहरू पनि तरकारी खेतीतर्फ आकर्षित भएका छन् ।

## हाम्रा प्रकाशनहरू



# सामुदायिक विकास मञ्च नेपाल
## डोटी
### (आ.व.२०६९/२०७० को बार्षिक प्रगति प्रतिवेदन)

कार्यक्रमको नाम : एच.आई. भी./एड्स कार्यक्रम (ग्लोवल फण्ड )
सहयोगी संस्था : सेभ द चिल्ड्रेन नेपाल
संचालित मिति : २०६९/४/१ देखि २०७०/०३/३२ गते सम्म

| कार्यक्रम संचालित गा.वि.स | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धी |
|---|---|---|
| पोखरी, गाजरी,सानागाउ, काडामाण्डौगैरागाउ, खिरसैन,लडागडा, बगलेक, डौड,तोलेनी,छपालीगिरिचौका,बाभ्ककानी,खातीवडा, कालिकास्थान,दह कालिकास्थान,महादेवस्थान, लामीखाल,वारपाटा,वनलेक, पचनाली,मुडेगाउ,मुडभरा, तिजाली, कपल्लेकी, भुमिराजमाण्डौ,जिजोडामाण्डौ,लाटामाण्डौ, दुर्गामाण्डौ, रानागाउ, बाशुदेवी, तिखात्तर र दि.सि.न.पा. | ✓ VCT तथा STI केन्द्रको स्थापना<br>✓ सूचना, शिक्षा तथा संचार केन्द्रको स्थापना<br>✓ सामुदायिक हेरचाह केन्द्रको स्थापना<br>✓ समुदायिक कार्यकर्ता परिचालन<br>✓ साथी शिक्षक तालिम<br>✓ जिल्ला तथा गाउँ स्तरका बिभिन्न सरोकारवाला र लाभान्वित समुहहरू संग नक्सांकन सम्वन्धि बैठक<br>✓ यौन रोग र स्वैच्छिक रक्त परिक्षण सेवा<br>✓ प्रवासी र तीनका परिवारलाई घरमै गएर भेटी एच.आई.भी. एड्स, योनरोग र भेदभाव तथा लाञ्छना सम्वन्धि शिक्षा दिनु<br>✓ प्रवासी र तीनका परिवारलाई STI तथा VCT केन्द्रमा प्रेषण<br>✓ जिल्ला तहका सरोकारवाला सरकारी तथा गैर सरकारी निकायसंग कार्यक्रमको प्रगतीका वारेमा जानकारी गराउनका लागि कार्यशाला गोष्ठि संचालन गर्नु<br>✓ मैन बत्ति दिवस दिवस मनाउनु<br>✓ संक्रमितहरूलाई घरमै गएर हेर बिचार तथा स्याहार गर्नु | ✓ ७४२८ जनाले एच.आइ.भी परिक्षण तथा ६४२४ जनाको यौनरोगको उपचार गरियो<br>✓ जिल्ला अस्पताल नजिक पर्ने गरि संक्रमितको लागि समुदायिक हेरचाह बाट ९६ जना एच.आई.भी संक्रमीतले स्याहार सहयोग प्राप्त गरेको ।<br>✓ ६६३० जना प्रवासी तथा ४१५३ प्रवासीका परिवारहरू लाई भेट गरी एच.खाई.भी. एड्स, यौनरोग र भेदभाव तथा लाञ्छनाका वारेमा शिक्षा प्रदान ।<br>✓ समुदायस्तरमा हुने क्रियाकलापहरूमा प्रवासीहरूको उल्लेख्य उपस्थिति ।<br>✓ समुदाय स्तरमा संक्रमितहरूलाई हेर्ने दृष्टिकोण र व्यवहारमा परीवर्तन भईरहेको ।<br>✓ जिल्ला स्वास्थ्य कार्यालय संग सहकार्य गरी मनाईएकाले सम्पर्क समन्वयमा वृद्धि ।<br>✓ १२० जना संक्रमितलाई हेरचाह र सहयोग स्वरूप पोषण सामाग्री बितरण ।<br>✓ समुदायका विभिन्न स्थानमा विभिन्न समूहहरूलाई अभिमुखिकरण कार्यक्रम ।<br>✓ स्थानीय रेडियो प्रसारण केन्द्र बाट रेडियो कार्यक्रमद्वारा HIV/AIDS सम्वन्धि जानकारी दिई गाबिस स्तरमा बिदेशिने, तिनका परिवार र छिमेकीहरूलाई निरन्तर रूपमा जानकारी दिईरहेको । |

| | | |
|---|---|---|
| | ✓ संक्रमितकरूलाई CD4का लागि डोटी जिल्ला अस्पताल पठाउने र उनीहरूलाई यातायातको ब्यवस्था गर्नु।<br>✓ समुदायका अगुवाहरूलाई HIV AIDS सम्वन्धि अभिमुखिकरण<br>✓ आमा समुह, उपभोक्ता समुह क्लबका सदस्य र शिक्षक हरूलाई HIV/AIDS सम्वन्धि अभिमुखिकरण<br>✓ स्थानीय रेडीयो बाट HIV सम्वन्धि सन्देशमुलक कार्यक्रम प्रसारण<br>✓ CHBC सेवाका लागि सहयोग समुह परिचालित<br>✓ संक्रमितहरूलाईपोषण सहयोग<br>✓ संक्रमितहरूलाइ हेरचाह र सहयोग सेवा VCT/STI Mobile Camp | ✓ १० जना संक्रमितलाई थप उपचारका लागि अन्य जिल्लामा रेफर गरिएका<br>✓ जिल्ला एड्स समन्वय समितिलाई संक्रमित हरूलाई पोषण सहयोग गर्न रू. ३३ हजार २ सय ५७ सहयोग गरेको ।<br>✓ ६३ जना संक्रमितहरूलाई CHBC Kits बितरण ।<br>✓ २९ वटा VCT तथा STI Mobile Camp संचालन गरिएको । |

**यस कार्यक्रमवाट प्राप्त सिकाईहरू :**

१. हरेक गाबिसमा कार्यक्रम संचालन गर्दा सम्पुर्ण सरोकारवाला निकायहरूसंग समन्वय गरी कार्यक्रम शुरू गर्दा सजिलो भएको ।
२. संक्रमितहरूलाई प्रत्यक्षरूपमा कार्यक्रममा सहभागि गराउदा कार्यक्रम प्रभावकारी भएको ।
३. VCT/STI Mobile क्याम्पहरू दुर्गाम क्षेत्रमा संचालन गर्दा समुदायले संस्थालाई बढी बिश्वास गर्ने र कार्यक्रमको प्रभावकारीता बढ्ने ।

**समस्याहरू :**

१. कार्यक्रमको क्रियाकलापमा लक्षित समूहहरूको सञ्जाल नभएको हुदा समुदाय परिचालनमा अप्ठ्यारो भएको ।
२. स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी लगायतका स्यास्थ्य निकायहरूमा अवसरबादी संक्रमण ब्यवस्थापनका साथै यौनरोगको लागि औषधीको ब्यवस्था नहुनु ।
३. आशा गरिए जति ग्राहकहरू घर परिस्थिति र भि.सि.टि. सेन्टर टाढा भएकाले गर्दा भि.सि.टि. गर्न आउन नसक्नु ।

**सुझावहरू: :**

१. उपस्वस्थ्य चौकी र स्वास्थ्यचौकीहरूमा प्रयाप्त मात्रामा यौन रोग सम्वन्धि औषधिको व्यवस्था हुनु पर्ने ।
२. टाढा रहेका गा.वि.स. हरूमा मोवाएल भि.सि.टि.क्याम्प सञ्चालन हुनुपर्ने ।
३. पोषण सम्वन्धि प्याकेजको रूपमा कार्यक्रम सम्पूर्ण संक्रमितलाई समेट्ने गरि हुनुपर्ने ।
४. स्थानीय संचार माध्यम बाट अझ बढी HIV/AIDS सम्वन्धि चेतनामुलक कार्यक्रम भएमा बढी प्रभावकारी हुने ।

कार्यक्रमको नाम : एच.आई. भी.संक्रमितहरूका लागी घर तथा समुदायमा आधारित हेरचाह कार्यक्रम
सहयोगी संस्था : एफ.एच.आई नेपाल
संचालित मिति : २०६९/४/१ देखि २०७०/०३/३२ गते सम्म

| क्र.सं. | कार्यक्रम संचालित गा.वि.स. | मुख्य क्रियाकलापहरू | मुख्य उपलब्धीहरू |
|---|---|---|---|
| | पोखरी, गाजरी, सानागाउँ, काडामाण्डौ, गैरागाउ, खिरसैन, वगलेख, डौड, तोलेनी, छपाली, गिरिचौका, छपाली महादेवस्थान, कालीकास्थान, दहकालीका स्थान, खातीवडा, लामीखाल, वनलेख, वारपाटा, लाटामाण्डौ, जिजोडामाण्डौ, तिजाली, पचनाली, मुडभारा, मुडेगाउ, कपल्लेकी, भुमिराजमाण्डौ, रानागाउ, वासुदेवि, दुर्गामाण्डौ, धिर्कामाण्डौ, तिखात्तर, लडागडा, कलेना, दिपायल सिलगढि नगरपालीका | संक्रमीतहरूलाई घर तथा समुदायमा आधारित सहयोग र हेरचाह | ✓ हाल सम्म ४०८ जना संक्रमितहरूले घर तथा समुदायमा आधारित हेरचाह कार्यक्रम बाट प्रत्यक्ष लाभ लिएका छन ।<br>✓ समाजमा पुर्नस्थापना हुन सजिलो भएको छ।<br>✓ ४०८ जना संक्रमीतहरूले घरमै उपचार सहयोग प्राप्त गरेका छन |
| | | लाञ्छाना र भेदभाव तालिम | ✓ समुदायमा एच.आई.भी.का कारण हुने भेदभावमा कमी आएको<br>✓ संक्रमीतहरूलाई तालिम प्राप्त ब्यक्तिहरूले समाजमा पुनस्थापना गर्न आबश्यक सहयोग पुर्‍याइ रहेका छन ।<br>✓ ७५ जना ब्यक्तिहरू लाञ्छाना र भेदभाव कम गर्न समुदायमा परिचालन भएका छन । |
| | | Care giver training | ✓ विभिन्न गाविसका ६० जनाले एच.आइ.भी सम्बन्धि Care giver training लिइ सके पछि संक्रमीतलाई स्याहारमा सहयोग गरि रहेका छन।<br>✓ पोषणयुक्त खानेकुरा खानका लागि संक्रमीतलाई उत्प्रेरीत गरिरहेका छन । |
| | | जिल्ला स्तरीय समन्वयात्मक वैठक | ✓ डोटी जिल्लामा एच.आई.भी/एडसको क्षेत्रमा काम गर्ने संघ संघ संस्था वीच समन्वयात्मक सञ्जाल विस्तार<br>✓ कार्यक्रमको दोहोरोपनामा कमी<br>✓ मिलेर काम गर्ने संस्कृतिको शुरूवात |
| | | संक्रमितहरूका लागी यातायात सहयोग | ✓ ARTनिरन्तरताका लागि सहयोग भएको छ ।<br>✓ सबै संक्रमितहरू स्वास्थ्य सेवाका लागी निरन्तर आउने गरेका छन।<br>✓ समय समयमा आफना हकहितका लागी जिल्लामा आवाज उठाउेन थालेका छन।<br>✓ समुदाय स्तरमा संक्रमितहरूलाई हेर्न दृष्टिकोण र व्यवहारमा परीवर्तन भईरहेको। |

| | | |
|---|---|---|
| | ART समिती संग बैठक | ✓ जिल्ला ART समितीको सक्रियतामा वृद्धिहुनुका साथै व्यवस्थित रूपमा संचालन भईरहेको ।<br>✓ डोटी जिल्लाका HIV संक्रमितहरूका समस्या समाधान गर्न, सेवा स्वास्थ्य<br>✓ केन्द्रसम्म पुर्‍याउन, सकारात्मक सोच विकास तथा CHBC सेवा प्रभावकारि बनाउन पहल गरिएको थियो । |
| | PLHA support group meeting | ✓ डोटी जिल्लामा क्रियाशील पि.एल.एच.ए सहयोगी समुहहरू वकालती अभियानमा सक्षम भईरहेका छन्। |

**यस कार्यक्रमवाट प्राप्त सिकाईहरू :**

१. CHBC सेवा दिन ART भर्खर शुरू गरेका तथा बढी विरामी तथा विभिन्न अवसरवादी संक्रमण भएका विरामी संग बढी भेटघाट आवश्यक हुन्छ ।
२. कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विभिन्न सरोकारवाला निकाय, संघ संस्था संग समन्वय, सहकार्य र सहयोग आवश्यक हुन्छ ।
३. सिकाईहरूलाई ब्यबहारमा लागुगर्नु सिकाई हो ।

**समस्याहरू :**

१. कार्यक्रमको क्रियाकलापमा लक्षित समूहहरूको सञ्जाल एकजुट नभएको हुदा समुदाय परिचालनमा अप्ठ्यारो भएको ।
२. स्वास्थ्य चौकी उप-स्वास्थ्य चौकी लगायतका स्यास्थ्य निकायहरूमा अवसरबादी संक्रकण ब्यवस्थापनका साथै यौन रोगका लागि औषधीको ब्यवस्था नहुनु ।
३. कार्यक्षेत्र बढी हुनुका साथै जनशक्ती कम हुनु ।
४. एआरटी लिन सदरमुकाम आउने जाने क्रममा संक्रमीतलाई गाडी भाडा प्रयाप्त नहुनु ।

**सुझावहरू: :**

१. स्वयंसेवकहरू परिचालन निर्देशिका तयार गर्दा काम गर्दा सजिलो हुनजानेछ ।
२. उप स्वास्थ्य चौकी र स्वास्थ्यचौकीहरूमा उपचारमा सहजता ल्याउन STI तथा अन्य औषधी पर्याप्त हुनुपर्ने ।

कार्यक्रमको नाम : ग्रामिण उर्जा बिकास कार्यक्रम
सहयोगी संस्था : जि.बि.स. डोटी/यु.एन.डि.पी.
संचालित मिति : २०६०/५/१ देखि २०६९/०३/३२ गते सम्म

| क्र.सं. | कार्यक्रम संचालित गा.वि.स. | मुख्य क्रियाकलापहरू | मुख्य उपलब्धीहरू |
|---|---|---|---|
| १ | डौड<br>सायली गाड दोस्रो लघु जलविद्युत परियोजना<br>२२ कि.वा. | ✓ समुदाय परिचालन ✓ लघु जलविद्युत<br>✓ वायो ग्यास ✓ सुधारीएको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास ✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ २७५ घरधुरीलाई विद्युत वितरण।<br>✓ ३५ वटा सुधारियको चुलो निर्माण।<br>✓ ५२ वटा शौचालय निर्माण।<br>✓ २४ वटा सामुदायिक संस्था गठन।<br>✓ १ वटा परियोजनाव्यवस्थापन समिति गठन।<br>✓ विश्व वातावरण दिवस मनाइयो।<br>✓ परियोजनालाईसहकारी संस्था ली. मा दर्ता गर्ने।<br>✓ विद्यार्थीहरूको पठनपाठनमा सजिलो।<br>✓ महिला तथा वालवालिकाको स्वस्थ्यमा सुधार। |
| २ | डौड<br>सानीगाड लघु जलविद्युत परियोजना<br>२२ कि.वा. | ✓ समुदाय परिचालन<br>✓ लघु जलविद्युत<br>✓ वायो ग्यास ✓ सुधारीयको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ पावरहाउसमा विद्युत परिक्षण सफल भएको।<br>✓ ३५ वटा सुधारियको चुलो निर्माण।<br>✓ २७ वटा शौचालय निर्माण।<br>✓ १ वटा कार्यसमुह गठन।<br>✓ बचत संकलन नियमित।<br>✓ १जना लाईअप्रेटर तालीम।<br>✓ विश्व वातावरण दिवस मनाइयो।<br>✓ गरिवि निवारण कोष संग सहकार्य गरी परियोजनामा १६००००० रकम अनुदान प्राप्त।<br>✓ विद्युत पोल गाड्ने कार्यसम्पन्न।<br>✓ १६७ घरमा हाउस वाइरीङको कार्यसम्पन्न। |
| ३ | तो्लेनी<br>सायली गाड लघु जलविद्युत परियोजना<br>१४ कि.वा. | ✓ समुदाय परिचालन<br>✓ लघु जलविद्युत ✓ वायो ग्यास<br>✓ सुधारीयको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ १६१ घरधुरीले विद्युत प्रयोग गरिरहेका।<br>✓ सायली गाड लघुजलविद्युत सहकारी संस्था लिमिटेड दर्ता गरिएको।<br>✓ रू ४३९३२ बचत संकलन गरि रू ४२२२७ विभिन्न<br>✓ आयमुलक क्रियाकलापमा लगानी गर्नेगरेका।<br>✓ विश्व वातावरण दिवस मनाइयो।<br>✓ कुटानी, पिसानी मिल स्थापना गर्न प्रकृया सुरू।<br>✓ विद्यार्थीहरूको पठनपाठनमा सजिलो।<br>✓ महिला तथा वालवालिकाको स्वस्थ्यमा सुधार। |

| | | | |
|---|---|---|---|
| | गडसेरा<br>गडसेरीगाड लघु जलविद्युत परियोजना<br>३५ कि.वा. | ✓ समुदाय परिचालन<br>✓ लघु जलविद्युत ✓ वायो ग्यास<br>✓ सुधारीयको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ परियोजनाको सफल परीक्षण भईविद्युत उत्पादन भइरहेको<br>✓ ३३० घरधुरीले विद्युत प्रयोग गरिरहेका<br>✓ २२ वटा सामुदायिक संस्था गठन गरि बचत संकलन कार्य भइरहेको<br>✓ विश्व वातावरण दिवस मनाइयो<br>✓ कुटानी, पिसानी मिल स्थापना गर्न प्रकृया सुरू व्यवस्थापन समिती गठन<br>✓ परियोजनालाईसहकारी संस्था ली मा दर्तागर्नप्रकृया सुरू<br>✓ विद्यार्थीहरूको पठनपाठनमा सजिलो<br>✓ महिला तथा वालवालिकाको स्वस्थ्यमा सुधार |
| | तो्लेनी<br>सायली गाड लघु जलविद्युत परियोजना<br>६३ कि.वा. | ✓ समुदाय परिचालन<br>✓ लघु जलविद्युत<br>✓ वायो ग्यास<br>✓ सुधारीएको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ परियोजनाको विस्तृत सर्भेक्षण कार्य सम्पन्न<br>✓ समुदाय परिचालन कार्यसुरू<br>✓ ६११ घरधुरीको तथ्यांक संकलन सम्पन्न<br>✓ ५०वटा सामुदायिक संस्था गठन<br>✓ आम भेला सम्पन्न ✓ कार्य समुह गठन<br>✓ इलेक्ट्रो मेकानीकल समाग्री ढुवानी गर्नेकार्य सम्पन्न<br>✓ स्थानीय सामाग्री संकलन गर्नेकार्य ससम्पन्न<br>✓ विश्व वातावरण दिवस मनाइयो<br>✓ कुलो निर्माण कार्य सम्पन्न<br>✓ गरीवि निवारण कोष संग सहकार्यगरी रू. ३३०००००।– अनुदान प्रप्त गरेको । |
| | सातफरी<br>टुना गाड लघु जलविद्युत परियोजना २५ कि.वा. | ✓ समुदाय परिचालन<br>✓ लघु जलविद्युत ✓ वायो ग्यॉंस<br>✓ सुधारीयको चुलो<br>✓ सोलार सहजीकरण<br>✓ संगठन विकास ✓ पुजीं परिचालन<br>✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन<br>✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ परियोजनाको विस्तृत सर्भेक्षण कार्यसम्पन्न ।<br>✓ समुदाय परिचालन कार्यसुरू<br>✓ २२८ घरधुरीको तथ्यांक संकलन सम्पन्न<br>✓ २० वटा सामुदायिक संस्था गठन<br>✓ कम्पनी संग इलेक्टो मेकानीकल समाग्री खरीदकालागी सम्फौता सम्पन्न<br>✓ कुलो निर्माणको कार्य भैरहेको<br>✓ सामुदायिक संस्थाका अध्यक्ष तथा मैनेजरका लागी सामुदायिक संस्था व्यवस्थापन तालीम सम्पन्न ।<br>✓ नर्सरी स्थापन गर्नकालागी नर्सरी धनीको छनौट । |

| | | | |
|---|---|---|---|
| | डौड<br>सायली गाड चौथो लघु जलविद्युत प्रणाली<br>१२ कि.वा. | ✓ समुदाय परिचालन ✓ लघु जलविद्युत<br>✓ वायो ग्यास ✓ सुधारीएको चुलो<br>✓ सोलार सहजीकरण ✓संगठन विकास<br>✓ पुजीं परिचालन ✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन ✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ परियोजनाको विस्तृत सर्भेक्षण कार्य सम्पन्न<br>✓ समुदाय परिचालन कार्यसुरू<br>✓ १०० घरधुरीको तथ्यांक संकलन सम्पन्न<br>✓ सामुदायिक संस्था गठन कार्य सुरू<br>✓ आम भेला सम्पन्न<br>✓ इलेक्टो मेकानीकल समाग्री खरीदकालागी कम्पनिहरू संग कोटेसन माग भैरहेको । |
| | डौड<br>सायली गाड पाचौलघु जलविद्युत परियोजना<br>११ कि.वा. | ✓ समुदाय परिचालन ✓ लघु जलविद्युत<br>✓ वायो ग्यास ✓ सुधारीएको चुलो<br>✓ सोलार सहजीकरण ✓संगठन विकास<br>✓ पुजीं परिचालन ✓ सीप विकास<br>✓ प्रविधी प्रवर्द्धन ✓ वातावरण संरक्षण<br>✓ जोखिममा रहेका समुदायको सशक्तिकरण | ✓ परियोजनाको विस्तृत सर्भेक्षण कार्यसम्पन्न ।<br>✓ समुदाय परिचालन कार्यसुरू ।<br>✓ १०० घरधुरीको तथ्यांक संकलन सम्पन्न<br>✓ सामुदायिक संस्था गठन कार्यसुरू<br>✓ आम भेला सम्पन्न<br>✓ इलेक्टो मेकानीकल समाग्री खरीदकालागी कम्पनिहरू संग कोटेसा माग भैरहेको । |

**१. कार्यक्रमवाट प्राप्त सिकाईहरू :**

१. स्थानिय श्रोत साधनको प्रयोगबाट परियोजना निर्माण गर्न सकिनेरहेछ ।

२. समुदाय परिचालन बाट बढी भन्दा बढी जनश्रमदान गरि परियोजना निर्माण गर्न सकिने रहेछ ।

३ सामुदायिक संस्थालाई कामको बाडफाडगरि जिम्मेवारी दिएमा जनश्रमदानको कार्य समयमै सिद्धिने रहेछ ।

**२ समस्या :**

१. परियोजना सम्पन्न गर्न बैक ऋण लिनुपर्ने भएकोले स्थानीय जनताबाट जग्गाधनी प्रमाण पत्र संकलन गर्न समस्या ।

२ कम्पनीबाट प्राविधिक समयमा नआइदीदा कार्ययोजना अनुसार काम गर्न नसकिएको ।

३. परियोजना सम्पन्न गर्न उपभोक्ताहरूले प्रत्यक घरबाट नगद समेत उठाउनुपर्ने भएकोले समस्या ।

**३. सुझावहरू: :**

१. लघु जलविद्युत परियोजना निर्माणमा नेपाल सरकारले दिने सामान ढुवानी अनुदान बढाउनुपर्ने ।

२. कम्पनीबाट प्राविधिक समयमा आउनकालागि जिविस जिल्ला उर्जा तथा वातावरण शाखाले समन्वयात्मक भूमिका खेलेमा राम्रो हुने थियो ।

**कार्यक्रमको नाम : ग्रामीण पहुच कार्यक्रम दोस्रो चरण**
**सहयोगी संस्था : ग्रामीण पहुच कार्यक्रम दोस्रो चरण**
**संचालित मिति : २०६९/४/ १ गते देखि २०७० पौष सम्म**

| क्र. सं. | कार्यक्रम संचालित गा.वि.स. | मुख्य क्रियाकलापहरू | मुख्य उपलब्धीहरू |
|---|---|---|---|
| १ | डौड/तोलेनी | सनिस गठन तथा सनिस परिचालन | ५५ वटा सनिसहरू सडक निर्माण कार्यमा संलग्न भई सडक निर्माण कार्यमा संलग्न भइरहेका । |
| २ | डौड/तोलेनी | स्थानीय उपभोक्ता समिति गठन | डौंडमा १, तथा दुईतोलेनी खण्डमा गरि ३ वटै उपभोक्ता समिति अन्तरगत सडक निर्माण कार्य जारी रहेको छ । |
| ३ | डौड/तोलेनी | स्थानीय सडक समन्वय समिति गठन | स्थानीय स्तरमा देखिएको जग्गाको विवादहरू समन्वय समितिको पहलमा समाधान हुंदै आएको छ । |
| ४ | डौड/तोलेनी | सडक निर्माण कार्यमा सनिस तथा विनिस परिचालन | सडक निर्माण कार्यमा संलग्न भई१०६३ जनाले अस्थायी रोजगारी प्राप्त गरेको |
| ५ | डौड/तोलेनी | सार्वजनिक लेखा परिक्षण | ग्रामीण पहुच कार्यक्रमको सार्वजनिक लेखा परिक्षणकार्य प्रक्रिया तथा महत्व एवं फाईदा बारे समुदायलाई जानकारी एवं अनुभव प्राप्त |
| ६ | डौड/तोलेनी | शिशु स्याहार केन्द्र संचालन | डौड तथा तोलेनी खण्डका सनिसक सदस्यहरूको ५ बर्षभन्दा कमउमेरका १४५ शिशुिहरू लाई ८ क्षेत्रमा ८ महिला शिक्षिका सहजकर्ताद्धारा शिशु स्याहार केन्द्र डौड १ तथा ७ तोलेनी खण्डमा संचालनमा रहेको । |
| ७ | डौड/तोलेनी | सुरक्षा सामाग्री तालिम | ३ वटै उपभोक्ता समितिका सनिस तथा विनिसमा सुरक्षा सामाग्री अभिमूखि सम्बन्धी तालिम जसमा हेलमेट, बुट, पंजा, मास्क, चश्मा तथा औजार तथा उपकरण बारे जानकारी प्राप्त भएको छ । |
| ८ | डौड/तोलेनी | समुह ब्यबस्थापन नेतृत्व विकास पुर्नताजगी तालीम | ५४ वटा सनिसहरू नियमीत वैठक वसि संस्थागत विकास तर्फ उन्मुख |
| ९ | डौड/तोलेनी | विवाद ब्यवस्थापन पुर्नताजगी तालिम | १५१ सनिस मध्येका दलित १२ पुरूष र ११ दलित महिला तथा अन्य १२८ जना सनिस सदस्यहरू समुह स्तरका विवाद समाधान गर्न सक्षम |
| १० | डौड/तोलेनी | वचत तथा ऋण ब्यवस्थापन तालिम | ५४ वटा सनिसका सदस्यहरू बचत तथा ऋण तालिम पश्चात, बचत र ऋण परिचालन प्रकिया तथा त्यस सम्बन्धी ज्ञानमा अभिबृद्धि गरेका छन् । |
| ११ | डौड/तोलेनी | वचत तथा ऋण परिचालन सामग्री वितरण | ५४ वटा सनिसहरूले रू.५०,००००। लाख भन्दा बढी वचत गरी ऋण लगानीगरि रहेका छन् । |

| | | | |
|---|---|---|---|
| १२ | डौड/तोलेनी | गैह्र कृषिजन्य सीप मुलक तालिम | फर्निचर बनाउने, सुचिकार तथा टेलरिङ. सम्वन्धी २० दिने तालिम ६ ६ जना पुरुष एवं पाक शिक्षा सम्बन्धि ५ जना पुरुषले ७ दिने तालिम गैह्र कृषि क्षेत्रमा संचालन गरी पेशागत सीपमा अभिबृद्धि गरेका छन । |
| १३ | डौड/तोलेनी | बाख्रा पालनमा उन्नत जातको नश्ल सुधारकालागि वोका वितरण | १० वटा बोका वितरण (डौड खण्डमा ४ वटा र तोलेनी खण्डमा ६ वटा बोका वितरण) |
| १४ | डौड/तोलेनी | स्थानीय स्रोत ब्यक्ति छनौट तथा तालिम | तरकारीमा ९ जना तथा २ जना ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताहरू सनिसको सेवामा परिचालित एवं तिनीहरूलाई आवश्यक तालिम एवं अभिमुखिकरण गोष्ठी भएका छन् । |
| १५ | डौड/तोलेनी | तरकारी खेतिका लागि सहयोग | डौड तथा तोलेननी ३४ जनाले नमुना तरकारी प्रदर्शन गरेका छन् । |
| १६ | डौड/तोलेनी | स्थानिय स्रोत व्यक्तिहरूको परिचालन | स्थानिय स्रोत व्यक्तिहरूले तरकारी खेती सम्वन्धी विविध ज्ञान हासिल गरी २१ वटा बाख्रा पालन, सनिसले उनीहरूको रेखदेखमा गर्दैआएका छन् |
| १७ | डौड/तोलेनी | नर्सरी पाईप वितरण | स्थानिय ९ जना स्रोत व्यक्तिहरूलाई गार्डेन पाईप सेतो उपलब्ध १३ ठाउंमा गराईएको छ । |
| १८ | डौड/तोलेनी | स्थानीय स्रोत ब्यक्ति विकास तालिम | ९ जना स्थानीय स्रोत ब्यक्ति निर्माण गरि मौसमी तथा बेमौसमी तरकारी खेती, रोग किरा, उपचार तथा उत्पादन बृद्धि बारे तालिम संचालन ९ जना स्थानीय स्रोत ब्यक्तिहरू तरकारी उत्पादन सम्बन्धी तालिम दिन सक्षम भए |
| १९ | डौड/तोलेनी | स्थानिय स्तरका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताद्धारा पशु स्वास्थ्य अभिमूखिकरण तालिम तथा रोग एवं उपचार बारे जानकारी | यस अवधिमा ९२९ बाख्रामा जुकाको औषधी खुवाईएको छ । डौडमा १२ दिन र तोलेनीमा १५ दिन पशु स्वास्थ्य कार्यकर्तापरिचालन भई५६७ जना सनिसका सदस्यहरूले प्रत्यक्ष्य फाईदा लिएका छन् । |
| २० | डौड/तोलेनी | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताद्धारा सनिसमा सेवा प्रदान | यस अवधीमा ८०७ जनाले पशूस्वास्थ्य सम्वन्धी प्रत्यक्ष सेवा लिएका छन्। |

**२. यस कार्यक्रमवाट प्राप्त सिकाईहरू :**

स्थानीय समुदायको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्दा वढी प्रभावकारी एवं भरपर्दो हुदो रहेछ।
महिला तथा पुरूषको वरावर सहभागीताले गर्दा समुदायमा सम विकासको भावना जागृत गराएको छ।
काम गरे वापत पैसा पाउने भएकाले सामाजिक परिचालन गर्न सजिलो र कार्यक्रम प्रति सहजता एवं अपनत्वमा बृद्धि भएको छ।

**३. आइपरेका समस्याहरू र समाधानका प्रयासहरू :**

सुरक्षा सामग्रीको अभावमा कामदारलाई चोटपटक लाग्ने गरेको।
सडक निर्माणका क्रममा प्रति समुहमा २० जना भन्दा वढि कामदार आउन खोज्नु।
स्थानीय जनताको सडक प्रति स्वामीत्वको भावनाको अभाव भएकोले जनचेतनतामा बृद्धी गर्न पहल गरिएको।

कार्यक्रमको नाम : महिला स्वास्थ्य कार्यक्रम
सहयोगी संस्था : पि.एस.आई. नेपाल

| कार्यक्रम संचालित गा.वि.स. | मुख्य क्रियाकलापहरू | मुख्य उपलब्धीहरू |
|---|---|---|
| कलेना,रानागाउ,भुमीराज माण्डौ,कफल्लेखी र दिपायल सिलगढी नगरपालीका | ✓ निजी स्वास्थय संस्था (Private Medical) मा कार्यरत अ.न.मी हरूलाई आधारभुत कपरटी जडान (IUCD Onsertio) तालीम ।<br>✓ समुदाय परिचालीका (दिदी) हरूलाई परिवार नियोजनका अस्थायी प्रयोग आधारभुत परामर्सतालीम ।<br>✓ प्रजनन योग्य उमेरका दम्पतिहरू विचमा सेवा प्रदायक द्धारा भलाकुसारी वैठक ।<br>✓ विभिन्न जनचेतना मुलक कार्यक्रमहरू ।<br>✓ जिल्ला तथा गाउ स्तरका बिभिन्न सरोकारवाला निकाय संग बैठक ।<br>✓ जिल्ला तहका सरोकारवाला सरकारी तथा गैर सरकारी निकायसंग समिक्षा गोष्ठि ।<br>✓ यौनरोग को औषधी (STI Kit) सहयोग । | ✓ जिल्लामा ५ वटा मेडीकल हरूमा कार्यरत अ.न.मी (स्वास्थ्य कार्यकर्ता) लाई आइयुसिडी तालीम प्रदान ।<br>✓ २० जना दिदी लाईपरिवार नियोजनका वारेमा तालीम ।<br>✓ ११४३४ जना महिलालाईघरदैलो भेटघाट गरि परिवार नियोजनका साधनहरूका वारेमा जानकारी ।<br>✓ ९५६ जना महिलालाई अस्थायी साधन कपरटी प्रयोग का लागी निजि स्वास्थ्य संस्था (Private Medical) मा रेफर ।<br>✓ १४७ जना लाईआइयुसिडी को सेवा ।<br>✓ जिल्ला स्थित सरोकारवाला निकायसंग निरन्तर वैठक ।<br>✓ जिल्ला स्वास्थ्य कार्यालय संग सहकार्य गरी मनाईएकाले सम्पर्क समन्वयमा वृद्धि ।<br>✓ ४९ जना महिलालाई यौनरोग को औषधी (STI Kit) सामाग्री बितरण । |

**सिकाईहरू**

✓ विभिन्न खालका वैठक भलाकुसारी, Advocacay वैठक तथा जनचेतनामुलक क्रियाकलापहरूले परिवार नियोजनको लामो साधन आइयुसिडिको प्रयोगमा वृद्धि ।

✓ सामाजीक परिचालक (दिदी)को घरदैलो भेटघाट कार्यक्रमले प्रयोगकर्ताहरूको परिवार नियोजनका साधनकावारे मा आफै छान्न पाउने अधिकार (Right to Inform Choice) मा बृद्धि ।

✓ जिल्ला स्थित सरोकावाला निकायहरूसंगको नियमित वैठक तथा भेटभाट कार्यक्रमले कार्यक्रमकावारेका सुभावहरूले गर्दा कार्यक्रमको प्रगती तथा भावी कार्यक्रम तयार गर्नसजिलो ।

**समस्याहरू :**

✓ भौगोलीक कठीनाईका कारणले परिवार नियोजनका लामो समय सम्म काम गर्ने साधनहरू जस्तै आयूसिडी, नरप्लाण्ट वारेमा जानकारी दिन कठिनाई मौषमी वसाई सराई

✓ स्थानीय स्तरमा परिवार नियोजनका सधानहरू डिपोप्रोभेरा, पिल्स, तथा कण्डम को मात्र उपलब्धता भएकाले लामो साधनहरूका वारेमा गलत धारणा।

✓ परिवार नियोजनका साधन प्रयोगमा पुरूषको वढि निर्णय हुने भएकाले महिलाले inform choice गर्न नपाउने ।

✓ जिल्लामा आयुसिडि तथा नरप्लाण्ट प्रयोग गर्नसिकाउनका लागी आवस्यक दक्ष जनसक्ति (on site coach) को ब्यावस्था गर्न गाह्रो तथा उपलधता नहुनु ।

✓ वढी यौनरोग को समस्या ।

कार्यक्रमको नाम : आयोडिनयुक्त नुनको सामाजिक वजारिकरण अभियान
सहयोगी संस्था : युनिसेफ
संचालित मिति : २०६९ आषाढ देखि २०६९ मंसिर सम्म

| सि.नं. | क्रियाकलापहरू | परिमाण | स्थान | उपलब्धीहरू |
|---|---|---|---|---|
| १ | केन्द्रिय योजना तर्जुमा वैठक | १ पटक | काठमाण्डौं | ✓ सम्पर्क समन्वयमा बृद्धी |
| २ | जिल्ला स्तरिय योजना तर्जुमा वैठक | १ पटक | सिलगढी | ✓ कार्यक्रमको वारेमा जानकारी प्रदान ✓ सम्पर्क समन्वयमा बृद्धी |
| ३ | घरधुरी सर्भेक्षण | ५० गा.वि.स र १ न.पा. | समुदायमा | ✓ १०१९ घरधुरीमा नुन उपभोग अवस्था पहिचान<br>✓ समुदायमा आयोडिनयुक्त नूनको वारेमा प्रचार प्रसारमा बृद्धी |
| ४ | गा.वि. स.स्तरिय परिचयात्मक कार्यक्रम | ५० गा.वि.स | समुदायमा | ✓ कार्यक्रमको वारेमा जानकारी<br>✓ १३६७ जना प्रत्यक्षरूपमा सहभागी |
| ५ | गा.वि. स.स्तरिय कोर समुहहरू गठन | ५३ गा.वि.स | समुदायमा | ✓ समुदायमा सक्रियता वढेको<br>✓ ५० समुहका ५१७ जना सहभागी भई जनचेतनामा बृद्धी |
| ६ | सडक नाटक प्रदर्शन | २२ स्थानमा | समुदायमा | ✓ जनचेतना अभिबृद्धी ✓ १७ स्थानका ७०४०२ जना सहभागी |
| ७ | बिद्यालयहरूमा आयोडिनको कमीले हुने गडवडी सम्वन्धी कक्षाहरू संचालन | ४४ विद्यालय | विद्यालय | ✓ जनचेतना अभिबृद्धी<br>✓ १७ विद्यालयका १४३९ विद्यार्थीले जानकारी प्राप्त गरे |
| ८ | वजार सर्भेक्षण | ३० स्थानमा | स्थानिय वजारमा | ✓ स्थानिय ब्यापारीहरू दुईवालवालिका चिन्ह भएको नूनको बिक्री वितरणगर्न सहमत ✓ डिपो,डिलर र खुद्रा गरि ३२ वटा को बिक्री बिवरण र अन्तरक्रिया सम्पन्न |
| ९ | आयोडिनको मात्रा जाच | २०३ स्थानमा | प्रत्येक क्रियाकलाप को अन्त्यमा | ✓ आयोडिन को अवस्थाका वारेमा जानकारी ✓ २०३ स्थानमा २१३२७ जनाले प्रत्यक्षरूपमा आयोडिनको मात्राका वारेमा जानकारी पाए |
| १० | सन्देश प्रशारण (नेपाली र स्थानिय भाषा) | ८९३ पटक | सुदुर आवाज ६ पटक | ✓ आयोडिनका फाईदाका बारेमा जानकारी<br>✓ सुदुरपश्चिमका ५ जिल्लाका लगभग ५५,००० घरधुरीले |
| ११ | महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पोषण एवं आयोडिन कार्यक्रम | १ पटक | समुदायमा मंगलसैन | ६ स्थानमा ११९ जनाले आयोडिनको फाईदाका बारेमा जानकारी पाए |
| १२ | अनुभव भ्रमण (बाह्य) | १ पटक | सिलगढी | कार्यक्रमलाई सल्लाह र सुझाव प्रदान<br>संस्था र कर्मचारीको क्षमता अभिबृद्धीमा सहयोग |
| १३ | अनुगमन संस्थाद्धारा | निरन्तर | समुदाय र सिलगढी | कार्यक्रमलाई प्रभावकारी वनाउन सहयोग |
| १४ | सुचना सामाग्री बितरण | निरन्तर | सदरमुकाम समुदायमा | आयोडिनका फाईदाका वारेमा जानकारी |
| १५ | सम्पर्क समन्वय | निरन्तर | सदरमुकाम र समुदायमा | कार्यक्रम संचालनका लागि सल्लाह र सहयोग |
| १६ | केन्द्रिय स्तरमा समिक्षा गोष्ठि | १ पटक | काठमाण्डौं | कार्यक्रमको पुनरावलोकन एवं समिक्षा<br>सिकाई आदान प्रदान एवं भावी दिनका लागि मार्गनिर्देशन |

**जिल्ला : अछाम**

| सि.नं. | क्रियाकलापहरू | परिमाण | स्थान | उपलब्धीहरू |
|---|---|---|---|---|
| १ | केन्द्रिय योजना तर्जुमा वैठक | १ पटक | काठमाण्डौं | ✓ सम्पर्क समन्वयमा बृद्धी |
| २ | जिल्ला स्तरिय योजना तर्जुमा वैठक | १ पटक | मंगलसेन | ✓ कार्यक्रमको बारेमा जानकारी प्रदान ✓ सम्पर्क समन्वयमा वृद्धि |
| ३ | घरधुरी सर्भेक्षण | ५३ गा.वि.स | समुदायमा | ✓ अवस्था पहिचान<br>✓ समुदायमा आयोडिनयुक्त नूनको वारेमा प्रचार प्रसारमा बृद्धी |
| ४ | गा.वि. स.स्तरिय परिचयात्मक कार्यक्रम | ५० गा.वि.स | समुदायमा | ✓ कार्यक्रमको वारेमा जानकारी ✓ १३६७ जना प्रत्यक्षरूपमा सहभागी |
| ५ | गा.वि. स.स्तरिय कोर समुहहरू गठन | ५३ गा.वि.स | समुदायमा | ✓ समुदायमा सक्रियता वढेको✓५३ समुहका ७८३जना सहभागी भई जनचेतनामा बृद्धी |
| ६ | सडक नाटक प्रदर्शन | १७ स्थानमा | समुदायमा | ✓ जनचेतना अभिबृद्धी ✓१७ स्थानका ७०४०२ जना सहभागी |
| ७ | विद्यालयहरूमा आयोडिनको कमिले गडवडी सम्बन्धी कक्षाहरू संचालन | १७ विद्यालय | विद्यालय | ✓ जनचेतना अभिबृद्धी<br>✓ १७ बिध्यालयका १४३९ विद्यार्थीले जानकारी प्राप्त गरे |
